फागुन - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क २२ | २०७५, फागुन १६-३० | पूर्णाङ्क ६४०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १० | इजलास नं. १० | ९ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | ९ |
| इजलास नं. २ | ३ | इजलास नं. १२ | ३ |
| इजलास नं. ३ | ४ | इजलास नं. १३ | ४ |
| इजलास नं. ४ | १ | इजलास नं. १४ | २ |
| इजलास नं. ५ | ५ | इजलास नं. १६ | २ |
| इजलास नं. ६ | १२ | इजलास नं. १७ | ३ |
| इजलास नं. ७ | १० | एकल इजलास | १ |
| इजलास नं. ८ | ८ | | |
| इजलास नं. ९ | ५ | | |
| जम्मा | ६२ | जम्मा | ३३ |

**कूल जम्मा ६२ + ३३ = ९५**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि
हालसम्म)
हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, फागुन – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - ७ |
| १. | उत्प्रेषण | अरूण खड्कासमेत वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत | |
| २. | उत्प्रेषण | बसन्तबहादुर श्रेष्ठ वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरसमेत | |
| ३. | उत्प्रेषण | दीपककुमार मण्डल वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | |
| ४. | जबरजस्ती करणी | दण्डपाणी ढकाल वि. नेपाल सरकार | |
| ५. | परमादेश तथा निषेधाज्ञा | श्रीतेज रावलसमेत वि. मल्ल निर्माण सेवासमेत | |
| ६. | उत्प्रेषण / परमादेश | लक्ष्मीलाल महर्जन वि. नेपाल टेलिकमसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | दिव्या रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| इजलास नं. १ | | | ८ - ११ |
| ८. | रोक्का बदरसमेत | अर्चना अग्रवाल वि. नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडसमेत | |
| ९. | मोही नामसारी | रजाई भन्ने राजेश साह वि. अमृतरत्न शाक्य | |

| | | | |
|---|---|---|---|
| १०. | निषेधाज्ञा | कृष्णबहादुर तिमल्सिना खत्री वि. शारदादेवी युवा क्लबसमेत | |
| ११. | उत्प्रेषण | कृष्णप्रसाद सिग्देलसमेत वि. कुलपति, पूर्वाञ्चल विश्वविद्यालयसमेत | |
| इजलास नं. २ | | | ११ - १३ |
| १२. | बन्दी प्रत्यक्षीकरण | धनबहादुर मुखिया वि. जिल्ला कारागार कार्यालय, पाँचथर फिदिमसमेत | |
| १३. | जबरजस्ती करणी | नेपाल सरकार वि. श्रीमती पार्वती शाह महर्जनसमेत | |
| १४. | लागु औषध खैरो हिरोइन | रमेश लामा वि. नेपाल सरकार | |
| इजलास नं. ३ | | | १३ - १६ |
| १५. | जबरजस्ती करणी | नेपाल सरकार वि. रूपबहादुर सुनार | |
| १६. | ठगी | विष्णुप्रसाद पाण्डे वि. नेपाल सरकार | |
| १७. | बहुविवाह | नेपाल सरकार वि. रिता देवी देवसमेत | |
| १८. | उत्प्रेषण / परमादेश | लक्ष्यप्रसाद रिजालसमेत वि. मालपोत कार्यालय, बाँकेसमेत | |
| इजलास नं. ४ | | | १६ - १७ |
| १९. | लेनदेन | उमेशप्रसाद चौधरी भन्ने उमेशकुमार चौधरी (कुर्मी) वि. पुजारी कुर्मी | |

| | | |
|---|---|---|
| **इजलास नं. ५** | | **१७ - २०** |
| **२०.** | निषेधाज्ञा / परमादेश | जिवछी देवी तेलीसमेत वि. अमिरीलाल साहसमेत |
| **२१.** | भ्रष्टाचार | नेपाल सरकार वि. वामदेव झवालीसमेत |
| **२२.** | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. नारायणप्रसाद रिमालसमेत |
| **२३.** | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. प्रदिपकुमार चौधरीसमेत |
| **२४.** | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. नगनारायण सिंहसमेत |
| **इजलास नं. ६** | | **२० - ३०** |
| **२५.** | लिखत दर्ता बदर दर्ता | हरेन्द्र महतो वि. कलावती देवी |
| **२६.** | जबरजस्ती करणी | नेपाल सरकार वि. जितेन राई |
| **२७.** | जबरजस्ती करणी | माइला भन्ने कृष्णकुमार कार्की वि. नेपाल सरकार |
| **२८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रत्ना कोइराला |
| **२९.** | लागु औषध | नेपाल सरकार वि. सोनी मिश्र |
| **३०.** | जबरजस्ती करणी | नेपाल सरकार वि. रामलाल यादव भन्ने गौतमकुमार यादव |
| **३१.** | चोरी | नेपाल सरकार वि. इन्दिरा ढकाल |

| | | |
|---|---|---|
| **३२.** | जालसाजी | भीमदत्त श्रेष्ठ वि. लोकमान श्रेष्ठ |
| **३३.** | जबरजस्ती करणी | नेपाल सरकार वि. शेरबहादुर गुरूङ |
| **३४.** | अपहरण तथा ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. पर्शुराम बस्नेतसमेत |
| **३५.** | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. मोहन बैगार |
| **इजलास नं. ७** | | **३० - ३६** |
| **३६.** | उत्प्रेषण | नन्दकुमार बस्नेत वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय, पुल्चोकसमेत |
| **३७.** | उत्प्रेषण / परमादेश | शोभाचन्द्र मिश्रसमेत वि. प्रा.डा.बुलन्द थापासमेत |
| **३८.** | जबरजस्ती करणी | सुरेश परियार वि. नेपाल सरकार |
| **३९.** | डाँका तथा ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. प्रमोदकुमार यादवसमेत |
| **४०.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. झोपे भन्ने दिपककुमार मण्डल |
| **४१.** | ठगी | नेपाल सरकार वि. नानु गुरूङ |
| **४२.** | उत्प्रेषण | रामपतप्रसाद पटेलसमेत वि. जिल्ला सुकुम्बासी समस्या समाधान, जिल्ला समिति रौतहट गौरसमेत |

| | | |
|---|---|---|
| ४३. | सार्वजनिक निकास बाटो खिचोला मेटाई निकास खुलाई सार्वजनिक बाटो कायम गरी चलन चलाई पाउँ | गोपालप्रसाद यादव वि. उत्तमप्रसाद यादवसमेत |
| ४४. | सार्वजनिक जग्गा खिचोला घर उठाई चलन | सितावी राय यादवसमेत वि. ईश्वरदयाल प्रसाद यादवसमेत |
| ४५. | दूषित अंश छोडपत्र लिखत बदर | राजु मानन्धरसमेत वि. सुनिता मानन्धर |
| **इजलास नं. ८** | | **३६ - ३९** |
| ४६. | मोही नामसारी | मुन्दर कुमारी वि. रजिया देवी नुनियाइन |
| ४७. | उत्प्रेषण | श्रीकृष्ण परियार वि. घनश्याम ठकुरीसमेत |
| ४८. | मोही नामसारी | बलिरामप्रसाद साह तेलीसमेत वि. श्यामकृष्ण महर्जन |
| **इजलास नं. ९** | | **३९ - ४३** |
| ४९. | उत्प्रेषण | विरेन्द्रकुमार सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ५०. | सार्वजनिक पोखरी जग्गा खिचोला चलन | सुरेन्द्रप्रसाद साहसमेत वि. मानवीर सहनी |
| ५१. | जालसाजी | भरत विष्ट वि. मैया विष्टसमेत |
| ५२. | अंश चलन | अलिअहमद कवडिया वि. अमानतुल्ला कवडिया |
| ५३. | उत्प्रेषण | विमला तुम्बाहाम्फेसमेत वि. मालपोत कार्यालय, ताप्लेजुङसमेत |
| **इजलास नं. १०** | | **४४ - ४९** |
| ५४. | आयकर (०५९/०६०) | ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. अन्नपूर्ण भेजिटेबल प्रोडक्ट्स प्रा.लि. |
| ५५. | उत्प्रेषण | सरस्वतीदेवी चाइन वि. पुनरावेदन अदालत, हेटौंडासमेत |
| ५६. | लेनदेन | राजेन्द्रप्रसाद यादवसमेत वि. तुल्सीराम यादव |
| ५७. | उत्प्रेषण | इन्दु कोइराला वि. श्रम अदालत, अनामनगरसमेत |
| ५८. | लागु औषध चरेस | मदन ऐडी भन्ने थोले ऐडी वि. नेपाल सरकार |
| **इजलास नं. ११** | | **४९ - ५२** |
| ५९. | अपुताली हक कायम | मधुकर मनोहर सिंह वि. राजेश्वरप्रसाद सिंह |

| | | |
|---|---|---|
| ६०. | जबरजस्ती करणी | नेपाल सरकार वि. लालबहादुर शाही |
| ६१. | धनमाल | गणेशबहादुर थापा वि. लक्ष्मीप्रसाद खत्रीसमेत |
| ६२. | जग्गा खिचोला चलन | नारायणमान श्रेष्ठ वि. टिका भण्डारीसमेत |
| **इजलास नं. १२** | | **५२ - ५४** |
| ६३. | बन्दी प्रत्यक्षीकरण | मोहनबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ६४. | सवारी ज्यान | नेपाल सरकार वि. शान्ता चौधरी |
| ६५. | अदालतको अवहेलना | वसनारायण महर्जनसमेत वि. पद्मा माथेमासमेत |
| **इजलास नं. १३** | | **५४ - ५६** |
| ६६. | परमादेश | रिताकुमारी दत्त वि. गृह मन्त्रालय, सिंहदरबारसमेत |
| ६७. | टहरा भत्काई बाटो निकास खुलाई पाउँ | प्रमिलादेवी ठाकुर वि. उमानाथ रिजाल |
| **इजलास नं. १४** | | **५६ - ५७** |
| ६८. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. अमित सागर लामासमेत |
| ६९. | स्रेस्ता अद्यावधिक (टिप्पणी र आदेश) बदर जग्गा खिचोला चलन | मो. हुसेन हलवाई वि. पहलाद अहिर |
| **इजलास नं. १६** | | **५७ - ५८** |
| ७०. | ज्यान मार्ने उद्योग र डाँका | नेपाल सरकार वि. सीता वि.क.समेत |
| ७१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अष्टभुजा शुक्लसमेत |
| **इजलास नं. १७** | | **५८ - ६०** |
| ७२. | जबरजस्ती करणी | दिनेश वादीसमेत वि. नेपाल सरकार |
| ७३. | उत्प्रेषण / परमादेश | जितबहादुर महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत |
| **एकल इजलास** | | **६०** |
| ७४. | उत्प्रेषण / परमादेश | डिना महर्जनसमेत वि. गोपाल महर्जनसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०६५९, उत्प्रेषण, *अरूण खड्कासमेत वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत*

विद्यालयले मिति २०७१।२।४ मा विद्यालय व्यवस्थापन समितिका संयोजक देवन चौधरीको संयोजकत्वमा बसेको अभिभावकको भेला बैठकबाट विद्यालय व्यवस्थापन समिति गठनसम्बन्धी आवश्यक छलफल गरी सोही विद्यालयका अभिभावक श्री मो. हविवुल्ला अन्सारीलाई समितिको अध्यक्षमा सर्वसम्मत चयन गरिएको र अध्यक्षले तीन जना सदस्य मनोनयन गरी उपस्थित भेलाका ८० जना अभिभावकहरूले हस्ताक्षर गरी सर्वसम्मत रूपमा सबै प्रक्रिया र कार्यविधि पूरा गरी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको मनोनयन गरिएको माइन्युटसहितका कागजातहरू लिखित जवाफसहित पेस भएको प्रतिलिपिबाट देखिने।

विद्यालय व्यवस्थापन समिति गठन गर्दा अभिभावकहरूको भेलाबाट सर्वसम्मत रूपमा गठन भएको देखिँदा रिट निवेदकहरूले निवेदनमा उठाएकोजस्तो कार्यविधि नै पूरा नभई गठन भएको भन्ने निवेदन जिकिर औचित्यपूर्ण नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-WO-०००६, उत्प्रेषण, *बसन्तबहादुर श्रेष्ठ वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरसमेत*

उच्च माध्यमिक शिक्षा परिषद्बाट उच्च माध्यमिक तहको अध्यापन गर्न सम्बन्धन प्रदान गरिएको रिट निवेदक प्राचार्य रहेको अमर आदर्श आवासीय उच्च मा.वि. नयाँ बानेश्वरसमेतका देशभरका ७२ वटा विद्यालयहरूले विगत २।३ वर्षदेखि नियमित रूपमा अध्ययन अध्यापन नगरे नगराएका कारण परिषद्को १८२ औं बैठकको निर्णयबमोजिम त्यस्ता नियमित पठनपाठन नगराउने विद्यालयहरूको सम्बन्धन खारेजीको प्रक्रिया अगाडि बढाउने भनी मिति २०७२।३।७ को गोरखापत्र दैनिकमा सूचना प्रकाशित भएको र सो सूचनामा विद्यालय खारेज नहुनुपर्ने कुनै कारण भए प्रमाणसहित १५ दिनभित्र स्पष्टीकरण पेस गर्न सूचित गरिएकोमा निजले स्पष्टीकरण पेस गरेको भए तापनि सूचनामा माग भएबमोजिम विगत २।३ वर्षमा कक्षा ११ र १२ मा यी विद्यार्थीहरू रजिस्ट्रेसन गरी पठनपाठन गराएको भनी नामसम्म उल्लेख गर्न सकेको अवस्था नदेखिने।

निवेदकले विगत लामो समयदेखि कक्षा ११ र १२ का कुनै पनि कक्षाहरू सञ्चालन नगरी परिषद्ले उपलब्ध गराएको सम्बन्धनलाई गम्भीर रूपमा नलिएकोले उक्त सम्बन्धन खारेज गर्ने वा नगर्ने भन्ने सम्बन्धमा यी निवेदकले बुझाएको स्पष्टीकरणसमेतको अध्ययन गरी सो समितिले पेस गर्ने प्रतिवेदनको आधारमा निवेदक प्राचार्य रहेको विद्यालयको सम्बन्धन कायम रहने वा नरहने भन्ने विषयमा निर्णय हुन बाँकी नै रहेको अवस्थामा सो विद्यालयको सम्बन्धन खारेज हुन्छ भन्ने पूर्वानुमान गरी यो रिट निवेदन दायर हुन आएको अवस्था देखिने।

अतः मिति २०७२।३।७ मा विपक्षी उच्च माध्यामिक शिक्षा परिषद्बाट स्पष्टीकरण पेस गर्ने सूचना प्रकाशित भएपश्चात् स्पष्टीकरण पेस गरिसकेको तर यसमा निर्णय हुन बाँकी नै देखिएको, यस विषयमा वस्तुनिष्ठ निर्णय गर्नुपर्ने दायित्व विपक्षीहरूको रहे

भएकै देखिएको तथा कथंकदाचित कानूनविपरीतको निर्णय भएमा सोबमोजिम कानूनी उपचार खोज्न सक्ने नै हुँदा स्पष्टीकरण नै सोध्न नपाउने भन्नु मनासिब नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-WO-०८१०, उत्प्रेषण, *दीपककुमार मण्डल वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

शिक्षा जस्तो अति नै संवेदनशील विषयमा पटकपटक अनुत्तीर्ण भएका विद्यार्थीहरूलाई अर्को वर्षमा अध्ययन गर्न दिनु कुनै पनि दृष्टिकोणबाट उचित र तार्किक मान्न सकिँदैन । यी निवेदकको हकमा मात्रै नभई त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्ले मिति २०५०।५।१ गते (अगष्ट १७, १९९३) बाट अध्ययन गर्ने एम.वि.वि.एस.का चौथो समूहबाट प्रथम फेजमा अध्ययन हुने सबै विषयहरू पास नगरी दोस्रो फेजमा अध्ययन गर्न नदिने, प्रथम फेजका सबै विषयहरू दोस्रो वर्षमा हुने पहिलो नियमित परीक्षापश्चात् अर्को ३ पटकसम्म पास गर्नुपर्ने, कसैले अर्को ३ पटकसम्म प्रथम फेजका विषयको परीक्षामा अनुत्तीर्ण भए त्यस्ता विद्यार्थीहरूको एम.वि.वि.एस. को भर्ना रद्द गरी कार्यक्रमबाट हटाउने भन्ने निर्णयबमोजिम नै यी निवेदकको भर्ना रद्द गरिएको देखिने ।

निवेदकले निवेदनमा जिकिर लिए जस्तो संविधानको समानताको हक र प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका नै नदिई संवैधानिक हकाधिकार हनन् गरेको भन्नेतर्फ दृष्टिगत गर्दा भर्नाको सूचनामा नै प्रथम फेजको परीक्षा उत्तीर्ण नगरी दोस्रो फेजमा प्रवेश पाइँदैन भन्ने मौका परीक्षा तीनपटक मात्र दिन पाइन्छ भन्ने कुरा उल्लेख भएको देखिन्छ । यो कुरा सूचनामा नै उल्लेख भएको र निवेदकले सो कुरालाई स्वीकार गरी भर्ना भएका छन् भने निवेदकलाई सुनुवाइको मौका दिइरहनुपर्छ भन्न मिल्ने नदेखिने ।

निवेदक स्वयम्ले पटकपटकको परीक्षामा आफू असफल भएको स्वीकार गरेको स्थिति र निज अध्ययनरत किष्ट कलेजले लिने आन्तरिक मूल्याङ्कन परीक्षा प्रि-बोर्डमा यी निवेदकले कुनैपनि विषयका परीक्षा पास गर्न नसकेको, कलेजले निजको कमजोर शैक्षिक अवस्थामा सुधार ल्याउन अनेकन् प्रयास गर्दा पनि नसकेपछि बाध्य भएर निजको भर्ना रद्द गर्नु परेको भन्ने उल्लेख भएको पाइयो । यसरी पटकपटक अनुत्तीर्ण हुने विद्यार्थीलाई पनि अध्ययनको अवसर दिइरहनुपर्छ भन्ने न्यायको रोहमा मिल्ने देखिँदैन । यस्तो कुराले शैक्षिक वातावरण दूषित हुने त छँदैछ । विद्यार्थीको पनि अध्ययनका अन्य विकल्प नखोजी अमूल्य समय बर्बाद गर्ने हुँदा विद्यार्थी स्वयम्को हितमा समेत यो कुरा नहुने ।

पाठ्यक्रममा उल्लिखित दोस्रो वर्षबाट तेस्रो वर्षमा प्रवेश गर्न दोस्रो वर्षका सम्पूर्ण विषयहरू अनिवार्य उत्तीर्ण गर्नुपर्ने प्रावधान त्रि.वि. ऐन, २०४९ को दफा १२(ख) र (घ) कै परिधिभित्र रहेको देखिनुका साथै सो व्यवस्था शिक्षासम्बन्धी हकको विपरीत नहुने भनी यस्तै विषय समावेश भएको ०६८-wo-००५० को उत्प्रेषण परमादेशसमेतमा निर्णय भइसकेको समेतबाट प्रस्तुत विवादमासमेत निवेदकलाई असमान व्यवहार गरियो भन्न मिल्ने नदेखिने ।

अतः उपर्युक्त कारणहरूबाट पटकपटक असफल भएका यी निवेदकलाई निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०४०५ र ०७२-CR-०६६६, जबरजस्ती करणी, *दण्डपाणी ढकाल वि. नेपाल सरकार र नेपाल सरकार वि. दण्डपाणी ढकाल*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन उल्लिखित बेहोरामा No H/O any physical relationship in the past. Both Breast normal / No any injury in the front or back, Pv-No bleeding, No tear and Laceration, Hymen intact , P/R- no P/R bleeding / No any injury around anus, High vaginal swab sent for sperm-No Spermatozoa seen उल्लेख भई पीडितको शरीरमा यौनजन्य कार्यबाट पर्न सक्ने क्षतिको कुनै किसिमको संकेत नपाइएको भन्ने परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणीको अथवा जबरजस्ती करणीको उद्योग स्थापित हुने प्रकृतिका कुनै लक्षण वा चिह्न देखिएको अवस्था छैन । वादी नेपाल सरकारले जबरजस्ती करणीको कसुर ठहर गरिनुपर्छ भन्ने पुनरावेदन जिकिर रहेकोमा उपर्युक्त पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समर्थित नभएको र स्वयम् पीडितले अर्काको उक्साहटमा आई उजुर गरेको भनी उल्लेख गरेको अवस्थाबाट र प्रतिवादीले गरेको अदालतसमक्षको बयानबाट समेत अभियोग दाबी खण्डित भइरहेको अवस्थामा पीडितले प्रतिवादीलाई सफाइ दिलाउने मनसायबाट इजलाससमक्ष उपर्युक्त बेहोरा उल्लेख गरेकी हुन् भन्न मिलेन । जबरजस्ती करणीको वारदात भएको भन्ने पीडितको शारीरिक जाँच प्रतिवेदन र स्वयम् पीडितको भनाइसमेतका प्रमाणबाट पुष्टि हुन आएको नदेखिने ।

सरकार वादी मुद्दामा जाहेरी दरखास्त मुद्दाको सुरूवात गर्ने सूचक हो । त्यस्तो सूचनालाई भरपर्दो तवरबाट पुष्टि हुनुपर्छ । जाहेरवालीले जबरजस्ती करणी भएको भने पनि त्यसलाई जबरजस्ती करणी भएका तथ्य र प्रमाणबाट समर्थित हुँदैन भने त्यहाँ जाहेरी र पीडितको बकपत्रले मात्र मान्यता पाउन नसक्ने । जाहेरीको विश्वसनीयता भनेको जाहेरीबमोजिमको बकपत्र हुनुपर्दछ । जाहेरीविपरीतको बकपत्र प्रमाण ग्राह्य हुन नसक्ने ।

प्रतिवादीसमेत अतिदृष्टिविहीन देखिएको र अति दृष्टिविहीनले केही दृष्टिविहीनलाई जबरजस्ती करणी भएको भनी स्थापित हुन आएको नदेखिँदा प्रतिवादीलाई कसुरदार ठहर गर्ने आधार कारण र प्रमाणबाट पुष्टि हुन आएको पाइएन । सुरू जिल्ला अदालतबाट प्रतिवादीलाई जबरजस्ती करणीमा कसुर ठहर गरेको तथा पुनरावेदन अदालत, पोखराको फैसलासमेत मिलेको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुर ठहर हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन**,** स्वयम् पीडितको इजलाससमक्षको भनाइसमेतका प्रमाण र आधारबाट प्रतिवादीउपरको कसुर प्रमाणित हुन नसकेबाट प्रतिवादीलाई जबरजस्ती करणीको कसुर कायम गरी सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालत र जबरजस्ती करणीको उद्योगको कसुर ठहर गरी सजाय गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७२।२।२१ को फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ।

जाहेरवाली स्वयम् दृष्टिविहीन रहेकी निजले जाहेरी दिँदाका समयमा आफूले दिएको झुट्ठा जाहेरीको परिणामबाट प्रतिवादीलाई के कस्तो असर पर्ने हो भन्ने विचार नै नगरी कसैको बहकाउमा जाहेरी दिएकी र आज इजलाससमक्ष उपस्थित भई गल्तीसमेत स्वीकार गरी प्रतिवादीले कसुर गरेको होइन झुट्ठा जाहेरी दिएकाले सजाय भोग्न तयार छु भनी क्षमा याचना गरी निवेदनसमेत दिएकीले जाहेरवालीको मानवीय

कमजोरी र दृष्टिविहीनताको संवेदनशीलतालाई समेत विचार गरी जाहेरवालीलाई सजाय गर्न नपर्ने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-१२८५, ०७२-CI-११७७, परमादेश तथा निषेधाज्ञा, *श्रीतेज रावल वि. मल्ल निर्माण सेवा र जिल्ला विकास समितिको कार्यालय, कैलाली र दानबहादुर शाही*

निवेदक जि.वि.स.को कर उठाउने करारबमोजिमको ठेकेदार देखिएकोमा लाग्ने कर रोयल्टी तिर्नु बुझाउनु नपर्नेसमेतको कुनै कुराको जिकिर कुनै पक्षले लिएमा त्यस्तो जिकिर लिने पक्षले नै प्रमाणित गर्नुपर्ने हुन्छ । सिँचाइ विभागले रानीजमरा कुलरिया सिँचाइ आयोजनालाई मिति २०७१।१२।२९ मा नियमानुसार रोयल्टी उपलब्ध गराउनेतर्फ आवश्यक कारबाहीको लागि भनी पत्र लेखेको देखिँदा रोयल्टी तिर्नु नपर्ने, रोयल्टी नलाग्ने वा छुट पाउने भन्ने नदेखिने।

विपक्षी जिल्ला विकास समितिले रानीजमरा कुलरिया सिँचाइ आयोजनालाई आवश्यक सहयोग गरिदिने भनी मिति २०७१।१२।१३ र मिति २०७१।१२।१८ मा समेत पत्र लेखेको देखिन्छ। यसरी सम्झौता भएकोलाई स्वीकार नै गर्ने तर सम्झौताअनुसारको रोयल्टी उठाउन आवश्यक सहयोग नगरी आफ्नो दायित्व र जिम्मेवारीबाट विपक्षी जिल्ला विकास समिति कैलाली पन्छिन खोजेको देखियो । आय सङ्कलन गर्न करारबमोजिमको ठेकेदारलाई सरकारी निकाय जिल्ला विकास समितिको कार्यालयले अन्य सुरक्षा निकायसमेतको समन्वयात्मक वा कानूनी सहयोग नगरेको अवस्थामा दोस्रो तेस्रो किस्ता निवेदक ठेकेदारले बदनियतसाथ नबुझाएको भन्ने जिल्ला विकास समितिको लिखित जवाफको बेहोरासमेत तर्कसङ्गत (Reasonable) नदेखिने।

निवेदकले रोयल्टी उठाउन पाउने अधिकार भएकोमा विवाद नदेखिएको, सो अधिकारको अतिक्रमण भएको भनी रिट निवेदक अदालत, प्रवेश गरेकोमा निवेदकले उठाउन पाउने रोयल्टी उठाउने सम्बन्धमा सहजता, सहयोग र अन्य सरकारी निकायको सहयोग समन्वय गरी कर रोयल्टी उठाउने वातावरण मिलाई दिनु पर्नेमा विपक्षी जिल्ला विकास समिति कैलालीले त्यस्तो कुनै सहयोग गरी सम्झौताको अर्को पक्षलाई सहयोग गरेको नपाइने।

रानीजमरा कुलरिया सिँचाइ आयोजनाले लाग्ने कर शुल्क रोयल्टी जस्ता सङ्कलन आय तिर्नु बुझाउनु पर्ने देखिएकोमा रानीजमरा कुलरिया सिँचाइ आयोजनाले लाग्ने रोयल्टी जि.वि.स.को करारबमोजिमको आधिकारिक ठेकेदारलाई तिरे बुझाएको भन्ने नदेखिएकोले विपक्षी जिल्ला विकास समिति कैलाली र विपक्षी रानीजमरा कुलेरिया सिँचाइ आयोजनाले आफ्नो दायित्व पूरा गरेको भन्ने नदेखिएकोले निज विपक्षीहरूका नाउँमा निवेदन जिकिरबमोजिम आदेश जारी हुने अवस्था नै देखिने।

तसर्थ, जिल्ला विकास समिति र रिट निवेदकबीच भएको कबुलियतनामाअनुसार निवेदकले उठाउन पाउने बिक्री कर रकम उठाउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षी जिल्ला विकास समिति र रानीजमरा कुलरिया सिँचाइ आयोजना टिकापुरका नाउँमा परमादेशको आदेश जारी हुने र निवेदकले असुलउपर गरी लिन पाउने रकम असुल नहुँदासम्म जिल्ला विकास समिति कैलालीका नाउँमा बैंक ग्यारेन्टी जफत गर्ने, गराउने कार्य नगर्नु नगराउनु भनी विपक्षी जिल्ला विकास समितिका नाउँमा निषेधाज्ञाको आदेशसमेत जारी हुने ठहऱ्याएको

पुनरावेदन अदालत, दिपायलको मिति २०७२।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-WO-१३५७, उत्प्रेषण / परमादेश, *लक्ष्मीलाल महर्जन वि. नेपाल टेलिकमसमेत*

निवेदक लक्ष्मीलाल महर्जनले मिति २०३४।११।२५ मा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा १६ वर्ष उल्लेख भएको देखिन्छ । सो मितिले हेर्दा निवेदकको जन्ममिति २०१८ हुन आउँछ। नेपाल दुरसञ्चार कम्पनी लिमिटेड कार्यकारी नियमावली, २०६१ को नियम १०७ को कानूनी व्यवस्थाले निजले नोकरीमा प्रवेश गर्दा पेस गरेको सवारीचालक अनुमति पत्र (लाइसेन्स) मा वर्ष २५ उल्लेख गरेको र निजले २०४३।४।२१ मा लाइसेन्स लिएको देखिँदा सो मितिले जन्ममिति २०१८ हुनेमासमेत विवाद नदेखिने।

सामान्यत: कर्मचारी सञ्चयकोषको रेकर्ड अन्य प्रमाणपत्रको आधारमा कायम हुने प्रकृतिको अभिलेख हो र अन्य जन्ममिति कायम हुने आधार नभएमा मात्र यस्तो रेकर्डको महत्त्व हुने हुने।

अड्डाको रेकर्डमा रहने प्रमाण पत्रहरूबाट निवेदकको उमेर २०१८ कायम हुने देखिएपछि २०१८ सालको कुन महिनामा जन्मिएको हो भन्नेमा सम्म भिन्नभिन्न जन्ममिति उल्लेख भएकोमा सो नियमावलीको व्यवस्थाले जुन अधिको हुन्छ सोहीलाई कायम गरी रेकर्ड कायम गर्ने वा अवकाश हुनेमा अवकाश दिनु पर्नेमा सो नगरी निवेदकको उमेर २०१५।१।१ कायम गरेको कार्य उक्त नियमावलीको विनियम १०७ को कानूनी व्यवस्थाको प्रतिकूल हुने देखिन आयो। तसर्थ निवेदकले लिएको सवारीचालक अनुमति पत्रसमेतबाट निजको जन्ममिति २०१८।६।१० कायम हुने देखिएकोले सोको विपरीत हुने गरी निवेदकको जन्ममिति २०१५।१।१ कायम गरी रेकर्ड राख्नेसमेतको विपक्षीको कार्य एवम् निर्णयहरूसमेत उत्प्रेषणको आदेशद्वारा निर्णय बदर गरी दिएको छ । निवेदक लक्ष्मीलाल महर्जनको जन्ममिति २०१८।६।१० कायम हुने गरी किताबखानासमेतमा रेकर्ड मिलाउनु, निजले बहाल अवधिमा पाउने कानूनबमोजिमको तलब भत्ता सुविधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-WO-०६७९, उत्प्रेषण / परमादेश, *लक्ष्मीलाल महर्जन वि. नेपाल टेलिकमसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-०८१९, उत्प्रेषण / परमादेश, *दिव्या रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कच्चा पदार्थमा निर्भर रहने कम्पनीको सङ्कलन क्षेत्रमा बाह्य कुनै कारण वा करारका पक्ष वा सरकारी निकायको अतिक्रमण, असहयोग, सर्तमा अनुचित फेरबदल हुँदा त्यस्ता निजीकरणबाट प्राप्त हकमा असर पुग्ने, कम्पनीको कार्य नै प्रभावित हुने हुँदा लगानी डुब्ने अवस्था मात्र होइन त्यसले दक्षतामा अभिवृद्धि गर्ने, उत्पादकत्व बढाउने, निजी क्षेत्रको सहभागितामा व्यापक वृद्धि गरी समग्रमा देशको आर्थिक विकास गरी राष्ट्रिय हित गर्नेसमेतका निजीकरणको उद्देश्य एवम् नीतिमा नै असर पुग्ने।

निजीकरणको उद्देश्य एवम् नीतिबाट नै

निजीकरणको विषय राष्ट्रिय सरोकार (Public Interest) को विषय हो । निजीकरण वा करारनामाका सर्तबमोजिम सो निजीकरणपूर्वको कम्पनीले कच्चा पदार्थ सङ्कलन गरेको वन क्षेत्रबाट कच्चा पदार्थ (सल्लोको खोटो) सङ्कलन गर्नेसमेतको हक निवेदकलाई नेपाल सरकारले नै प्रतिज्ञा गरी दिएको अवस्थामा सङ्कलन गर्नसक्ने अवस्थाको सिर्जना नेपाल सरकारले गराउनु नै पर्ने ।

सरकारले निजीकरण गरी व्यवसाय र सम्पत्ति बेच्नेसहितका जुन सर्तबमोजिम निवेदक कम्पनीले हक तथा उपभोगसमेतको सुविधाहरूसमेत प्राप्त गरेको हो वा आपसी सहमतिमा करारको सर्त संशोधन गरी नयाँ करारीय सम्बन्ध र दायित्वमा प्रवेश गरेको हो, त्यस किसिमको सर्त वा प्रतिज्ञा करारका पक्षले इमान्दारिताका साथ पालन गरी करारीय दायित्व पूरा गर्नुपर्ने ।

निजीकरण प्रक्रियाबाट प्राप्त गरेको राष्ट्रिय वन क्षेत्रको वन पैदावार (खोटो) जुन कम्पनीको सञ्चालनको लागि अत्यावश्यक हुने हो त्यस किसिमको सङ्कलनमा प्रभाव पर्ने गरी सामुदायिक वनसँग करारनामा गरी लिएको भन्ने आधारमा कुनै कम्पनी, संगठित संस्था, समूह वा व्यक्तिले अतिक्रमण गर्नु, आफ्नो हक रहेको दाबी गरी निजीकरणबाट हक हुनेलाई बाहेक गरी साबिकदेखि कच्चा पदार्थ सङ्कलन गर्ने गरेको क्षेत्रमा निजीकरण प्रक्रियामा नै असर पुऱ्याउनेसमेतका जुनसुकै कार्यसमेत निजीकरण ऐन, २०५० र वन ऐन, २०५० को दफा १७ समेतको कानूनी व्यवस्था एवम् भावनाविपरीत देखिन आउने ।

मिति २०६३।१।२९ मा नेपाल सरकार र निवेदकबीच भएको मूल सम्झौताको दफा ७.१ V र मिति २०६३।११।१४ को करारनामामा ५२०८ मेट्रिक टन कच्चा पदार्थ (सल्लाको खोटो) सङ्कलन गर्न इजाजत प्राप्त गरेको र सोमा निवेदक मन्जुर गरेको देखिएकोमा मिति २०६३।१।२९ को सम्झौताले हस्तान्तरण गरेको वनक्षेत्र र विजनेस प्लानबमोजिमको १२००० मेट्रिक टन कच्चा पदार्थ सङ्कलन गर्न पाउनु पर्ने भन्ने निवेदन बेहोरा मिति २०६३।११।१४ को करारनामाको सर्तअनुरूप निर्विवाद दाबी देखिँदैन । साथै नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.ले खोटो सङ्कलन गरेको क्षेत्रबाट नै सोही मात्रामा नै सङ्कलन गर्ने भन्ने निवेदन दाबीबाट हेर्दा पनि निजीकरण पूर्व नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.ले जम्मा ५२०८ मेट्रिकटन वार्षिक रूपमा सङ्कलन गरेको भन्ने देखिएकोले सङ्कलन परिमाण ५२०८ मे.टन निर्विवाद हक देखिएकोले सोभन्दा बढी परिमाणमा सङ्कलन गर्न पाउनु पर्ने भन्नेसमेतका सम्बन्धमा करारका पक्षसँग विवादित विषय भए करारको सर्तबमोजिम विवादको समाधान गर्नुपर्ने हुँदा सो सम्बन्धमा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने देखिने अवस्था नरहने ।

एकातर्फ निवेदक र वन विभागबीच भएको मिति २०६३।१।२९ र मिति २०६३।११।१४ को करारनामासमेत बमोजिमको वन क्षेत्र प्लट र रूख संख्या र परिमाणमा निवेदन कम्पनी दिव्या रोजिन एण्ड टर्पेन्टाइनलाई उपलब्ध गराइएको वस्तुनिष्ठ आधार विपक्षी वन कार्यालयहरूसमेतबाट पेस दाखिल नभएको र अर्कोतर्फ लगाउको ०७२-WO-१०२३ को निवेदक हिमाल रोजिन एण्ड टर्पेन्टाइनसमेत विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय भएको उत्प्रेषण मुद्दामा निवेदक हिमाल रोजिन एण्ड टर्पेन्टाइनसमेतले सामुदायिक वनसँग सम्झौता गरेको र यी निवेदक दिव्या रोजिन एण्ड टर्पेन्टाइन लि. ले निजीकरण प्रक्रियाबाट पाएको कच्चा पदार्थ सङ्कलनको वन क्षेत्रमा नै उल्लिखित कम्पनीले सङ्कलन गर्दै आएको भन्ने देखिन आएको छ । उल्लिखित आधारबाट निवेदक कम्पनीको निर्विवाद हकमा असर परेको नै देखिन आउने ।

सर्तमा तोकिएको मात्रा परिमाण र वन क्षेत्र

उपलब्ध गराई निजीकरण प्रक्रियाको कार्यान्वयनमा सहजीकरण गर्नुपर्नेमा निजीकरण प्रक्रिया सम्पन्न भएको लामो अवधिसम्म पनि करारबमोजिमको कच्चा पदार्थ सङ्कलन क्षेत्र उपलब्ध नगराउने, सम्झौताको परिमाणलाई विवादित गर्ने, सीमित क्षेत्र उपलब्ध गराउने, निवेदकलाई मर्का पर्ने गर्ने गरी सङ्कलन क्षेत्र हेरफेर गर्ने कार्यले निजीकरणको कार्यान्वयनमा बाधा पर्ने मात्र होइन निवेदकको निर्विवाद हकाधिकारमा असर पुऱ्याएको र अन्य प्रभावकारी उपचार निवेदकले प्राप्त गर्न सक्ने अवस्थासमेत नदेखिने ।

नेपाल रोजिनले तत्कालीन सामुदायिक उपभोग गरेको वन क्षेत्र र सङ्कलन परिमाण प्राप्त गरेको निवेदक कम्पनीले सो मात्रा र परिमाण सहजताका साथ प्राप्त गर्ने अवस्थाको विपक्षीहरू कार्यबाट सिर्जना गर्नुपर्नेमा सामुदायिक वन उपभोक्ता समिति वा अन्य कुनै वनको विकास संरक्षण र उपभोग गर्नसम्मका सीमित अधिकार पाएका त्यस्ता संस्थाबाट अधिकार पाएको भन्ने आधारले नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. ले सङ्कलन गर्ने क्षेत्रमा अविछिन्न रूपमा निजीकरण प्रक्रियाद्वारा पाएको दीर्घकालीन प्रभाव पार्ने स्रोतमा हस्तक्षेप अतिक्रमण, खिचोलाको अधिकार हुन सक्दैन । साथै राष्ट्रिय वन क्षेत्रको वन पैदावारमा निजीकरण प्रक्रियाबाट प्राप्त अविछिन्न हकले प्राथमिकता पाउने देखिँदा नेपाल सरकारबाहेकका अन्य सामुदायिक वन जस्ता संस्थाबाट कानूनको स्पष्ट प्रावधान नभई कुनै किसिमले वा करारबाट हक प्राप्त गरेको भन्ने आधारमा मात्र प्राथमिकता पाउन नसक्ने ।

निवेदकलाई मिति २०६३।११।१४ को करारनामाको सर्तबमोजिमको ५२०८ मेट्रिक टन वन क्षेत्रमा कच्चा पदार्थ (सल्लोको खोटो) सङ्कलन गर्न नदिई वन तथा भूसंरक्षण मन्त्रालयले मिति २०६५।११।१९ मा निवेदकलाई जम्मा २९१२ मेट्रिक टन मात्र सङ्कलन गर्न अनुमति इजाजत दिएको भनिएको भन्नेसमेत निवेदन दाबीमा उल्लेख भएको पाइयो । निवेदकमध्येको दिव्या रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि.को हकमा निजीकरण ऐन, २०५० को दफा ११ बमोजिम निजीकरण सम्झौता गरी नेपाल सरकारसँगको सम्झौताबमोजिम प्राप्त गरेको हकमा अन्यथा गर्ने आधार देखिएन । साधारणतया व्यक्ति व्यक्तिबीचको करारीय विषयमा रिटक्षेत्र आकर्षित हुँदैन । नेपाल सरकार र यी निवेदकका बीचमा भएको निजीकरणको सम्झौताको सर्त पूरा निजीकरण ऐनले दिएको सुविधाविपरीत भए गरेका कार्यहरू दूषित देखिने भई त्यस्ता कार्यहरूलाई कायम राख्न नमिल्ने देखिँदा निजीकरण ऐन, २०५० का व्यवस्थाविपरीत भएका कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

सीमा निर्धारणको सम्बन्धमा अन्य पक्षहरूसँग भएका सम्झौता तथा निवेदकले उत्पादन गर्न पाएको परिमाणलाई नेपाल सरकारले पूर्व सर्तका विपरीत नहुने गरी निश्चित ठाउँ तोकी निवेदकले खोटो उत्पादन, सङ्कलन, निकासी, बिक्री वितरणमा असर नपर्ने गरी यी निवेदक र अन्य पक्षका बीच पुनः उचित सम्झौतासमेत नेपाल सरकारले गर्न सक्ने नै देखिँदा पूर्वसर्तको अधिनमा रही सङ्कलन उत्पादन बिक्री वितरण गर्न दिनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत्२०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७२-WO-१०२३, उत्प्रेषण / परमादेश, *हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडीबुटी प्रशोधन प्रा.लि.समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*
- ०७२-MS-००३०, अदालतको अवहेलना, *हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडीबुटी प्रशोधन प्रा.लि.समेत वि. गौरीशंकर तिमला*

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CI-०७८०, रोक्का बदरसमेत, *अर्चना अग्रवाल वि. नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडसमेत*

मालपोत कार्यालय, झापाले गरेको रोक्काको निर्णय बदरको माग गरी यिनै निवेदक अर्चना अग्रवालसमेत भई यसै अदालतमा दायर गरेको संवत् २०६२ सालको रिट नं. ३०२० को उत्प्रेषणसमेतको रिट निवेदनमा मालपोत कार्यालयले रोक्का राख्ने गरेको निर्णयउपर निवेदकले वैकल्पिक कानूनी उपचारको मार्ग अवलम्बन गरेको नदेखिएको भन्नेसमेतको आधारमा रिट निवेदन खारेज हुने ठहर आदेश भएको देखिन्छ भने उक्त आदेशपश्चात् मात्र पुनरावेदन लिएर आएको कुरा पुनरावेदककै पुनरावेदन लेखबाट देखिन आउने।

पुनरावेदकले आफूसमेत भई दायर गरेको उत्प्रेषण मुद्दामा मिति २०६७।१।२ गते कानून व्यवसायीमार्फत आदेशको नक्कल सारी लिएकोलाई म्याद कायम गरी सो मितिले ३५ दिनभित्र अदालत, प्रवेश गरेको देखिन्छ । पुनरावेदकले जग्गा रोक्का राखेको पत्रको नक्कल सारी पाएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्नुपर्नेमा सो नगरी आफूसमेत भई दायर गरेको उत्प्रेषणसमेतको रिट निवेदनमा भएको आदेशको नक्कल सारेको मितिबाट म्याद गणना गरी प्रस्तुत पुनरावेदन लिएर आएको देखिँदा यी पुनरावेदक म्यादैभित्र पुनरावेदन गर्न आएको भनी मान्न मिल्ने नदेखिने।

पुनरावेदकले मिति २०६२।९।१७ मा नै मालपोत कार्यालयबाट जग्गा रोक्का राखेको पत्रको प्रतिलिपि प्राप्त गरी रोक्काको जानकारी प्राप्त गरिसकेको अवस्था देखिन्छ । यस्तो अवस्थामा पुनरावेदक सोही मितिबाट ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानु पर्ने हुन्छ । तर पुनरावेदकले सुरूमा रिट क्षेत्रमा प्रवेश गरी त्यसको परिणाम विचार गरी पुनरावेदन गर्नुपर्ने म्याद प्रारम्भ हुने अवस्थाको गलत र आफूअनुकूलको अर्थ गरी पुनरावेदन गर्दैमा उक्त पुनरावेदन कायम रहन सक्ने अवस्था नहुने।

निवेदकले मालपोत कार्यालयबाट भएको रोक्काबाट असर पुगेको कुरामा सो रोक्काको जानकारी पाएको मिति २०६२।९।१७ बाट नै म्यादको गणना भई सो मितिले ३५ दिनभित्र पुनरावेदन गर्नुपर्नेमा सो गरेको पनि नदेखिएको अवस्थामा Prima facie रूपमा नै पुनरावेदकको पुनरावेदन म्याद नघाई परेको देखिन आई तथ्यमा प्रवेश गरिरहन औचित्यपूर्ण नदेखिँदा प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं.१८० नं. बमोजिम खारेज हुने अवस्थाको देखिन आउने।

अतः विवेचित आधार एवम् कारणसमेतबाट मुलुकी ऐन, अ.बं.१८० नं. बमोजिम पुनरावेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।३ को फैसला मिलेकै देखिँदा सदर कायम हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०७१-CI-०६००, मोही नामसारी, *रजाई भन्ने राजेश साह वि. अमृतरत्न शाक्य*

साबिक कि.नं. ४६ हाल कायम कि.नं. ४६३, ४६४, ६७१ र ६७२ का जग्गाहरूको साबिक मोही निवेदकका बाबु स्व.लक्ष्मी साह कानू भएकोमा स्व.लक्ष्मी साह कानूको शेषपछि निजको नाउँको मोहीको लगत कट्टा मिति २०२६।११।२६ को निर्णयबाट भएको भनी प्रतिवादीले जिकिर लिएको,

उक्त कुरा मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि, भूमिसुधार कार्यालयको मोही लगत कट्टासम्बन्धी पत्रको प्रतिलिपिहरूबाट समर्थित भइरहेको देखिएकोमा उक्त पत्रहरूलाई पुनरावेदकले अन्यथा भन्न सकेको नदेखिने।

भूमिसुधार कार्यालयबाट भएको मोही लगत कट्टाको निर्णयलाई पुनरावेदकले बदर गराउन सकेको नदेखिएको, मालपोत कार्यालय, रौतहटको पत्रमा समेत साबिक कि.नं. ४६ मा मोही नभएको भनी उल्लेख गरेको, प्रतिवादी अमृतरत्न शाक्यको जग्गाधनी दर्ता प्रमाण पुर्जामा समेत मोही महलमा मोहीको नाम उल्लेख भएको नदेखिएको, पुनरावेदकले दाबीको साबिक कि.नं. ४६ को जग्गाको निरन्तर मोही कायम रहेको पुष्टि हुने सालसालैको कुत तिरेको रसिद भरपाइहरूसमेत प्रमाणको रूपमा पेस गर्न सकेको नदेखिएकोलगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा दाबीको जग्गामा पुनरावेदकका स्व.बाबु लक्ष्मी साह कानू मोही कायम रहिरहेको भन्ने अवस्था नदेखिँदा पुनरावेदन जिकिरबमोजिम पुनरावेदकको बाबुको नाउँबाट पुनरावेदकको नाउँमा मोही नामसारी गर्न मिल्ने नदेखिने।

पुनरावेदकले पुनरावेदन गर्दा पुनरावेदन गर्ने हदम्याद गुजारेको भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा पुनरावेदन अदालतमा वादीले लिखित प्रतिवाद गर्दाका बखतमा नै हदम्याद नघाई पुनरावेदन गरेको भनी प्रश्न उठाएकोमा पुनरावेदन अदालतबाट फैसला गर्दाको बखतमा सो सम्बन्धमा स्पष्टसँग बोली प्रतिवादीको पुनरावेदनलाई कानूनसम्मत मानी पुनरावेदन ग्रहण गरिसकेको अवस्था देखिन्छ। यसरी हदम्याद नघाई पुनरावेदन गरेको भन्ने विषयमा पुनरावेदन तहबाट निर्णयमा बोलिसकेको अवस्था हुँदा सो सम्बन्धमा थप विवेचना गरिरहनु पर्ने देखिन नआउने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट सुरू भूमिसुधार कार्यालय, रौतहटबाट पुनरावेदक वादीका नाउँमा मोही नामसारी गर्ने ठहर गरी गरेको निर्णय उल्टी गरी दाबीको जग्गाको मोहीयानी हक वादीका नाउँमा नामसारी हुन नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल माघ २१ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-१२४७, निषेधाज्ञा, कृष्णबहादुर तिमल्सिना खत्री वि. शारदादेवी युवा क्लबसमेत

निवेदक कृष्णबहादुर तिमल्सिना खत्रीले कि.नं. २५४ को जग्गामा भएको निर्माण कार्यबाट आफ्नो कि.नं. १९९५ को जग्गाको दक्षिणतर्फको ५ फिट करिब ०-२-०-० जग्गा मिचेको हो भनी उल्लेख गरेको देखिन्छ। जग्गा मिचेको नमिचेको भन्ने विषय प्रमाण सङ्कलन गरी प्राप्त प्रमाणको विश्लेषण गरेर न्याय निरूपण गर्ने विषय हो। निषेधाज्ञाको निवेदनबाट निवेदकको कानूनी हकमा आघात पुगेको नपुगेको कुरा मात्र हेरिने हुँदा विपक्षीले जग्गा मिचे नमिचेकोजस्तो विषय निषेधाज्ञाको निवेदनबाट हेर्न मिल्ने नदेखिने।

लगाउको अदालतको अवहेलना मुद्दामा निवेदकले विपक्षी शारदादेवी युवा क्लबले अदालतको आदेशको पालना नगरी हतारहतार एक तला भवन खडा गरी अर्को तलासमेत उठाउने काम जारी रहेको भनी विपक्षीउपर दायर गरेको निवेदनमा विपक्षी क्लबले सत्तल पाटी र मन्दिरको निर्माण मर्मतको लागि स्थानीय वडा नं. ६ का वडावासीहरूले मिति २०६९।१२।७ गतेदेखि ऐ. १७ गतेसम्म एकादश ज्ञानमय शिवपुराण महायज्ञ सञ्चालन गरी सो महायज्ञबाट उठेको सहयोग रकमबाट जीर्ण अवस्थाको शारदादेवी स्थान मन्दिर

पाटी, सत्तल निर्माण मर्मत कार्य २०७० साल वैशाख महिनामा नै गरिसकेका हुन् भनी उल्लेख गरेको देखिने।

जुन निर्माण कार्य रोकी पाउन निवेदन दायर भएको हो, उक्त निर्माण कार्य नै सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नु प्रयोजनहीन र निरर्थक हुनेसमेत देखिने।

निषेधाज्ञाको निवेदनबाट विपक्षीले जग्गा मिचे नमिचेको विषय हेर्न मिल्ने अवस्था नभएको र निवेदकले निवेदनमा उल्लेख गरेको स्थानमा शारदादेवी मन्दिरको पाटी सत्तल निर्माण कार्यसमेत सम्पन्न भइसकेको भन्ने देखिँदा निवेदकको निवेदन मागदाबीबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने।

अतः विवेचित आधार र कारणहरूबाट सुरु पुनरावेदन अदालत, पाटनबाट निवेदन खारेज हुने ठहऱ्याई मिति २०७०।८।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CR-१६३८, अदालतको अवहेलना, *कृष्णबहादुर तिमल्सिना खत्री वि. शारदादेवी युवा क्लबसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०२२२, उत्प्रेषण, कृष्णप्रसाद सिग्देलसमेत वि. कुलपति, पूर्वाञ्चल विश्वविद्यालयसमेत

निवेदकहरूले निवेदनमा बन्द हडताल गर्ने विपक्षी निकाय तथा पूर्वाञ्चल विश्वविद्यालय समेतमा गै पटकपटक यस्तो कार्य नगराउन तथा विश्वविद्यालयलाई सुचारू रूपले सञ्चालन गर्न गराउन अनुरोध गर्दा कहीँ कतै सुनुवाइ नभई बाध्य भई अन्यत्र जाने प्रभावकारी माध्यम नभएकोले सम्मानित अदालतको शरणमा आउनु परेको भनी उल्लेख गरेबाट निवेदकहरू सहज रूपमा शिक्षा पाउने अधिकारको प्राप्ति र संरक्षणको लागि अदालत, प्रवेश गरेको अवस्था देखिने।

संवैधानिक व्यवस्थाअनुसार नागरिकको शिक्षाको अधिकार कहीँकतैबाट हनन भयो, त्यस्तो हक उपभोग गर्नबाट वञ्चित हुने अवस्थाको सिर्जना हुन पुग्यो भने संवैधानिक उपचारको हकअन्तर्गत उपचार प्राप्त गर्न सक्ने अवस्था रहेको र यी निवेदकहरू पनि सोही बाटोबाट अदालत, प्रवेश गरेको देखिने।

निवेदकहरू विपक्षी पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत सम्बन्धनप्राप्त काठमाडौं स्कुल अफ ल का विद्यार्थीहरू भएको देखिन्छ। पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरूमा अध्ययरत विद्यार्थीहरूले कानूनले व्यवस्था गरेअनुरूप निर्बाध रूपमा आफ्नो शैक्षिक गतिविधिमा सहभागी हुन पाउनुपर्दछ। विपक्षी विश्वविद्यालयले आफूअन्तर्गत सम्बन्धनप्राप्त गरेका र आङ्गिक क्याम्पसहरूमा विद्यार्थीहरूले निरन्तर अध्ययन, अनुसन्धान गर्न गराउन र विश्वविद्यालयको क्यालेन्डरअनुसार नै निर्दिष्ट समयमा परीक्षा कार्यक्रममा सहभागी हुन र निर्दिष्ट समयमै परीक्षाफल प्रकाशित गर्न प्रतिबद्ध रहँदै गुणस्तरीय, दिगो र प्रभावकारी शिक्षा प्रदान गर्न क्रियाशील रहनु पर्ने।

पूर्वाञ्चल विश्वविद्यालय मातहतका सम्बन्धनप्राप्त र आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक भविष्यलाई नै अन्यौल र अनिश्चित बनाउने गरी कुनै पनि गतिविधि सञ्चालन गर्न कसैलाई छुट हुन सक्दैन। निवेदकहरूले विपक्षी विश्वविद्यालयसमेतको यिनै पक्षहरूमाथि प्रश्न उठाई न्यायिक निरूपणका लागि प्रस्तुत रिट निवेदनमार्फत अदालत प्रवेश गरेको अवस्था रहेको देखिने।

विपक्षी विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री सुशील कोइरालाले पेस गर्नु भएको लिखित जवाफमा विश्वविद्यालयको सु-सञ्चालनमा आउने कुनै पनि प्रकारको अवरोध हटाई स्वीकृत वार्षिक शैक्षिक क्यालेन्डरबमोजिम काम कारबाही सम्पादन गर्नको लागि कुलपतिको हैसियतले भूमिका निर्वाह गर्न प्रतिबद्ध छु भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । विपक्षीहरूबाट प्रस्तुत लिखित जवाफबाट हाल विश्वविद्यालयका शैक्षिक गतिविधिहरू सञ्चालन भइरहेको, कुनै अवरोध नरहेको, परीक्षा समयमा गर्ने र परीक्षाफल समयमा प्रकाशित गरिने र विश्वविद्यालयको सु-सञ्चालनमा आउने कुनै पनि प्रकारको अवरोध हटाई स्वीकृत वार्षिक शैक्षिक क्यालेन्डरबमोजिम काम कारबाही सम्पादन गर्नको लागि प्रतिबद्धता व्यक्त गरेको देखिने ।

निवेदकले निवेदनमा उल्लेख गरेको जस्तो कुनै पनि अवस्थाको विद्यमानता नरहेको, पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० ले तोकेको काम कारबाही विपक्षी विश्वविद्यालयले गरिरहेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको र निवेदकहरू तोकिएको परीक्षामा समावेश भई परीक्षासमेत दिइसकेको भन्ने देखिँदा निवेदन माग दाबीबमोजिम आदेश जारी गर्न औचित्यपूर्ण नहुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०९३५, बन्दीप्रत्यक्षीकरण, धनबहादुर मुखिया वि. जिल्ला कारागार कार्यालय, पाँचथर फिदिमसमेत

अदालतको फैसला कार्यान्वयनको सिलसिलामा परेको थुनालाई Lawfull Detention मानिन्छ । Lawfull Detention बाट व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण भयो भनी मान्न मिल्दैन । त्यसैले फैसला कार्यान्वयनका सिलसिलामा परेको कैदलाई कानूनबमोजिम कै कैद मान्नु पर्ने ।

पुनरावेदकले आफूलाई लागेको जरिवाना स्वीकार गरी कैदको हकमा मात्र आफू सो व्यक्ति राजेश सुनुवार मुखिया नभएको भनी परेको निवेदनमा जरिवाना बुझाएको देखिएकोले निजलाई कैद लागेको होइन भन्ने कुरासमेत पत्यारिलो मान्न नमिल्ने ।

पुनरावेदकलाई पाँचथर जिल्ला अदालतबाट मिति २०६३।१२।१५ मा कुटपिट लुटपिट मुद्दामा २ वर्ष कैद र रू.२,२००।- जरिवाना हुने ठहरी अन्तिम फैसला भएको र निजले मिति २०७१।७।४ मा सो फैसला स्वीकार गरी आफूलाई लागेको जरिवाना बुझाई कैद लगतसमेत ठेकी कैदमा बसेको करिब ३४ दिनपछि आफू राजेश थोलोज सुनुवार मुखिया नभएकोले निजलाई राखिएको थुना गैरकानूनी हो भन्ने आधारहिन जिकिर लिएकै भरमा निजलाई राखिएको थुना गैरकानूनी थुना हो भनी मान्न मिल्ने नदेखिने ।

बन्दीप्रत्यक्षीकरण मुद्दामा बन्दीप्रत्यक्षीकरणको आदेश र यसको कार्यान्वयन साथ साथै हुने गर्दछ । यसरी एकपटक निवेदकलाई राखिएको थुना गैरकानूनी नभई कानूनबमोजिम नै रहेको भनी पुनरावेदन अदालतबाट फैसला भएको अवस्थामा उक्त थुना गैरकानूनी हो भनी पुनरावेदनको रोहबाट पुन: थुनाबाट छाड्नु भनी आदेश गर्न नमिल्ने ।

कानूनबमोजिमको अख्तियारप्राप्त निकाय अदालतबाट एकपटक फैसला भई पुनरावेदन नपरी अन्तिम भएर रहेको वा पुनरावेदन परी माथिल्लो अदालतबाट अन्तिम फैसला भएको अवस्थामा फैसला अन्तिमताको सिद्धान्तअनुसार उक्त फैसला अन्तिम मानिन्छ । सो फैसला कार्यान्वयन गर्दा लागेको कैदबाट

व्यक्तिको स्वतन्त्रता हनन् भयो भनी मान्न नमिल्ने ।

फैसलाको एउटा पक्ष (जरिवाना) लाई स्वीकार गरी अर्को पक्ष (कैद) को हकमा मात्र आफू सो नाम गरेको व्यक्ति हैन भनी कैदमा बसेको कुरालाई गैरकानूनी थुना वा कानूनविपरीतको मानी अर्को रिट लिएर अदालत, आएको कुरा निवेदकले सफा हात लिएर अदालत, आएको नभई दूषित मनोभावना रहेको भन्ने देखिन्छ । त्यसमा पनि यी पुनरावेदक मिति २०७१।७।४ देखि नै थुनामा रही निजलाई लागेको कैद (दुई वर्ष) भुक्तान भइसकेको भन्ने पाइएको र जरिवानासमेत भुक्तान भइसकेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने प्रयोजन र औचित्य नै समाप्त भई रिट निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत, इलामको अन्तिम आदेश मनासिबै देखिएको र उक्त एक पटक निरूपण भइसकेको बन्दीप्रत्यक्षीकरण निवेदनउपर पुन: पुनरावेदनको रोहबाट समेत हेरी पटकपटक निर्णय गर्नु रिट निवेदनको मान्य सिद्धान्तसमेत विपरीत हुन जाने ।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् नजिर सिद्धान्तसमेतको आधारमा रिट निवेदन र पाँचथर जिल्ला अदालतले लिखित जवाफसाथ पेस गरेको उक्त जिल्ला अदालतको मिति २०७१।७।४ मा कारागार कार्यालय, पाँचथरलाई कैद म्याद ठेकी पठाएको पत्रबाट यी पुनरावेदकले कुटपिट लुटपिट मुद्दामा आफूलाई मिति २०६३।१२।१५ को फैसलाले लागेको जरिवाना रू.२,२००।- सोही मिति २०७१।७।४ मा बुझाइसकेको उल्लेख गरी कैदको लगत मात्र ठेकेको देखिन्छ । यसबाट यी पुनरावेदकले मिति २०६५।१२।१५ को फैसलाबाट कैद जरिवाना लागेको राजेश थोलोज सुनुवार मुखिया भन्ने व्यक्ति आफू भएको कुरा स्वीकारी जरिवानासमेत बुझाई सकेको देखिएबाट अदालतको फैसलाबमोजिम कैद ठेकी निवेदकलाई राखिएको थुना कानूनबमोजिम नै रहे भएको देखिएकोले बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।८।१६ को अन्तिम आदेश मिलेकै देखिएको तथा एक पटक बन्दीप्रत्यक्षीकरणको आदेश जारी नभई खारेज भएको विषयउपर पुन: बन्दीप्रत्यक्षीकरण आदेश जारी गरिपाउँ भनी सामान्य मुद्दासरह पुनरावेदन दिनु रिट निवेदनको मान्य सिद्धान्तविपरीत भएको देखिएको र बन्दीप्रत्यक्षीकरण आदेश पटकपटक निरूपण गरिने विषय नभएकोले पुनरावेदन सुनुवाइ हुन नै नसक्ने हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम् ।

**२**

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खडका,** ०७१-CR-१३९५, जबरजस्ती करणी, *नेपाल सरकार वि. श्रीमती पार्वती शाह महर्जनसमेत*

प्रतिवादी आरोपित कसुरमा पूर्णतः इन्कार रहेको र अर्का प्रतिवादी राजकुमार महर्जनले बयान गर्दा पनि यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको छैन भनी बयान गरेको अवस्थामा प्रतिवादीउपरको अभियोग पुष्टि हुने देखिएन। अभियोग दाबी पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षकै रहन्छ। मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादी पार्वती शाह महर्जनउपरको वादी दाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न वादी पक्षले सकेको नदेखिँदा केवल जाहेरीमा उल्लेख गरेकै आधारमा मात्र कसुरदार ठहर गर्न न्यायोचित हुने देखिएन । यस्तो अवस्थामा यी प्रतिवादी पार्वती शाह महर्जनलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला मनासिब भई मिलेको नै देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी पार्वती शाह महर्जनले अभियोग दाबीबाट

सफाइ पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।९।१७ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।८।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रेम खड्का, ठाकुरप्रसाद पौडेल (शा.अ.)
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खडका,** ०७१-CR-१४०२, लागु औषध खैरो हिरोइन, *रमेश लामा वि. नेपाल सरकार*

प्रतिवेदक प्र.नि. कृष्ण खड्काको बकपत्रको बेहोराबाट समेत प्रतिवादीबाट लागु औषध बरामद भएको भनी बरामदी मुचुल्कालाई समर्थन गरेको अवस्था छ। यस्तो अवस्थामा प्रतिवादीको रोहबरमा भएको बरामदी मुचुल्कालाई अन्यथा भन्न मिल्ने देखिन आएन। प्रतिवादीको रोहबरमा भएको बरामदी मुचुल्कालाई अन्यथा भन्न नमिलेबाट प्रतिवादीले २६ ग्राम लागु औषध लिएर हिँडिरहेको अवस्थामा निजको साथबाट बरामद भएको कुरामा विवाद देखिन नआउने।

लागु औषध निज प्रतिवादीले कानूनबमोजिम प्राप्त गरेको वा राखेको भन्ने प्रमाणको भार निजकै रहने छ अन्यथा अपराध मानिने भन्ने कानूनी व्यवस्थाले यी प्रतिवादी रमेश लामाबाट लागु औषध बरामद भएकोले कसुरदार हुन भन्ने देखिने।

लागु औषध मबाट बरामद भएको होइन भनी यी प्रतिवादीले आफ्नो बयानमा लेखाएको भए तापनि निज प्रतिवादीको उक्त भनाइबाहेक अन्य स्वतन्त्र प्रमाणबाट सो कुरा पुष्टि गर्न सकेको छैन। लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ र प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीले आफूउपर लागेको अभियोगबाट छुटकारा पाउनको लागि सो कुरालाई आफ्नो प्रमाणद्वारा पुष्टि गर्नुपर्दछ, सो कार्य यी प्रतिवादीले गरेको नदेखिने।

तसर्थ उपर्युक्त आधार कारणहरूबाट प्रतिवादी चाइनिज भन्ने रमेश लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०७०।९।१६ मा गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।७।४ को फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-१७३३, जबरजस्ती करणी, *नेपाल सरकार वि. रूपबहादुर सुनार*

पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण गरी भरतपुर अस्पताल, चितवनबाट च.नं.१८० मिति २०७१।५।१६ को पत्रसाथ प्राप्त प्रतिवेदनमा उल्लेख भएको बेहोरा हेर्दा निज पीडितको योनिमा कुनै घाउ वा चोटपटक नदेखिएको, योनिको कन्या जाली नदेखिएको, योनिमा Fresh Blood नदेखिएको, शरीरमा कुनै घाउ तथा चोटपटक नदेखिएको भनी उल्लेख भएको देखिन्छ भने प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा जबरजस्ती करणी गरेको लक्षण देखिँदैन; निजको लिङ्ग सामान्य रहेको देखिन्छ; शरीरमा टोकेको घाउ देखिँदैन। तर देब्रे पाखुरामा निल डाम देखिन्छ, नाकमा, देब्रे कानमा र शरीरको पछाडिको भागमा कोतरिएको घाउ देखिन्छ भन्ने बेहोरा उल्लेख भएको

देखिएबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य शङ्कारहित रूपबाट पुष्टि हुन नआई निज प्रतिवादी गलत नियत राखी पीडित सुतिरहेको कोठामा राति अन्दाजी १२.०० बजेतिर प्रवेश गरेको र पीडितलाई अठ्याई जबरजस्ती करणी गर्न खोज्दा पीडितको असहमति भई प्रतिवादीले करणी गर्न प्रयास गरिरहेको अवस्थामा निजको बहिनीले थाहा पाएको हुँदा निज प्रतिवादी सो ठाउँबाट भागी गएको भन्ने तथ्य स्थापित भएबाट निजले पीडितलाई जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिने।

पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी, जाहेरवाला र पीडितको अदालतको बकपत्रलगायतका प्रमाणहरूबाट जबरजस्ती करणीको अपराध नै गरेको कुरा पुष्टि प्रमाणित हुन नसकेको तर यी प्रतिवादीले अपाङ्ग लाटी महिलाउपर जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिन आई सोहीबमोजिम जबरजस्ती करणीको उद्योग गरेतर्फ प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(५) र ५ नं. ले २ वर्ष ६ महिना र अपाङ्ग वक्कलाटी महिलालाई जबरजस्ती करणीको उद्योग गरेतर्फ सोही महलको ३(क) र ५ नं. बमोजिम २ वर्ष ६ महिना गरी जम्मा ५ वर्ष कैद हुने र ऐ. महलको ३(५) र ३(क) बमोजिम सजाय गरिपाउँ भन्ने हदसम्म वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसला मनासिब ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।५।१५ मा भएको फैसला मिलेकै देखिँदा सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त तथ्य, कानून र प्रमाणको आधारमा सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।६।२८ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।५।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०३३३, ठगी, *विष्णुप्रसाद पाण्डे वि. नेपाल सरकार*

जाहेरीमा पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पाण्डेलाई पोल गरेको पाइँदैन । ठगी गर्ने कार्यमा चालकसमेतको संलग्नता छैन । गाडी खोज्ने क्रममा पाण्डे थरका साहुजीले गाडी धनीसँग सम्पर्क गराइदिएका हुन् । चलानी बिना लैजान गाह्रो भएपछि चलानी पनि बनाई दिएका हुन् । सोबाहेक गहुँ ठगी गरी लैजान निजको कुनै प्रकारको संलग्नता छैन भनी कसुर ठहर भएका मुख्य प्रतिवादी शोभा गुप्ताले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उल्लेख गरिदिएको पाइन्छ । गहुँ जाहेरवाला जगन्नाथ अग्रहरीसँग उधारोमा किनेको हुँ । ठगी गरेको होइन, अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान सत्य साँचो हो भनी निजले अदालतमा बयान गरेको देखिन्छ । सहप्रतिवादी शोभा गुप्ताको अदालतसमेतमा भएको उपर्युक्त बयानबाट निजले ठगी गरेको गहुँ बाँडी खाने र ठगी गर्ने कार्यसमेतमा पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पाण्डेको संलग्नता रहेको भन्ने नदेखिने।

अनुसन्धानको क्रममा र प्रमाण बुझ्ने क्रममा अदालतबाट बुझिएका कुनै पनि प्रमाणबाट सहप्रतिवादी शोभा गुप्ताले जाहेरवालाको गहुँ ठगी गरी गोदामबाट ल्याउँदा र बेच्ने कार्य गर्दा पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पाण्डेलाई सो कुराको जानकारी रहेको र त्यस्तो ठगी भएको वस्तु ओसारपसार गर्नका लागि तयार भएको लिखतमा जानी जानी निज साक्षी बसेको भन्ने वस्तुनिष्ठ तवरबाट प्रमाणित हुन सकेको देखिँदैन। ठगी मुद्दामा मतियारको कसुर प्रमाणित हुनका

लागि ठगी गर्ने व्यक्तिसँग मिली लाभ लिने मनसाय रहेको भन्ने तथ्यबाट प्रमाणित हुनुपर्छ । तर प्रतिवादी शोभा गुप्ताको अदालतसमेतमा भएको बयानबाट पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पाण्डेको निर्दोषिता पुष्टि भइरहेको स्थितिमा निजउपर लगाएको मुलुकी ऐन, ठगीको ५ नं. को आरोप शङ्कारहित रूपबाट पुष्टि भएको नदेखिँदा ठगी गर्न मतियारको रूपमा कसुर गरेको ठहऱ्याई ऐ. को ४ नं. अनुसार निजलाई २ महिना सजाय गर्ने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला मनासिब ठहऱ्याएको पुनरावेदन अदालत, बुटबलसमेतको फैसला मिलेको नदेखिने ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पाण्डेलाई मुलुकी ऐन, ठगीको महलको ५ नं. को कसुरमा ऐ. महलको ४ नं. अनुसार दुई महिना कैद सजाय हुने गरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।१।२२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।११।१९ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई पुनरावेदक प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०८७५, बहुविवाह, *नेपाल सरकार वि. रिता देवी देवसमेत*

लोग्ने, सौता र सौताका सन्तानहरूसँग बसी निजहरूको वैवाहिक सम्बन्धलाई स्वीकार गर्ने जाहेरवालीले तत्काल कहीँकतै उजुर वाजुर नगरी लामो अन्तरालपश्चात् आफूलाई मन लागेको बखत उजुर गर्न पाउने भन्न नमिल्ने ।

बहुविवाहको क्रियालाई मुलुकी ऐन, विहावारी महलले दण्डनीय फौजदारी कानूनको रूपमा परिभाषित गरी सो सम्बन्धमा अभियोग दाबी गर्ने वा मुद्दा गर्ने समयावधिको सीमा पनि सोही महलको ११ नं. ले निर्धारित गरेको छ । बहुविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले व्यवस्था नगरेकोले सीमित हदम्यादभित्रै बहुविवाहको मुद्दा दायर गर्नुपर्ने ऐनको व्यवस्था स्पष्ट छ । यसलाई एक वा अर्कोतर्फ वा कारणको आधारमा असीमित वा खुल्ला हदम्यादको रूपमा परिणत वा परिभाषित गर्न नमिल्ने ।

समाजले मान्यता प्रदान गरिसकेको, श्रीमान् श्रीमती भएर लामो समय एकासगोलमा रहेको र सोही अवस्थामा कान्छी श्रीमतीसँगको दाम्पत्य जीवनबाट दुईजना छोराहरूको जन्मसमेत भएको अवस्थामा पनि जेठी श्रीमतीले प्रतिवादी पवनकुमार देवसमेत उपर दिएको अंश मुद्दामा पवनकुमार देवले प्रतिउत्तर पेस गर्दा मात्र अर्को विवाह भएको कुरा थाहा पाई जाहेरी दिएको र सो जाहेरीअनुसार बहुविवाह मुद्दाको अनुसन्धान भई सो मितिबाट तीन महिनाभित्र दायर गरेको फिरादलाई हदम्यादभित्रको फिराद मान्दा विहावारीको महलको ११ नं.को कानूनी व्यवस्थाको उपेक्षा हुन जान्छ । त्यसो गर्दा उक्त हदम्यादसम्बन्धी कानूनी व्यवस्था, उद्देश्य र विद्यायिकाको मनसाय पराजित हुन जाने ।

अतः उल्लिखित आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादी पवनकुमार देवलाई विहावारीको महलको ९ नं. को कसुरमा १ वर्ष कैद र रू.५,०००।- जरिवाना गर्ने गरी सुनसरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी हदम्याद नाघी परेको प्रस्तुत अभियोग दाबी खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।६।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामु शर्मा

इति संवत् २०७४ साल मङ्सिर २० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CI-०७९०, उत्प्रेषण / परमादेश, *लक्ष्यप्रसाद रिजालसमेत वि. मालपोत कार्यालय, बाँकेसमेत*

आफ्नो नामको जग्गाको क्षेत्रफल घटी गराई विपक्षीहरूले गरेको हाल साबिक निर्णय जालसाज घोषणा गरिपाउँ भनी यिनै पुनरावेदकले यिनै विपक्षी टिका खड्कासमेत उपर बाँके जिल्ला अदालतमा ०६८ सालको ०७४-०६७-०१७३३ को जालसाजी मुद्दा दायर गरेकोमा वादी दाबी पुग्न नसक्ने ठहरी मिति २०६९।३।२४ मा फैसला भएको प्राप्त प्रमाण मिसिलबाट देखिन आएको छ । यसरी एकै विषयमा जिल्ला अदालतमा साधारण क्षेत्राधिकारअन्तर्गत मुद्दा दायर गरी मिसिल सम्बद्ध प्रमाणको मूल्याङ्कन भई वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको देखिँदा सोही विषयमा रिट क्षेत्राधिकारअन्तर्गत दायर प्रस्तुत मुद्दाबाट उक्त निर्णयलाई अन्यथा हुने गरी बोल्न मिल्ने देखिएन । यसका साथै विपक्षीहरूले आफ्नो जग्गा घुसाई हाल साबिक गरेको भन्ने पुनरावेदकको जिकिर रहेपनि हाल साबिक हुँदा विपक्षीको नाउँमा कायम भएका जग्गासमेत साबिकको क्षेत्रफलभन्दा घटिरहेको देखिन्छ । उक्त आधारबाट विपक्षीहरूले आपसमा मिलेमतो गरी पुनरावेदकहरूको नाममा रहेका जग्गाको क्षेत्रफल संशोधन गर्ने घटाउने कार्य गरेको भन्ने नदेखिँदा पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको इन्साफलाई अन्यथा भन्न नमिल्ने ।

माथि विवेचित आधार कारणबाट मालपोत कार्यालय, बाँकेबाट हाम्रो नामको जग्गाको क्षेत्रफल घटी कायम हुने गरी विपक्षीहरूका नामको जग्गा हाल साबिक गर्ने गरी मिति २०६४।१०।२ मा भएको निर्णय बदर गरी पाउँ भन्ने निवेदन दाबी खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।३।६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CI-११२२, लेनदेन, *उमेशप्रसाद चौधरी भन्ने उमेशकुमार चौधरी (कुर्मी) वि. पुजारी कुर्मी*

प्रतिवादीले वादीको आमालाई वादीको तमसुकको रकमबापतमा आफ्नो नाउँको जग्गा राजीनामा पास गरिदिएको र सो बखतमा तमसुक फट्टा गरिदिएका थिए भनी बयान गरेको देखिएकोमा पट्टा भइसकेको तमसुकबाट वादीले के कसरी दाबी लिन आएका हुन् भन्ने सम्बन्धमा कुनै वस्तुनिष्ठ ठोस प्रमाण देखाउन सकेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आउँदैन एकातिर भने अर्कातिर प्रतिवादीले वादीको तमसुकमा उल्लिखित रकमबापतमा वादीको आमालाई राजीनामा पारित गरिदिएको लिखतमा वादीको तमसुकमा उल्लिखित रकमबापतमा जग्गा पास गरिदिएको लिखतमा वादीको तमसुकमा उल्लिखित रकमबापतमा जग्गा पास गरिदिएको भन्ने बेहोरा उल्लेख गर्नुपर्ने थियो जुन बेहोरा उक्त राजीनामाको लिखतमा उल्लिखित भएको भन्ने देखिन आएन । तसर्थ प्रतिवादीले वादीको तमसुकमा उल्लिखित रकमबापतमा वादीको आमा पार्वती कुर्मीनीलाई जग्गा राजीनामा पास गरिदिएको भनी लिएको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले तमसुकमा उल्लिखित रकमबापतमा जग्गा पास गरिदिएको भए सोही बेलामा नै तमसुक पट्टा गर्नेपर्ने दायित्व स्वयम् प्रतिवादीको नै हुन आउने हुन्छ । तमसुक फट्टा भइसकेको भन्ने नदेखिँदा

र तमसुकबमोजिमको रकमबापतमा प्रतिवादीले वादीको आमालाई आफ्नो नाउँको जग्गा राजीनामा पास गरिदिएको भन्नेसमेत कुराको वस्तुनिष्ठ ठोस सबुत प्रमाण देखिन नआएको अवस्थामा राजीनामाको लिखतमा उल्लिखित थैली रकमलाई घटाएर वादीले रकम भरिपाउने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला तथा राजीनामा लिखतको थैली कटाई बाँकी हुने रू.१२,५४,८००।– प्रतिवादीबाट भराई पाउने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको फैसलासमेत मिलेको देखिन नआउने।

तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट राजीनामाको लिखतको थैलीलाई आधार मानी भएको सुरू कपिलवस्तु जिल्ला अदालत र पुनरावेदन अदालत, बुटवलको फैसला उल्टी भई वादीले प्रतिवादीबाट मुलुकी ऐन, लेनदेन व्यवहारको ४, ६ र ७ नं. बमोजिम तमसुकमा उल्लिखित साँवा रू.११,००,०००।– र सोको ब्याजसमेत भराइ पाउने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७१-CI-०४१९, निषेधाज्ञा / परमादेश, *जिवछी देवी तेलीसमेत वि. अमिरीलाल साहसमेत*

निवेदक पक्षले दायर गरेको लेनदेन मुद्दामा धनुषा जिल्ला अदालतबाट फिराद दाबी पुग्ने ठहरी मिति २०६९।१२।२६ मा फैसला भई अन्तिम भई बसेको भन्ने स्वयम् निवेदककै पुनरावेदन जिकिरबाट देखिन आउँछ। उक्त लेनदेन मुद्दालाई प्रभाव पार्ने गरी विपक्षीहरूले जोर जबरजस्ती थुनछेक गरी कागज गराउने सम्भावना व्यक्त गरी मिति २०६९।५।२० मा प्रस्तुत निषेधाज्ञाको निवेदन दायर गरेको भन्ने देखिन्छ। तत्कालको परिस्थितिमा उक्त विचाराधीन लेनदेन मुद्दालाई प्रभाव पार्ने उद्देश्यले आफूलाई थुन्ने, दबाब दिने, जबरजस्ती कागज गर्ने आशङ्का रहेको भन्ने जिकिर लिई प्रस्तुत मुद्दा दायर हुन आएको भएपनि उक्त लेनदेन मुद्दा नै फैसला भई अन्तिम भइसकेपछि परिस्थितिमा परिवर्तन आई उक्त आशङ्काको अवस्था हाल विद्यमान रहेको भन्ने देखिन आएन। निवेदकलाई थुन्ने, जबरजस्ती कागज गराउने, मुद्दा फिर्ताको लागि दबाब दिनेलगायत कुनैपनि जबरजस्तीपूर्ण क्रियाकलाप आफूहरूबाट नभएको र अब पनि नहुने भन्ने बेहोराको प्रत्यर्थी कार्यालयहरूको लिखित जवाफ बेहोरा देखिएको सन्दर्भमा निवेदन दाबीअनुसारको परिस्थिति रहेको भन्ने पनि देखिएन। निषेधाज्ञाको निवेदन तत्कालको परिस्थितिमा पक्षको हितलाई ध्यानमा राखी जारी गरिने उपचार भएको र उक्त परिस्थिति नै परिवर्तन भइसकेको भन्ने स्वयम् पुनरावेदन लेखबाट देखिन आएको सन्दर्भमा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब देखिने।

तसर्थ उपर्युक्त विवेचित आधार र कारणबाट निवेदन मागबमोजिम निषेधाज्ञा मिश्रित परमादेश जारी गर्न नमिली रिट खारेज हुने ठह्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।१।३१ को इन्साफ मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७२-CR-१९१४, भ्रष्टाचार,

*नेपाल सरकार वि. वामदेव ज्ञवालीसमेत*

अभियोग दाबीबमोजिमको कसुर गरेर प्रतिवादीले अनुचित लाभ लिएको भन्ने पनि वादी पक्षबाट खुल्न आएको अवस्था छैन। भ्रष्टाचारजस्तो गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीउपर लगाइएको अभियोग तथ्य र प्रमाणबाट पुष्टि हुनु आवश्यक हुन्छ। यसो नभई अनुमानको आधारमा कसुर कायम गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जान्छ। प्रतिवादीले भुक्तानी लिएको भनिएको बिगो रू.१२,४५,२४०।- सामानको सम्बन्धित प्राविधिकद्वारा जाँच परीक्षण गरी भुक्तानी लिएको भन्ने देखिन आएको जिल्ला विकास समिति मुगुको मिति २०६९।३।३ को पत्रसमेतबाट सामानहरू हालको अवस्थामा निर्माण स्थलसम्म पुगेको भन्ने देखिन आउनुका साथै सो पत्रसाथ प्राप्त हुन आएको सामान बुझी लिएको मिति २०६९।२।३० को भरपाई कागज हेर्दा प्रतिवादीका प्रतिनिधि तीर्थ आचार्यले मांग्री विद्युतीकरण उपभोक्ता समितिका अध्यक्ष राप्के लामालाई सामान जिम्मा दिएको देखिन आएको र सोही भरपाई कागजमा पछि जडानको क्रममा सामान नपुग हुन गएमा उपलब्ध गराउने भन्नेसमेत उल्लेख भएकोसमेतबाट प्रतिवादी वामदेव ज्ञवालीले अर्का प्रतिवादी चन्द्रप्रसाद खतिवडासँग मिलेमतो गरी भ्रष्टाचारजन्य कसुर गरेको भन्ने कुरा पुष्टि हुन आएको नहुँदा निजका हकमा प्रमाणको विवेचना गरी सफाइ दिने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट भएको फैसला न्यायसङ्गत देखिने।

तसर्थ उपर्युक्त विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीमध्येका वामदेव ज्ञवालीको हकमा आरोपित कसुर गरेको भन्न मिल्ने ठोस आधार नभएकोले निजले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंबाट मिति २०७२।८।२९ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CR-१२३१, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. नारायणप्रसाद रिमालसमेत*

प्रतिवादी नारायणप्रसाद रिमालले विद्यालयमा व्यवस्थापन समितिले २०७० साल चैत्रबाट हिसाब किताब छानबिन गरेको समयमा विद्यालयका कर्मचारीहरूलाई त्रैमासिक तलब वितरण गर्न रा.वा. बैंक गुलरिया र नेपाल बैंक लिमिटेड, राजापुरबाट दुई कलम गरी जम्मा रू.२१,००,०००।- झिकेको तत्काल भुक्तानी नगर्नु र उक्त रकम बैंक दाखिला पनि नगर्नु भनी छानबिन समितिले रोकेको हुँदा सोही रकम नगद देखिएको आफूले अनियमितता नगरेको भनी बेहोरा लेखाएको पाइन्छ। विद्यालय व्यवस्थापन समितिबाट गठित छानबिन समितिले हिनामिना गरेको भनी देखाएको तीस लाख रकम २०७१।३।२० सम्ममा बुझाउने भनी प्रतिवादी नारायणप्रसादले कागज गरेको एवम् रू.१४,७५,०००।- विभिन्न समयमा दाखिला गरेको भन्ने मिति २०७१।४।४ को प्रतिवेदनबाट देखिन आउने।

प्रतिवादी पर्वतसिंह गुरूङ विद्यालयको प्रधानाध्यापकको हैसियतले सो विद्यालयको आर्थिक प्रशासनिक एवम् शैक्षिक गतिविधिमा समेत उचित रेखदेख, नियन्त्रण राख्नुपर्ने कर्तव्य निजको भएपनि निज जिम्मा विद्यालयको कुनै रकम रहेको भन्ने कुरा मिसिलबाट खुल्न आएको अवस्था छैन। अर्का प्रतिवादी नारायणप्रसाद रिमालले मिति २०७१।२।५ देखि २०७१।४।२५ सम्म विभिन्न मितिमा गरी

८,८१,४००।- विद्यालयको खातामा दाखिला जम्मा गरेको देखिएको यसैगरी छानबिन समितिको प्रतिवेदनअनुसार रू.१४,७५,०००।- विभिन्न मितिमा विद्यालयको खातामा दाखिला गरेको भने देखिएको एवम् जग्गाको ठेक्काबापत विद्यालयलाई प्राप्त हुनुपर्ने रू.३,६०,१२५।- ठेकेदार जिम्मा रहेको तथा रू.९०,५८०।- निज नारायणप्रसादले आफ्नो सञ्चित बिरामी बिदाबाट कट्टा गरी पाउन निवेदन दिएको भन्ने अमर शहिद दशरथ चन्द उच्च मा.वि.को मिति २०७२।६।२० को पत्रबाट देखिन आएकोसमेतबाट निज प्रतिवादी नारायणप्रसादको जिम्मामा पनि अब कुनै रकम रहेको भन्ने अवस्था नदेखिएको र हिनामिना गरेको भनिएको रकम हिनामिना गरेको नभई विद्यालय सञ्चालनको लागि आवश्यक रकम जिम्मासम्म रहेको, दैनिक रूपमा बैंकमार्फत कारोबार गर्न तत्कालीन द्वन्द्वको समय परिस्थतिले समस्या रहेको भन्ने देखिएको सन्दर्भमा न्यायिक मनको प्रयोग गरी भएको विशेष अदालत, काठमाडौंको फैसला मिलेको देखिन आउने।

तसर्थ उल्लिखित आधार, प्रमाणहरूबाट प्रतिवादीहरू पर्वतसिंह गुरूङ र नारायणप्रसाद रिमालले आरोपित कसुर गरेको भन्ने पुष्टि हुन नआएकोले प्रतिवादीहरूउपरको आरोप दाबी पुग्न नसकेकोले सफाइ पाउने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०७३।५।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CR-१३२७, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. प्रदिपकुमार चौधरीसमेत*

जिल्ला शिक्षा कार्यालय, नवलपरासीको मिति २०७३।३।१५ को पत्रबाट ४ कोठे विज्ञान भवन निर्माण सम्पन्न भएको, ४ कोठे ब्लक भवनमा १ कोठा थप गरी ५ कोठे भवन निर्माण भएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। त्यसैगरी शौचालय निर्माण भएको र उक्त शौचालयमा रू.दुई लाख निकासा भएकोमा रू.२ लाख ६५ हजार खर्च भएको भन्ने र तारबार विद्यालयको आन्तरिक स्रोतबाट भएको, पुरानो तार एवम् काठका मुढाहरू खियाले खाएको तथा भाँचिएको अवस्थामा रहेको तारबार निर्माणको काम सम्पन्न भएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। जहाँसम्म स्टेटमेन्टभन्दा बढी निर्माण भएको भन्ने पुनरावेदन जिकिर छ सो हेर्दा विद्यालयको कक्षा कोठाको अभावले गर्दा ब्लक भवनमा थप १ कोठा निर्माण गरी बनाउने भन्ने विद्यालयको निर्णयबमोजिम भएको भन्ने उक्त जिल्ला शिक्षा कार्यालयको पत्र बेहोराबाट देखिन आउने।

के कुन शीर्षकमा के कुन प्रतिवादीले के कति रकम भ्रष्टाचार हिनामिना गरी आफूले लाभ लिने कार्य गरेको हो भन्ने कुरा भन्न एवम् सोको प्रमाण वादी पक्षबाट प्रस्तुत हुन नआएको सन्दर्भमा आरोपित कसुर गरेको पुष्टि नभएकोले प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको फैसला मिलेकै देखिने।

तसर्थ आरोप मागदाबीअनुरूपको कसुर गरेको देखिन नआउँदा प्रतिवादीहरू प्रदिपकुमार चौधरी, रमेशचन्द्र रौनियार, देवबहादुर थापा, शंकरबहादुर सिंखडा र शुकदेव ढुंगानाले आरोप मागदाबीबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत, काठमाडौंबाट मिति २०७३।८।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CR-१३२८, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. नगनारायण सिंहसमेत*

प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा आफूहरूउपर लगाएको कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । मिसिलसंलग्न जिल्ला शिक्षा कार्यालय, रौतहटको मिति २०७३।४।१२ को पत्र हेर्दा उक्त विद्यालयको लागि विभिन्न आर्थिक वर्षमा जिल्ला शिक्षा कार्यालय, रौतहटबाट निकासा भएको रकम सम्बन्धमा प्राविधिकले गरेको मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनसमेतबाट आ.ब.०६५।०६६ देखि आ.व.०६९।०७० सम्मको आर्थिक वर्षहरूमा फछ्र्यौट भइसकेको तथा बेरूजु नरहेको भनी उल्लेख भएको पाइन्छ । दाबीको रकम हिनामिना गर्दा यी प्रतिवादीहरूले आफूलाई फाइदा हुने गरी कुनै कार्य गरेको भन्ने पनि मिसिलबाट खुल्न आएको पाइँदैन । उक्त विद्यालयलाई निकासा भएको कतिपय रकमभन्दा बढीको काम सम्पन्न भएको भन्ने पनि देखिएको छ । यी विवेचित तथ्यहरूबाट विद्यालयलाई विभिन्न आर्थिक वर्षहरूमा प्राप्त हुन आएको निकासा रकम सम्बन्धित शीर्षकमा खर्च भएको भन्ने देखिन आएकोले प्रतिवादीहरूले हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको विशेष अदालतको फैसला मिलेको देखिने ।

तसर्थ उपर्युक्त विवेचित आधार, प्रमाणहरूबाट यी प्रतिवादीहरू नगनारायण सिंह र कौशल किशोर प्रसादले रकम हिनामिना गरी आरोपित कसुर गरेको नठराई प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याएको मिति २०७४।३।४ को विशेष अदालत, काठमाडौंको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CI-०३०३, लिखत दर्ता बदर दर्ता, *हरेन्द्र महतो वि. कलावती देवी*

महेन्द्र महतोको २ श्रीमतीहरू रहेकोमा जेठी प्रतिवादीमध्येकी रामजोती कोइरी र कान्छी वादी कलावती देवी रहेको भन्ने तथ्यमा कुनै विवाद रहेको देखिँदैन । वादी र प्रतिवादी रामजोती तथा निजहरूको लोग्ने महेन्द्र महतोसमेत गरी जम्मा ३ जना अंशियारहरूका बीचमा अंशबन्डा भएकोसमेत नदेखिएको अवस्थामा निजहरू एका सगोलको अंशियार रहे भएको मान्नु पर्ने देखिन आउने ।

दाबीको सम्पत्ति प्रतिवादी रामजोतीले माइती मावलीपट्टिका नातेदार इष्टमित्रहरूबाट प्राप्त गरेको कुराको प्रमाण गुजार्न नसकेको र निजका दाता विरेन्द्र झा प्रतिवादी रामजोती कोइरीको माइती मावली पट्टिका नातेदार इष्ट मित्र रहेको भन्ने कुराको प्रमाणसमेत निजले दिन सकेको देखिँदैन । दाइजोको सम्पत्ति हो भनी जिकिर लिने व्यक्तिले नै कसबाट कहिले के कति सम्पत्ति वा रकम दाइजो पाएको हो र सोही सम्पत्ति तथा रकमबाट उल्लिखित जग्गा खरिद भएको हो भनी तथ्युक्त प्रमाणसमेत दिन सक्नु पर्दछ । यसरी दाबीको सम्पत्ति प्रतिवादी रामजोतीले दाइजोबाट प्राप्त गरेको वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल लिखतको कैफियतमा दाइजो भन्ने शब्द उल्लेख भएकै आधारमा मात्र उक्त सम्पत्ति निजको आफूखुस गर्न पाउने सम्पत्ति हो भनी मान्न मिल्ने अवस्थाको नदेखिने ।

वादी र प्रतिवादी रामजोतीसमेतका तीनै जना एकासगोलका अंशियार रहे भएको भन्ने तथ्यमा विवाद नरहेको अवस्थामा दाबीको जग्गामा प्रतिवादीको निजी

आर्जनको सम्पत्ति रहेको कुरा प्रमाणित हुन नसकेकोले सो सम्पत्तिमा वादीसमेतको अंशहक निहित रहेको नै देखियो । मुलुकी ऐन, लेनदेन व्यवहार महलको १० नं. मा भएको कानूनी व्यवस्थाअनुसार अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेका वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ--" भन्ने उल्लेख भएको पाइन्छ । यी वादीसमेतको अंशहक लाग्ने एकासगोलको सम्पत्ति बिक्री व्यवहार गर्दा यी वादीको मन्जुरी स्वीकृति लिएको नदेखिने ।

तसर्थ विवेचित आधार र कारणबाट वादी दाबी नपुग्ने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६८।८।१३ मा भएको फैसला उल्टी भई वादी दाबीबमोजिम कि.नं. ४२६ को ज.वि.१-२-१६ को जग्गा प्रतिवादी रामजोती कोइरीले प्रतिवादी हरेन्द्र महतोलाई मालपोत कार्यालय, सर्लाहीको र.नं. १७१२को लिखतबाट मिति २०६६।६।६ मा गरी दिएको राजीनामा लिखतको ३ भागको १ भाग लिखत तथा प्रतिवादी हरेन्द्र महतो नाउँको भएको दर्तासमेत बदर भई नरमकरम मिलाई वादीको नाउँमा दर्तासमेत हुने भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।९।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत २ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-CR-१३६४, जबरजस्ती करणी, *नेपाल सरकार वि. जितेन राई*

बालकको उमेर जे, जति हो सोसम्बन्धी यकिन गर्ने सबैभन्दा बलियो एवम् वैज्ञानिक आधार भनेकै *Medical report* भएकोले निज प्रतिवादीको उमेर परीक्षण गरिएको उक्त विश्वसनीय निर्विवाद प्रतिवेदन मिसिल संलग्न रहेको अवस्थामा सो प्रतिवेदनलाई अनदेखा गरी अन्य विवादास्पद प्रमाणलाई आधार मानी निजको उमेर अन्यथा हो भनी यकिन गर्न मिल्ने देखिँदैन । प्रतिवादीको उमेर परीक्षण हुँदाका अवस्थामा निजको उमेर १५ देखि १६ वर्ष भनी उक्त प्रतिवेदनमा उल्लेख गरिएका आधारमा पनि निज प्रतिवादीले उक्त कसुर गर्दाको वारदात मितिका समयमा निजको उमेर १६ वर्ष पुगेकै हो भनी भन्न मिल्ने अवस्था नदेखिने ।

प्रतिवादीको उमेर १७ वर्षको देखिएको भनी वादी पक्षले अभियोजन गरेको भए तापनि उल्लिखित उमेरका सम्बन्धमा उठेको विवादको निरूपणको निमित्त भरपर्दो र विश्वासिलो वैज्ञानिक आधारको रूपमा रहेको प्रतिवादीको उमेरसम्बन्धी परीक्षण गरिएको *Medical report* बाट निजको उमेर १६ वर्षभन्दा कम रहेको पुष्टि हुन आएकोले सोही आधारमा प्रस्तुत मुद्दामा निज प्रतिवादीको उमेर १६ वर्षभन्दा कम देखिएको भन्ने ठहर गरी सोही उमेर हदका आधारमा निज प्रतिवादीलाई सजाय कायम गरिएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६८।१०।३ को फैसला मिलेकै देखिन आएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिर तथा यस अदालतबाट मिति २०७३।५।२९ मा भएको आदेशमा लिइएका आधारहरू समेतसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखत विवेचित आधार र प्रमाणहरूबाट निज प्रतिवादी जितेन राईको उमेर १६ वर्ष नपुगेको भनी सुरू भोजपुर जिल्ला अदालतबाट भएको फैसलालाई सो हदसम्म सदर गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६८।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-०१५४, जबरजस्ती करणी, *माइला भन्ने कृष्णकुमार कार्की वि. नेपाल सरकार*

पीडितलाई प्रतिवादीले घरको बुइँगलमा निज प्रतिवादीको आमा घरमा रहिरहेकै बखत त्यस उमेरकी नाबालिका पीडितलाई आफ्नो घरमा लगी नरिवल र मिश्री दिई ललाई फकाई सो अनुसार पीडितको योनाङ्गबाट रगत आउने गरी एवम् योनाङ्गको बाहिरी भागमा निलडामसमेत देखिने गरी करणी गर्दाको अवस्थामा वर्ष ४ की निज नाबालिकाले सो हदसम्मको उक्त पीडा सहन गर्न सक्ने अवस्था पनि देखिँदैन । पीडितले उक्त घटना वारदातका समयमा कुनै तरहले पीडा सहन नसकी निज पीडितको मुखबाट रोदन र क्रोधनसहितको चिच्याहटको आवाज निस्कनु पर्नेमा निज पीडितलाई प्रतिवादीले कुनै जोरजुलुमका साथ सो समयमा मुख थुन्नेसमेतका कुनै कार्य गरेको थियो भनी पीडितको भनाइ रहेको पनि नदेखिने ।

घटना भयो भनिएपश्चात् पनि पीडित सामान्य अवस्थामा रहे भएको देखिन आएबाट पीडितको आमाको बकपत्र बेहोरा तथ्यमा आधारित भएको नदेखिँदा प्रमाणको रूपमा ग्राह्य गर्न मिल्ने देखिँदैन । यसका साथै घटना भयो भनिएको घरमा अरू मानिस पनि रहेको भन्ने मिसिल कागजातबाट देखिएकोमा पीडितले तत्काल घटना बारेमा केही नभनी बसेको अवस्था भएकोले प्रस्तुत मिसिलका सन्दर्भमा सो विषयसमेत विचारणीय देखिने ।

जाहेरवालाले जाहेरी दिँदाको अवस्थामा सोही जाहेरी दरखास्तमा नै पीडितको घा जाँचसमेत गराइपाऊँ भनी उल्लेख गरेकोमा निज पीडितको तत्काल अनुसन्धानको क्रममा स्वास्थ्य जाँच गरिएको देखिन्छ । पीडितको स्वास्थ्य जाँच परीक्षण प्रतिवेदनमा *"NO external injuries noted no tear noted in the hymen"* भन्ने उल्लेख भएको देखिन्छ । आफूलाई प्रतिवादीले नरिवल र मिश्री खान दिई जबरजस्ती करणी गर्‍यो भनी पीडितले भनेका आधारमा पीडितको योनाङ्गबाट रगत बग्नेसम्मको अवस्था एवम् योनाङ्ग सुन्निएर घर्षणको निल डामसमेत देखिनेसम्मको सो अवस्था रहेको भए पीडितको योनाङ्गमा रहेको सो चोट एवं घाखतहरूसमेत सहज रूपमा देखिन आउनु पर्नेमा उक्त स्वास्थ्य जाँच प्रतिवेदनमा निज पीडितको योनाङ्गमा बाहिरी चोट रहेको नदेखिएको र निजको हाइमन च्यात्तिएको अवस्थासमेत केही नदेखिएकोले निज पीडितका बाबुले दिएको जाहेरी एवम् पीडितको आमाको मौकामा भएको कागज तथा अदालतसमक्ष निजले गरेको बकपत्रमा उल्लेख गरिएको उक्त बेहोरा नै खण्डित हुन आएको देखिएबाट अभियोग दाबीबमोजिम निज पीडितलाई प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको हो भन्ने तथ्य नै सन्देहास्पद रहेको देखिने ।

फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार शङ्काको सुविधा अभियुक्तको पक्षमा नै रहने हुँदा शङ्कारहित स्वतन्त्र, ठोस प्रमाणको अभावमा कसैलाई पनि कसुरदार ठहर्‍याउन नमिल्ने हुँदा प्रतिवादीउपर जबरजस्ती करणीको उद्योग गरेको कसुरमा सजाय गर्ने गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६४।१।१० मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।२।२ मा भएको फैसला मिलेको देखिन नआउने ।

तसर्थ, निज प्रतिवादीले पीडितलाई ललाई फकाई गरी नरिवल र मिश्री दिई जबरजस्ती करणीको कसुर गरेको भन्ने तथ्य नै स्थापित हुन सकेको नदेखिएको अवस्थामा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ प्रदान गरिनु पर्नेमा निज प्रतिवादीलाई उक्त जबरजस्ती करणीको उद्योगको कसुरमा सजाय गर्ने गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६४।१।१० मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत

पाटनबाट मिति २०६५।२।२ मा भएको फैसला उल्टी हुने भई निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-०६१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रत्ना कोइराला*

प्रत्यर्थी प्रतिवादी रत्ना कोइरालाले गरेको बयानबाट मृतक आफैँ सलमा झुन्डिएर मृत्यु भएको हो । भोलिपल्ट सल मैले काटिदिएको भनी लेखाइदिएको देखिए तापनि मृतकको घाँटीमा सल दवेको डामहरू लास जाँच प्रकृति मुचुल्काबाट देखिँदैन । जीवित व्यक्ति आफैँले आत्महत्या गर्ने प्रयासस्वरूप सल लिएर वा जुनसुकै बेहोराले पासो लगाई झुन्डिएर मर्दा मृतकको घाँटीमा निल डामहरू बसेको हुन्छ । तर, प्रस्तुत विवादमा जतन कोइरालाको बकपत्रमा मृतक मरेपछि आफैँ मरेकी हो भन्ने पार्न आमाको सहयोग लिई लासलाई माथि तलामा लगी सलले झुन्डाएका हुन् भनी उल्लेख भएकोबाट मृतक नन्दशोभाको मृत्यु सहप्रतिवादी डिल्लीप्रसाद कोइरालाको चोट प्रहारबाट भएको देखिन आएको र मृतकको मृत्यु भइसकेपछि यी प्रत्यर्थी प्रतिवादीसमेतको सहयोगमा मृतकलाई सलले घाँटीमा बाँधी झुन्ड्याइएको भन्ने देखिने ।

प्रतिवादी रत्ना कोइरालाले मृतकलाई आफैँले कुटपिट गरेको भन्ने नदेखिए तापनि सहप्रतिवादीले मृतकलाई मरणासन्न हुने गरी कुटपिट प्रहार गरिरहँदाका अवस्थामा आफ्नै घरभित्र आफ्नै संरक्षणमा रहेकी मृतक बुहारीले मृत्युवरण गर्ने अवस्थासम्म पुग्दा पनि आफू मुकदर्शक भई अर्का प्रतिवादीको चोट प्रहारलाई निषेध गरेको भन्नेसम्म नदेखिई सहप्रतिवादीको चोट पिडाबाट मृत्यु भएकी मृतकको लासलाई आफैँ मरेको भन्ने भान पार्ने नियतले सलले बाँधी झुन्ड्याई राखिएको लासको उक्त सल काटी दिई मृतकलाई मार्नमा संयोग पारिदिने कार्यसम्म गरेको देखिएबाट निजको हकमा सोही १७(२) नं. को अवस्था आकर्षित हुने देखिने ।

प्रत्यर्थी प्रतिवादी रत्ना कोइरालाले मृतकलाई मार्ने कार्यमा संलग्न रहेका सहप्रतिवादी डिल्लीप्रसाद कोइरालाले कुटपिट गरी चोट छोडिरहेको अवस्थामा निज मृतकलाई कुटपिट गरेको नदेखिए तापनि मृतक लासलाई घरको माथिल्लो तलामा लगी झुन्ड्याउन सहयोग गरेको भन्ने देखिँदा यी प्रतिवादी रत्ना कोइरालाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर गरेकोले निजलाई सोही महलको १७(२) नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने भनी सुरू कालिकोट जिल्ला अदालतबाट मिति २०६९।१।३१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।२।७ मा भएको फैसला मिलैकै देखिन आएकोले निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् यस अदालतबाट मिति २०७३।१।१९ मा भएको आदेशमा लिइएका आधार र कारणहरू समेतसँग सहमत हुन नसकिने ।

तसर्थ गरिएको विश्लेषण र विवेचनाको आधारमा यी प्रतिवादी रत्ना कोइरालाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर गरेकोले निजलाई सोही महलको १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने भनी सुरू कालिकोट जिल्ला अदालतबाट मिति २०६९।१।३१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।२।७ मा भएको फैसला

मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-११३३, लागु औषध, *नेपाल सरकार वि. सोनी मिश्र*

राजविराजबाट काठमाडौंसम्म आवत जावत गर्ने बसमा राजविराजदेखि उक्त बसमा पठाइएको सो सामानका साथमा यी प्रतिवादी उक्त बसमा यात्रा गरी आएको नदेखिएको र उक्त बसमा पठाइदिएको सो सामान लगेर राखिदिनु भनी प्रतिवादीलाई अन्य व्यक्तिले अह्राई पठाइदिएको सो सामान लिन भनी गएको अवस्थामा पक्राउ परेको देखिएबाट निज प्रतिवादी सोनी मिश्र स्वयम्ले सो बरामद लागु औषध लिई बोकी आएको नदेखिएकोले निज प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधनसहितको) दफा ४(घ) र (च) बमोजिमको कसुर गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१)(झ) बमोजिम सजाय गर्नु न्यायोचित हुने देखिन नआउने।

प्रत्यर्थी प्रतिवादी सोनी मिश्रलाई अरूले पठाइदिएको सामान सुरक्षित राखी सहयोग गर्ने व्यक्तिसम्म देखिएकोले निजले उक्त कसुरमा मतियारको भूमिका निर्वाह गरेको देखिएको हुँदा बरामद लागु औषधको परिमाणसमेतका आधारमा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) झ ले ३वर्ष कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुनेमा ऐ.को दफा १७ ले सोको आधा १ वर्ष ६ महिना कैद र ७५,०००।- जरिवाना हुने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।८।५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।२६ मा भएको फैसला मिलेकै देखिन आएकोले प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर तथा यस अदालतबाट मिति २०७०।९।४ मा भएको आदेशमा लिइएको आधारहरूसमेतसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।८।५ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०२४६, जबरजस्ती करणी, *नेपाल सरकार वि. रामलाल यादव भन्ने गौतमकुमार यादव*

मिति २०६६।०६।१८ गतेका दिन बिहान ४.०० बजेको समयमा पीडित भनिएकी जाहेरवालीले घटना वारदातका समयमा दीशा बस्नको निमित चौरीमा गएको अवस्थामा प्रतिवादीले आफूलाई पछाडीबाट समाती जबरजस्ती करणी गरेको भनी जाहेरी दिएको देखिएकोमा निज जाहेरवालीले तत्काल कुनै प्रतिकार वा हारगुहार गरेको भनी जाहेरी बेहोरामा खुलाई लेखाइदिएको देखिँदैन भने निज पीडित जाहेरवालीले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा, आफूलाई प्रतिवादीले पछाडिबाट समाती पेस्तोल कञ्चटमा राखी आफूलाई भुइँमा लडाई जबरजस्ती करणी गरेको भनी जाहेरी बेहोरामा उल्लेख नै नभएको असङ्गत तथ्यसमेत देखाई बकपत्र गरेको देखिने।

मौकामा दिएको जाहेरीमा पेस्तोलसहित आएका प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी लेखाएको देखिएको छैन। एउटै व्यक्तिले

मौकामा आफैँले दिएको जाहेरी बेहोरामा उल्लेख नै नभएको तथ्यहरू थप गरी बकपत्र गरिदिएको देखिन्छ । यसरी मौकामा दिएको जाहेरी बेहोरालाई समर्थित हुने गरी बकपत्र गर्न नसकेको उक्त जाहेरीलाई मौकामा दिएको किटानी जाहेरीको रूपमा अर्थ गरी हेर्न मिल्ने अवस्था नदेखिने ।

घटना वारदातमा चश्मदिद् भनिएका मोहरलाल राउत, सजिवन राउतसमेतका व्यक्तिहरूले जबरजस्ती करणी गरी भाग्दै गरेको देखेका हौं भने पनि मौकामा प्रतिवादीको पञ्जाबाट पीडितको उद्धार गरिएको भन्नेसमेत देखिन नआएकोले केबल भाग्दै गरेको देखेको हो भन्ने भनाइका आधारमा दाबी लिएबमोजिमको वारदात भयो होला भनी भन्न सकिने अवस्थासमेत देखिँदैन। घटनास्थलको वस्तुगत आधार समय र प्रतिवादीले देखाएको क्रियाकलापसमेतको अध्ययन र विश्लेषणबाट जबरजस्ती करणीको वारदात भएको भनी ठोस एवम् वस्तुनिष्ठ रूपमा पुष्टि हुन सकेको अवस्था नदेखिने ।

जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा जाहेरवालीको उक्त विवादस्पद भनाइ र मौकामा चश्मदिद् भनिएका व्यक्तिहरूको अविश्वसनीय कथनबाट प्रतिवादीलाई कसुरदार कायम गर्न न्यायोचित नहुने हुँदा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन नसकेकोले निज प्रतिवादीलाई सफाइ दिने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।०१।२७ मा भएको फैसला मिलेकै देखिन आएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् यस अदालतबाट मिति २०७१।०४।२८ मा भएको आदेशमा लिइएका आधार र कारणसमेतसँग सहमत हुन नसकिने ।

तसर्थ यी प्रत्यर्थी प्रतिवादीउपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(४) नं. विपरीतको कसुरमा ऐ.३(४) नं.बमोजिम सजाय गरी ऐ.महलको १० र १०(ग) नं. बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराइ पाउँ भन्ने अभियोग दाबीबाट सफाइ दिने गरी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६७।८।८ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।१।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०४३५, चोरी, *नेपाल सरकार वि. इन्दिरा ढकाल*

अनुसन्धानको क्रममा कागज गर्ने वस्तुस्थिति मुचुल्काका मानिस सीता आचार्यसमेतले यी प्रतिवादी इन्दिरा ढकाल र मनिता राईका बीच उक्त मनि ट्रान्सफरको काउन्टरमा विवाद झगडा भइरहेको भनी बकपत्र गरिदिएको देखिन्छ । उक्त काउन्टरमा सेवा प्रवाह गर्न बसेकी निज मनिता राईसँग यी प्रतिवादीको वादविवाद भइरहेको अवस्थामा देख्ने वादी पक्षका उक्त साक्षीले निज प्रतिवादीले सो समयमा मास्क लगाई हातमा चक्कु बोकेकी थिइन् भनी उल्लेख गर्न सकेको देखिँदैन भने यी प्रतिवादी इन्दिरा ढकालले रकम लिएको भनी किटान गरी बकपत्रमा उल्लेख गर्न सकेकोसमेत नदेखिने ।

निज जाहेरवालालाई बकपत्रका लागि सुरू अदालतबाट पटकपटक म्याद जारी भएको देखिएको र अ.बं.११५ नं. बमोजिम निज जाहेरवालालाई उपस्थित हुन म्याद पठाउँदा पनि निज हाजिर हुन आएको नदेखिएकोले निज प्रतिवादी इन्दिरा ढकालले कसुरमा इन्कार रही अदालतसमक्ष गरेको सो बयान जिकिरलाई कुनै चुनौती दिन सकेको भनी मान्न मिल्ने देखिएन ।

यसर्थ निज प्रतिवादीउपरको अभियोग दाबी खम्बिर तवरले पुष्टि गर्नको लागि तथ्यगत प्रमाण वादीतर्फबाट पेस हुन नसकेको हुँदा अभियोग दाबीबमोजिम प्रतिवादी इन्दिरा ढकालले उक्त दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन नआएकोले निजलाई अभियोग दाबीबाट सफाइ दिनु पर्नेमा निजलाई कसुरदार ठहर गरी सजाय गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।११।०२ को फैसला मिलेको देखिन नआएबाट उक्त सुरू फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।०८।१२ मा भएको फैसला मिलेकै देखिन आएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् यस अदालतबाट मिति २०७४।०७।१६ मा भएको आदेशमा लिइएको आधार तथा कारणसमेतसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी इन्दिरा ढकालले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन नआएकोले निजलाई अभियोग दाबीबाट सफाइ दिनुपर्नेमा कसुरदार ठहर गरी सजाय गरेको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।११।२ को फैसला मिलेको देखिन नआएबाट उक्त सुरू फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।८।१२ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०४७१, जालसाजी, *भीमदत्त श्रेष्ठ वि. लोकमान श्रेष्ठ*

पुनरावेदक प्रतिवादी भीमदत्तले यी प्रत्यर्थी वादी ठाकुरप्रसाद श्रेष्ठलाई आफ्नो बाबु नाता रहेको भन्ने देखाई निजसमेत उपर बाँके जिल्ला अदालतमा संवत् २०६२ सालको दे.नं.१२०३ को अंश मुद्दा दायर गरेको देखिन्छ। प्रत्यर्थी वादीले उक्त अंश मुद्दामा प्रतिवाद गर्दा, यी पुनरावेदक प्रतिवादीलाई छोरा नाताको होइन भनी नातामा विवाद देखाएका कारण उक्त अंश मुद्दामा मिति २०६३।०४।२० मा प्रमाण पेस गर्ने, मिति २०६३।०६।३० मा नातातर्फ अ.बं.८०नं.को बयान गराउने र DNA परीक्षण गराउने भन्नेसमेतका आदेश भएपश्चात् यी पुनरावेदक प्रतिवादीले "साबिक जिल्ला बर्दिया गा.वि.स. मनाउ वडा नं.५ हाल बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ५ बस्ने गोपिमान श्रेष्ठको छोरा ठाकुरप्रसाद श्रेष्ठ मेरो सहोदर बाबु नाता पर्ने भएकोले नाता प्रमाणित गरिपाउँ" भनी मिति २०६३।१०।२८ मा गा.वि.स.को कार्यालय, मानपुर टपरा बर्दियामा निवेदन दिई सोही निवेदनका आधारमा उक्त कार्यालयबाट मिति २०६३।१०।२९ मा सरजमिन बुझ्ने कार्य गरी सोही मिति २०६३।१०।२९ मा मानपुर गाउँ विकास समितिको कार्यालयबाट यी प्रत्यर्थी वादी ठाकुरप्रसाद श्रेष्ठ र पुनरावेदक प्रतिवादी भिमदत्त श्रेष्ठ बाबु छोरा नाताका व्यक्ति हुन् भनी नाता प्रमाणित प्रमाणपत्र प्राप्त गरेको देखिने।

पुनरावेदक प्रतिवादीले उक्त नाता प्रमाणित प्रमाणपत्र प्राप्त गर्नुअघि भएको उक्त सरजमिनका कार्यसमेतलाई जालसाजी घोषित गरिपाउँ भनी यिनै प्रत्यर्थी वादीले यिनै पुनरावेदक प्रतिवादीउपर दायर गरेको यसै लगाउमा रहेको ०७२-CR-०४७२ को जालसाजी मुद्दामा सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०६७।०१।२० मा भएको फैसला उल्टी गरी दाबी ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।८।२६ मा भएको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको हुँदा सोही मुद्दामा लिइएको बुँदा प्रमाणसमेतको आधारमा प्रस्तुत मुद्दामा समेत वादी दाबी नपुग्ने ठहर्‍याई सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी

दाबी ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवम् यस अदालतबाट मिति २०७२।०६।०६ मा भएको आदेशमा लिइएका आधारसमेतसँग सहमत हुन नसकिने।

तसर्थ यसै लगाउमा रहेको ०७२-CR-०४७२ को जालसाजी मुद्दामा विवेचित आधार प्रमाणहरूसमेतबाट प्रस्तुत मुद्दामा सुरू बर्दिया जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने भनी मिति २०६७।१।२० मा भएको फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।८।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-CR-०४७२, जालसाजी, *भीमदत्त श्रेष्ठ वि. लोकमान श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०८४७, जबरजस्ती करणी, *नेपाल सरकार वि. शेरबहादुर गुरूङ*

पीडितले प्रहरीमा कागज गर्दा, उक्त घटना वारदातको समय बिहान ५ बजे भनी उल्लेख गरेको र अदालतमा बकपत्र गर्दा दिनको ४ बजे घटना घटेको हो भनी लेखाइदिएको देखिन आएकोले जबरजस्ती करणी मुद्दामा चश्मदिद गवाहको अभाव हुने सन्दर्भमा पीडितको भनाइलाई नै आधार मानी प्रमाणमा लिनु पर्ने भए तापनि प्रस्तुत मुद्दामा पीडितले मौकामा कागज गर्दा व्यक्त गरेको वारदातको समयका सम्बन्धमा अदालतमा आई गरेको बकपत्रमा द्विविधाजनक अभिव्यक्ति दिएको देखिएकोले वारदातको समय नै फरक परेको देखिन आएकोले स्वयम् पीडित भनिएकीको भनाइ नै फरक परेबाट यकिन रूपको नदेखिने।

मौकामा पीडितको शारीरिक एवम् स्वास्थ्य परीक्षण गरी दमौली अस्पतालले दिएको स्वास्थ्य जाँच परीक्षण प्रतिवेदनमा "पीडितको कन्याजाली नच्यातिएको, योनिको भित्रपट्टि कुनै घर्षण दाग, चिह्न, घाउचोट नभेटिएको र *vaginal swab* परीक्षणमा करणीको कुनै पनि चिह्न आधार नभेटिएको" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। पीडितले यसभन्दा अघि पनि आफूलाई बाबुले पटकपटक जबरजस्ती करणी गरेको भनी मौकामा कागज गर्दा लेखाइदिएको देखिएकोमा निज पीडितको उक्त भनाइ अस्पतालको उक्त स्वास्थ्य जाँच प्रतिवेदनमा उल्लिखित बेहोराले खण्डित भई निजको भनाइमा प्रामाणिक सत्यता रहेको पुष्टि हुन आएको नदेखिने।

प्रतिवादीका दुवै श्रीमतीहरू एकाघरका सहोदर दिदी बहिनी भई मौकामा अनुसन्धान तहकिकातको सिलसिलामा कागज गर्दा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हुन सक्छ भनी अभिव्यक्त गरी कागज गरिदिएको देखिए तापनि निज लक्ष्मी गुरूङ तथा मौकामा घटना विवरण कागज गर्ने विष्णुदेवी थापा, गीता गौतमसमेतलाई वादी पक्षले अदालतसमक्ष उपस्थित गराई बकपत्र गराउन सकेकोसमेत देखिँदैन । मौकामा कागज गरे पनि अदालतमा उपस्थित भई बकपत्र नगर्ने निजहरूको मौकामा गरिएको अभिव्यक्तिलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था पनि नदेखिने।

अतः प्रतिवादी शेरबहादुर गुरूङले अभियोग दाबीबाट सफाइ पाउने भनी सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०६८।८।१४ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६९।१२।५ मा भएको फैसला

मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०८९१, अपहरण तथा ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. पर्शुराम बस्नेतसमेत*

प्रतिवादी रोहित कोइराला आफू उक्त आरोपित कसुरमा अदालतमा इन्कार रही बयान गरेको र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा खिलनाथ ढकाल, रोहित कोइराला र मनोज सिंह राईसमेत ३ जनाले रक्सी खान भनी एउटै मोटरसाइकलमा चढी सेकुवा कर्नरतर्फ गएकोमा उक्त होटलहरू बन्द भइसकेको कारणले प्रतिवादी रोहित कोइराला घरतर्फ गइसकेपछि निज पीडितलाई मोटरसाइकलमा चढाई घरतर्फ छोड्न जाँदा बाटोमा म पीडितले पत्रकार हुँ, जे पनि लेख्छु भनी कराएकोले मोटरसाइकल रोकी निज प्रतिवादी मनोज राईले सोही बखत आवेशमा आई पीडित खिलनाथ ढकाललाई, बक्सिङ र बाँसको भाटाले हिर्काइ कुटपिट गरेको भन्ने देखिन आएको र सो कुटपिट गर्ने गराउने कुरामा अन्य प्रतिवादीहरू अरू कसैको संलग्नता छैन, आफू एक्लैले कुटपिट गरेको हो, अपहरण गर्ने योजना नबनाएको, पत्रकार हुँ लेख्छु भनेकोले आवेशमा आई कुटपिट गरेको हुँ भनी निज प्रतिवादी मनोज राईले गरेको बयानमा उल्लेख गरेको देखिन आएबाट उक्त घटना वारदातमा प्रतिवादी पर्शुराम बस्नेतको कुनै किसिमले उपस्थिति रहेको भनी पुष्टि हुन आएको नदेखिने।

पीडित खिलनाथ ढकाललाई मार्ने मनसायले प्रतिवादीहरूले घटना स्थलमा बोलाएको वा निजलाई मार्नेसम्मको कार्य गरी घाइते बनाएको वा उक्त घटना वारदातमा प्रतिवादीहरू कुनै जोखिमी हात हतियारसहित उपस्थित भई प्रहार गरेको अवस्थासमेत नदेखिनुका साथै अन्य तेस्रो पक्षको अप्रत्यासित उपस्थितिका कारण पीडितको ज्यान मर्नबाट जोगिएको भन्ने कुरा प्रस्तुत मुद्दाको मिसिल संलग्न तथ्यहरूबाट देखिन आएको पाइएन। पीडित घाइतेको शरीरमा लागेको घा जाँच केस फारमबाट निजको शरीरमा गम्भीर किसिमको कुनै घाउ चोट लागेको भन्नेसमेत नदेखिएको हुँदा प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको ज्यान मार्ने उद्योगको कसुर गरेको भनी मान्न मिल्ने अवस्थासमेत नदेखिने।

अभियोग दाबीबमोजिमको कसुर नै स्थापित हुन नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिनु पर्ने अवस्था देखिएको हुँदा प्रतिवादी मनोज सिंह राईलाई ज्यानमार्ने उद्योगको कसुर गरेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.को कसुरमा ५ वर्ष कैद सजाय गर्ने तथा प्रतिवादीमध्येका रोहित कोइरालाको हकमा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.को कसुरमा ऐ.को १७(३) नं.बमोजिम ६ महिना कैद सजाय गर्ने भनी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०।१।१९मा भएको फैसला उल्टी गरी निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने तथा प्रतिवादीमध्येका कृष्ण बस्नेत भन्ने पर्शुराम बस्नेतलाई सफाइ दिने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०।१।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने भनी एवम् प्रतिवादी मनोज राई भन्ने मनोज सिंह राईको हकमा प्रस्तुत मुद्दाको वारदातको रूप र प्रकृतिबाट प्रस्तुत मुद्दामा ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन नसकी प्रस्तुत वारदातलाई कुटपिटमा परिणत गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पक्षले मुद्दा सरकार गर्न आएमा प्रस्तुत मुद्दाबाटै कुटपिटमा कारबाही हुने भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१२।०९ मा भएको फैसला मिलेकै देखिन

आएकोले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको कसुर कायम गरी सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ अभियोग दाबीबमोजिमको कसुर स्थापित हुन नसकेकोले प्रतिवादी मनोज सिंह राईलाई ज्यानमार्ने उद्योगको कसुर गरेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.को कसुरमा ५ वर्ष कैद सजाय गर्ने तथा प्रतिवादीमध्येका रोहित कोइरालाको हकमा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.को कसुरमा ऐ.को १७(३) नं.बमोजिम ६ महिना कैद सजाय गर्ने भनी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०।१।१९ मा भएको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने एवम् प्रतिवादी मनोज राई भन्ने मनोज सिंह राईको हकमा प्रस्तुत मुद्दाको वारदातको रूप र प्रकृतिबाट प्रस्तुत मुद्दामा ज्यानमार्ने उद्योगको कसुर स्थापित हुन नसकी प्रस्तुत वारदातलाई कुटपिटमा परिणत गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पक्षले मुद्दा सकार गर्न आएमा प्रस्तुत मुद्दाबाटै कुटपिटमा कारबाही हुने भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०४६२, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. मोहन बैगार*

जाहेरवालीलाई यी प्रतिवादीले निजको इच्छाविपरीत सो ट्याक्टरबाट निजको हात समाती जबरजस्ती झारेको कार्यमा कुनै विवाद रहेको देखिँदैन । जाहेरवालीलाई उक्त ट्याक्टरबाट ओर्लनको लागि पटकपटक अनुरोध गर्दासमेत निज जाहेरवाली सो ट्याक्टरबाट नओर्लिदिएको कारणबाट प्रतिवादीले निजलाई सो ट्याक्टरबाट हातै समाती झारिदिएकोसम्मको सो कार्यलाई न्यायिक रोहमा जबरजस्ती करणीको उद्योगको कसुर गरेको भन्न मिल्ने पनि देखिन आउँदैन । जाहेरवालीको जाहेरी बेहोरा र निजले अदालतसमक्ष गरेको बकपत्र बेहोरामा उल्लेख भएको वारदात स्थानसमेत फरक परेको देखिने।

स्वयम् जाहेरवालीकै जाहेरी र बकपत्रको भनाइ बेहोरासमेत एकै मिलानको भएको नदेखिएको र स्वास्थ्य परीक्षण प्रतिवेदनलगायतका अन्य स्वतन्त्र र शङ्कारहित तवरबाट अभियोग दाबी पुष्टि हुन सकेको नदेखिएको हुँदा ठोस सबुद प्रमाणको अभावमा यी प्रतिवादीबाट जाहेरवालीलाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको भन्न सकिने अवस्था नदेखिएको हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिमको दोषी करार गर्न मिल्ने स्थिति नदेखिने।

मिसिल संलग्न जाहेरवालीको जाहेरी दरखास्त र निजले अदालतसमक्ष गरेको बकपत्र बेहोरा, प्रतिवादीको अदालतमा भएको इन्कारी बयान र सो बयानलाई समर्थित हुने गरी निजका साक्षी सन्तोष वैगारले बकपत्र गरिदिएकोसमेतका आधार प्रमाणबाट जाहेरवालीलाई उक्त वारदात मितिका समयमा निज चढेको उक्त ट्याक्टरबाट ओर्लनको लागि प्रतिवादीले पटकपटक अनुरोध गर्दासमेत निज जाहेरवाली सो ट्याक्टरबाट नओर्लिदिएको कारणबाट प्रतिवादीले निजलाई सो ट्याक्टरबाट हातै समाती निजको इच्छाविपरीत झारिदिएको देखिएको हुँदा **"पीडितले आफ्नो इज्जतमा धक्का लाग्ने गरी अदालतमा पनि बकपत्र गर्नुपर्नेसम्मको प्रतिवादीसँगको रिसइवी पनि देखिन नआएको"** भन्नेसमेतका आधारमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्ने

गरी भएको उक्त आदेशसँग सहमत हुन सकिएन । यी प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणीको ठोस सबुद प्रमाणको अभावमा यी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला मनासिबै भएको देखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी मोहन बैगारलाई सबुद प्रमाणको अभावमा अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७१।५।८ को फैसला सदर हुने भनी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७१।८।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-WO-०७९०, उत्प्रेषण, *नन्दकुमार बस्नेत वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय, पुल्चोकसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५३ को कानूनी व्यवस्थाबमोजिम विपक्षी उपमहानगरपालिकाले विवादमा आएको जग्गाबाहेक गरी बाँकी विवाद नभएको जग्गामा घर निर्माण गर्ने स्वीकृति दिन सक्ने देखिएको र प्रस्तुत विवादमा विपक्षी चन्द्रकुमारी थापाको दर्ताको कि.नं. ४१७ मा बढी कायम भएको ज.रो. ०-१-२-० बाहेक गरी बाँकी साबिकको क्षेत्रफल ०-१४-२-२ जग्गामा घर निर्माण गर्न स्वीकृत प्रदान गर्ने भनी विपक्षी ललितपुर उपमहानगरपालिकाबाट भएको निर्णयबाट निवेदकको हकमा असर पर्ने गएको देखिन नआउने ।

तसर्थ विपक्षी ललितपुर उपमहानगरपालिकाले विपक्षी चन्द्रकुमारी थापाको नाउँमा दर्ता रहेको कि.नं. ४१७ को साबिकमा रहेको क्षेत्रफलमा घर निर्माण गर्न अनुमति दिने गरी नक्सा पास गर्ने गरेको मिति २०६६।११।२८ र २०६७।३।३२ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकोले निवेदन मागबमोजिम विपक्षी उपमहानगरपालिकाले गरेको निर्णय बदर गरिपाउँ भन्ने निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-WO-०८४३, उत्प्रेषण / परमादेश, *शोभाचन्द्र मिश्रसमेत वि. प्रा.डा.बुलन्द थापासमेत*

जनताले प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवा निशुल्क गुणस्तरीय एवम् सस्तो सर्वसुलभ र प्रभावकारी हुनुपर्नेमा विवाद देखिँदैन । जनताले प्राप्त गर्ने स्वास्थ्य उपचारको सेवा महङ्गो भएमा सर्वसाधारण जनताको स्वास्थ्य उपचारसम्बन्धी हक पहुँचबाहिर हुन जान्छ । जनताले सुलभ तरिकाले उपचार प्राप्त गर्न नसक्ने हुन्छ । समय सापेक्ष रूपमा स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन भनी विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको मिति २०६९।१०।११ र १२ गतेको ७३ औं कार्यकारी परिषद्को निर्णयबाट शुल्क परिमार्जन गर्ने निर्णय गरी उपचारसम्बन्धी शुल्कमा वृद्धि गरेको देखिएको र सोही विषयलाई लिएर आम नागरिकको उपचारसम्बन्धी संवैधानिक हकमा असर पर्ने भनी प्रस्तुत रिट निवेदन दर्ता भएको देखिएकोमा विपक्षी वीर अस्पतालको कार्यकारी परिषद्कै २०६९ फाल्गुण १३ को बैठक

नं.७४ को निर्णयबाट सेवा शुल्क परिमार्जन गर्ने भनी गरिएको मिति २०६९।१०।११ र १२ को निर्णय स्थगित गरी वैज्ञानिक रूपले सेवा शुल्क परिमार्जन गर्न कार्यदल गठन गरेको अवस्था देखियो । यसरी निवेदकले रिट निवेदनमा उल्लेख गरेअनुसार सेवा शुल्क वृद्धि गर्ने निर्णय स्थगित भएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ मा शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-११८४, जबरजस्ती करणी, *सुरेश परियार वि. नेपाल सरकार*

प्रतिवादी सुरेश परियारले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा वारदात भयो भनिएको दिन र समयमा वारदात भयो भनिएको स्थान आफ्नै घरमा रहेको तथ्यलाई स्वीकारेको देखियो । पीडित बालिकाले यिनै प्रतिवादीलाई किटान गरी मौकामा कागज गर्नुका साथै यी प्रतिवादीलाई सनाखतसमेत गरेको अवस्था छ । निज पीडित बालिका र निजको आमासमेतले मौकामा दिएको जाहेरी र घटना विवरण कागजमा उल्लेख भएको कुरालाई पुष्टि गरी अदालतमा बकपत्र गरेको देखिन्छ। पीडित नाबालिकाको स्वास्थ्य परीक्षण हुँदा पीडितको योनि वरिपरि संघर्षको चिह्न भएको, पीडितको कन्याजाली च्यातिएको, पीडितको प्राइभेट भाग (योनि) वरिपरि घाउ भएको भन्न मिसिल संलग्न जिल्ला स्वास्थ्य कार्यालय, मुसीकोट रूकुमको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिनुका साथै स्वास्थ्य परीक्षण गर्ने डा.अनुप कार्कीले उक्त प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरी दिएको देखिने।

स्वयम् प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा उक्त वारदात पछि निज पीडित आफूलाई देख्ने बित्तिकै डर, भयले रूने कराउने गरेको कुरालाई समेत स्वीकारेको देखिन्छ। एउटा वर्ष ५ को अवोध बालिका यी प्रतिवादीलाई देख्नासाथ रूने कराउने गर्नुको अन्य कारण केही रहे भएको प्रतिवादीले खुलाउन सकेको देखिँदैन । जाहेरवाला र प्रतिवादीबीच कुनै रिसइवी रहे भएको देखिँदैन । पीडितको आमा जाहेरवालाले आफ्नी छोरीलाई यी प्रतिवादीले जबरजस्ती करणी गरेको आरोप लगाई जाहेरी दिनुको मनासिब अन्य कुनै कारण रहे भएको कुरा पनि प्रतिवादीले खुलाउन सकेको नदेखिने।

तसर्थ विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी आरोपित कसुरमा इन्कार रहे तापनि मिसिल संलग्न उल्लिखित आधार प्रमाणहरूले निजले अभियोग दाबीबमोजिमको कसुर गरेको प्रमाणित भइरहेकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । अतः पुनरावेदन अदालत, तुलसीपुर अदालतबाट मिति २०७२।५।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१८७४, डाँका तथा ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. प्रमोदकुमार यादवसमेत*

वारदातमा पेस्तोलबाट गोली प्रहार गरेको भन्ने देखिँदैन । पीडितको निजको घाउ जाँच केस फाराममा Eye brow, Left ear, Face, Head र पाखुरामा चोटपटकहरू लागेको भन्ने देखिन्छ । उक्त घाउ चोटहरूको प्रकृतिबाट पीडितलाई ज्यान मार्ने

उद्देश्यबाट प्रहार गरेको भन्ने र ज्यान मर्नेसम्मको अवस्था रहेको भन्ने देखिँदैन । यसरी प्रतिवादीहरूले जाहेरवालालाई कुटपिट गरी हतियार छाडी घाइते बनाएको देखिए तापनि उक्त वारदात ज्यान मार्ने उद्योग नभई चोरी गर्ने उद्देश्यले कुटपिट गरेको देखिँदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगअन्तर्गतको नदेखिई कुटपिटअन्तर्गतको देखिँदा प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत हुने ठहर्‍याई भएको सुरू फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

वारदातको जाहेरी दरखास्त र अभियोग पत्रमा ३ जना प्रतिवादीको नाम उल्लेख गरी अन्य ३ जना प्रतिवादीको अस्तित्व देखाउन सकेको देखिँदैन । ६ जना प्रतिवादीमध्ये प्रमोदकुमार यादवलाई सोही महलको २० नं. को कसुर गरेको भनी अभियोग लगाएको देखिन्छ । चोरीको २० नं. मा "चोर्न जाँदा सँग नगएको भएपनि चोरी ल्याएको माल बाँडी लिने मतियारलाई जति पटक बाँडी लिएको छ सो बिगो भराई बिगोबमोजिम जरिवाना गरी चोरीको पटकको कैदबमोजिम कैदसमेत गर्नुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ । अर्का प्रतिवादी श्यामकुमार यादव उक्त वारदातस्थलमा उपस्थित भएको भनी पुष्टि गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा ३ जना प्रतिवादीहरूको अस्तित्व नै नभएकोले उक्त वारदातलाई डाँका वारदात भनी मान्न मिल्ने देखिँदैन । उक्त वारदात डाँका वारदात भएको पुष्टि नभएकोले सोही महलको ५ नं. को रहजनी चोरी भएको देखिन आयो । उक्त ५ नं.मा "बाटो घाटो वा जङ्गलमा ढुकी जबरजस्ती चोरी गरेको रहजनी ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेकोले प्रतिवादीहरूले जाहेरवालालाई कुटपिट हातपात गरी निजको साथबाट नगद चोरी गरी लगेको पुष्टि हुन आयो । यस्तो वारदातलाई डाँका वारदात भन्न नमिली रहजनी चोरीको वारदात कायम गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादी श्यामनारायण यादवले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सहप्रतिवादी प्रमोदकुमार यादवले आफूलाई लुटेको रकमबाट रू.५०,०००।– दिएका थिए भनी कसुरमा साबित भई बयान गरेकोमा अदालतमा बयान गर्दा यी प्रतिवादीले सहप्रतिवादी प्रमोदकुमार यादवले आफूलाई रू.५०,०००।– हिस्सा दिएको हो भनी बयान गरेको देखिन्छ । जाहेरवालाले आफूलाई घातक हतियार प्रयोग गरी आफूसँग भएको रू.६,५०,०००।– लुटी लगेको घटनाका सम्बन्धमा २७ दिनसम्म कहीँकतै उजुर नगरी २७ दिनपछि सोचविचार गरी दिएको जाहेरी दरखास्तका आधारमा जाहेरी दरखास्तमा उल्लेख भएकै रकम चोरी भएको हो भनी मान्न मिल्ने अवस्था हुँदैन । प्रतिवादी प्रमोदकुमार यादवले दिएको सुराकीको आधारमा प्रस्तुत वारदात घटेको देखिएकोले र निज प्रतिवादीहरू प्रमोदकुमार यादव र श्यामनारायण यादवले चोरी गरी ल्याएको रूपैयाँ बाँडी लिई खाई चोरीको २० नं. को कसुर गरेको स्थापित हुन आउने ।

तसर्थ प्रतिवादी प्रमोदकुमार यादवलाई मुलुकी ऐन, चोरीको २० नं. ले २ महिना कैद र रू.१५,०००।– जरिवाना हुने तथा अर्का प्रतिवादी श्यामनारायण यादवलाई सोही महलको २० नं. बमोजिम २ महिना कैद र रू.५०,०००।– जरिवाना गरी निजबाट बिगो रू.५०,०००।– जाहेरवालालाई भराइदिने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-२०१४, ज्यान

मार्ने उद्योग, *नेपाल सरकार वि. झोपे भन्ने दिपककुमार मण्डल*

जाहेरवालाले जाहेरी दरखास्तमा यी प्रतिवादी दीपकको हातमा भएको पेस्तोल पड्किन नसकेपछि सोही पेस्तोल दिनेशले लिई पड्काउँदा गोली चली आफ्नी छोरीलाई लागेको भनी लेखाइदिएको देखिन्छ । निजले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीले चलाएको गोली लागी घाइते भएको भनी लेखाउन सकेको देखिँदैन । जाहेरवालालगायत वादीका साक्षीहरू रामकिशोर मण्डल, रामटहल मण्डल, तपेश्वर मण्डलसमेतका व्यक्तिले अदालतमा बकपत्र गर्दा यीनै प्रतिवादीले चलाएको गोली लागी पीडित घाइते भएको भनी लेखाउन सकेको देखिँदैन। त्यसैगरी पीडित प्रियंका कुमारीले अदालतमा बकपत्र गर्दा प्रहरीसमक्ष आफूले कागज गरेको र आफू बिरामी अवस्थामा भएकोले प्रहरीले लेखी ल्याएको कागजमा सहीछाप गरेकी हुँ । यी प्रतिवादीले मलाई गोली चलाएका होइनन्, छैनन् भनी बकपत्र गरेको देखिन्छ । यसरी पीडित स्वयम् र चस्मदिद गवाह जाहेरवाला सुखचैन दाहाको बकपत्रसमेतबाट उक्त वारदातमा यी प्रतिवादी उपस्थितसम्म भएको तर गोली चलाएको भन्ने देखिन आएन । फौजदारी कसुरमा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहने हुँदा यी प्रतिवादी वारदातस्थलमा उपस्थित भएकै कारण ज्यान मार्ने उद्योग जस्तो गम्भीर कसुरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिने । वारदात स्थलमा उपस्थित भई दुई पक्षबीच भएको झगडा छुट्याउन गएको कार्य आफैँमा कसुरजन्य कार्य हुने देखिँदैन। वारदातस्थलमा उपस्थित भएको तथ्य स्वीकार गर्नुलाई कसुर गरेको भनी मान्न मिल्ने नदेखिने।

तसर्थ प्रतिवादी झोपे भन्ने दीपककुमार मण्डललाई अभियोग दाबीबमोजिम ६ वर्ष कैद हुने ठहरी सुरू धनुषा जिल्ला अदातलबाट भएको फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।८।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०४२२, ठगी, *नेपाल सरकार वि. नानु गुरूङ*

प्रतिवादी नानु गुरूङले मिति २०६९।१२।१९ मा १ वर्षसम्मको भाखा राखी लगिएको र जाहेरवालालाई सो रकम चाहिएमा १५-३० दिन लाग्ने र सो रकम हराएमा प्रतिवादी नानु गुरूङ र कान्तिपुर हस्पिटल जिम्मा हुने भनी कागज गरी सहीछाप गरी दिएको देखिन्छ। यसरी ठगी गरेको भनिएको रकम पक्री रकम बुझाउने भाखा दिई कागज गरेकोले ठगी गर्ने भनिएका नानु गुरूङ असामी र जाहेरवाला निर्मला कार्की साहु भएकोले सो पक्रिएको रकम सद्दे साँचो ठहरे लेनदेन व्यवहारबमोजिम नै हुने देखिन आयो। यस्तो स्थितिमा जाहेरवालालाई यी प्रतिवादीहरूले ललाईफकाई गफलतमा पारी सहमति गराएको भन्ने देखिँदैन। यसरी वारदात नै ठगीको नदेखिएको अवस्थामा ठगीको वारदात ठहर गर्न मिल्ने देखिँदैन । यस्तो कारोबारको रकम ठगीको परिभाषाभित्र पर्ने नदेखिई लेनदेनको विषय देखिँदा प्रचलित कानूनबमोजिम कारबाही किनारा हुने नै देखिन आउने।

तसर्थ सुरूले प्रतिवादी नानु गुरूङलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको फैसला केही उल्टी भई रू.५,००,०००।– रकम प्रतिवादी नानु गुरूङले मुलुकी ऐन, ठगीको महलको १ नं. र २ नं. बमोजिमको कसुर गरेकोले सोही महलको ४ नं. बमोजिम १ वर्ष कैद र रू.५,००,०००।– जरिवाना गरी बिगो रू.५,००,०००।– प्रतिवादीबाट वादीले

भराई लिन पाउने तथा मिति २०६८।१२।१९ मा भएको लिखतअनुसारको रू.३,५०,०००।– को हकमा अभियोग दाबी पुग्न नसक्ने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२।११।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०४९६, उत्प्रेषण, *रामपतप्रसाद पटेलसमेत वि. जिल्ला सुकुम्बासी समस्या समाधान, जिल्ला समिति रौतहट गौरसमेत*

सुकुम्बासीलाई वितरण गरिने जग्गा गैरसुकुम्बासी यी विपक्षी उचितलाल राय यादवले सार्वजनिक हैसियतमा रहेको जग्गा प्राप्त गरेको विषयमा प्रस्तुत रिट निवेदन केही ढिला गरी दर्ता भएकै आधारमा सार्वजनिक जग्गाको अनियमित वितरणलाई वैधता प्रदान गर्न विलम्बको सिद्धान्त आकर्षित हुन्छ भन्नु न्यायसङ्गत नहुने।

सुकुम्बासी समस्या समाधान आयोग,२०५८ गठन आदेशको दफा ३ को (झ) मा "विगतमा गठित आयोग / समितिहरूबाट सुकुम्बासीको हैसियतले जग्गा प्राप्त गर्दा कुनै व्यक्ति वा परिवारले झुट्ठा बेहोरा पेस गरी जग्गा प्राप्त गरेको बेहोरा कसैको उजुर परी वा अन्य स्रोतबाट जानकारी प्राप्त हुन आई छानबिन गर्दा / गराउँदा झुट्ठा विवरण पेस गरी जग्गा प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्ने गरी गरेको निर्णय बदर गर्ने" भन्ने व्यवस्था गरेकोमा सुकुम्बासी समस्या समाधान आयोग विघटन भइसकेको देखिँदा अनियमित तरिकाले वितरण भएका सार्वजनिक जग्गाहरूको संरक्षण यस अदालतले प्रयोग गर्ने असाधारण अधिकारक्षेत्रको प्रयोगबाट गर्नु न्यायोचित देखिने।

तसर्थ, उल्लिखित कित्ता नं. ६८५ र ३२५ का २ कित्ता जग्गा विपक्षी उचितलाल राय यादवका नाममा जग्गा दर्ता हुने गरी सुकुम्बासी समस्या समाधान जिल्ला समिति रौतहटबाट भएको निर्णय र सोका आधारमा भएको दाखिल दर्तासमेतको कारबाही अनियमित तरिकाले भएको देखिएकोले ती निर्णय तथा दाखिल खारेज दर्तासमेतको कारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। उक्त जग्गाहरू नेपाल सरकारको नाममा पुन दर्ता गरी सार्वजनिक कायम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७५ साल भदौ १८ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-१५१९, सार्वजनिक निकास बाटो खिचोला मेटाई निकास खुलाई सार्वजनिक बाटो कायम गरी चलन चलाई पाउँ, *गोपालप्रसाद यादव वि. उत्तमप्रसाद यादवसमेत*

मिसिल संलग्न नक्सा मुचुल्कामा विवादित बाटोको विषयमा आआफ्नो बेहोरा लेखाउने व्यक्तिहरूले विवादित न.नं. २ को जग्गा सार्वजनिक रूपमा बाटोमा प्रयोग भएको भनी एकरूपताका साथ लेखाएको देखिँदैन। मुचुल्काका केही व्यक्तिले बाटो हो र केही व्यक्तिले बाटो होइन भन्ने आआफ्नो बेहोरा लेखाएको देखिन्छ। नक्सा मुचुल्काबाट न.नं. ४, ५ र ९ को जग्गा बाटोको रूपमा प्रयोग भएको तथ्यमा विवाद देखिँदैन। वादी दर्ताको कि.नं. १२०७ (न.नं. ७) को घर जग्गाको उत्तरतर्फ न.नं. ९ को बाटोको निकास रहिरहेको देखिन्छ। वादीले आफ्नो घरको पूर्वतर्फ झ्याल राखेको र सो सम्बन्धमा प्रतिवादी पक्षबाट विवाद नगरेकै कारणबाट वादीको जग्गाको पूर्वतर्फ सार्वजनिक बाटो रहेको भनी निष्कर्ष निकाल्न

नमिल्ने।

प्रतिवादी पारोदेवीको दाता परमेश्वर साह हलुवाईले पारोदेवीलाई ०-०-१० जग्गा पारित गरी दिँदा सो जग्गामा जान हुलाकको दक्षिणबाट पिचरोडदेखि सो जग्गासम्म ६फिट (चौडा) बाटो दिने भनी उल्लेख भएको बेहोराले सो बाटोको हकको सिर्जना जग्गा खरिद गरी लिने पारोदेवीको भएकोमा पारोदेवीले राजीनामा पारित गर्न लिएको जग्गामध्येको उत्तरतर्फ न.नं. ४ को जग्गा बाटोको रूपमा प्रयोग गर्न आफ्नो नाम दर्ताको जग्गा छाडी बाटो कायम गरेको भन्ने देखिएकोले उल्लिखित राजीनामा लिखतमा उल्लेख भएको बाटो निज प्रतिवादी पारोदेवीलाई आवश्यक नरहेको र नक्सामासमेत बाटो छुट्याएको नदेखिएकोले पारोदेवीले लिएको लिखतमा निजलाई निकासको लागि बाटो दिने भनी जग्गा दाताले उल्लेख गरेको बेहोराबाट वादीसमेतको बाटोको हक स्थापित भएको भनी प्रतिवादीको नाउँमा दर्ता रहेको जग्गामा बाटो कायम हुनुपर्छ भन्ने वादीको दाबी कानूनसम्मत देखिन नआउने।

तसर्थ, वादी दाबीबमोजिम न.नं. २ को क्षेत्रफल ०-०-०.८२ को जग्गा सार्वजनिक बाटो कायम हुने ठहऱ्याई सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७०।०२।०२ मा भएको फैसला उल्टी गरी प्रतिवादीको कि.नं.१११० को पश्चिमतर्फ सार्वजनिक निकास बाटो खिचोला मेटाई निकास खुलाई सार्वजनिक बाटो कायम गरी चलन चलाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सरिता रिजाल

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-१५४२, सार्वजनिक जग्गा खिचोला घर उठाई चलन, *सितावी राय यादवसमेत वि. ईश्वरदयाल प्रसाद यादवसमेत*

नेपाल सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको विषयमा मुद्दा गर्ने अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भई मुद्दा चलाउन सक्ने व्यवस्था मुलुकी ऐन, अदालती बन्दोबस्तको १० नं. मा व्यवस्था भएको र प्रस्तुत मुद्दाका वादीले उक्त कानूनी व्यवस्थाअनुसार रौतहट जिल्ला अदालतबाट फिराद दर्ता गर्ने अनुमति लिई प्रस्तुत मुद्दा दायर गरेको देखिन आएकोले प्रस्तुत मुद्दा दायर गर्न हकदैयाको विषयमा विवाद गर्ने अवस्था रहेन। सार्वजनिक जग्गा अतिक्रमणका विषयमा उजुर गर्ने हदम्याद तोकिएको नहुँदा प्रस्तुत फिरादपत्र हदम्याद नघाई दर्ता भएको भन्न मिल्ने अवस्था पनि नदेखिने।

सुरू मिसिल संलग्न नक्सा मुचुल्काबाट नं. ८ को सडकदेखि उत्तरतर्फ कि.नं. ४६८ को प्रत्यर्थी वादीको भोगचलनमा रहेको घर जग्गा र उक्त न.नं. ८ को सडकको दक्षिणतर्फ न.नं. १७ र १८ मा पुनरावेदक प्रतिवादीको बसोबासको कि.नं. २ को घरजग्गा रहेको देखिन्छ। उक्त न.नं. १७, १८ (कि. नं. २) को उत्तरतर्फ कि.नं. १ को इनार जनिएको जग्गा रहेको र सो जग्गामा न.नं. ९ देखि १६ सम्मका विभिन्न भौतिक संरचनाहरू निर्माण गरी प्रतिवादीले भोगचलन गरेको भन्ने देखिन आएको छ। यसरी नक्सा मुचुल्काबाट फिल्डबुकमा इनार जनिएको सार्वजनिक जग्गामा प्रतिवादीले विभिन्न भौतिक संरचनाहरू निर्माण गरी भोगचलन गरी आएको हुँदा न.नं. ९ देखि १६ सम्मको जग्गामा वादी दाबीबमोजिम प्रतिवादीको खिचोला मेटाई सार्वजनिक हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, सुरू रौतहट जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी नक्सामा जनिएको न.नं. १७ र १८ को घर जग्गाबाहेकका न.नं. ९, १०, ११,

१२, १३, १४, १५ र १६ को भौतिक संरचनाहरू भएको जग्गामा वादी दाबीबमोजिम खिचोला मेटाई सार्वजनिक कायम हुने गरी चलनसमेत चलाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-२००० र ०७२-CI-२००१, दूषित अंश छोडपत्र लिखत बदर, *राजु मानन्धर वि. सुनिता मानन्धर र बलरामकृष्ण मानन्धरसमेत वि. सुनिता मानन्धर*

कुनै पनि व्यक्तिले आफूले कानूनबमोजिम पाउने अंश हक नलिन वा कम लिन सक्ने नै हुन्छ। त्यसरी पाउने अंश नमिल्ने वा कम लिने कुराको निश्चित प्रयोजन हुन्छ। आफ्नो व्यक्तिगत आयस्रोत राम्रो भएको कारणले अथवा आफूलाई जीवनयापन गर्ने स्रोत साधन पर्याप्त भइरहेको कारणले अथवा गृहस्थाश्रम छाडेको अवस्थामा अन्य अंशियारलाई आफूले पाउने अंशका हक छाड्न कानूनले रोक लगाएको हुँदैन। तर आफूले पाउने अंशहक नलिँदा वा कम लिँदा आफूप्रति आश्रित श्रीमती छोराछोरीले प्राप्त गर्ने अंश हकमा असर पर्ने अवस्था छ भने ती आश्रित अंशियारको समेत मन्जुरी आवश्यक पर्ने हुन्छ। सगोलका पत्नी छोरा छोरी हुने पति पिताले पाउने कानूनबमोजिमको अंश नलिएबाट वा कम अंश लिएबाट त्यस्ता पत्नी छोरा छोरीले पाउने अंश हकबाट वञ्चित हुने गरी भएको अंशबन्डाको व्यवहारलाई कानूनबमोजिमको व्यवहार भएको भनी मान्यता दिन नमिल्ने।

पुनरावेदक राजु मानन्धरले कानूनबमोजिम पाउनु पर्ने आफ्नो अंश भागमध्ये धेरै न्यून अंश भाग (०-१-२-१$^1/_2$) घर जग्गाको मोही हक लिई अन्य सम्पत्तिको अंशहक छाडिदिएको देखिन्छ। यसरी पुनरावेदक राजु मानन्धरले आफूले पाउनु पर्ने अंश भाग नलिएको कारणबाट निजबाट अंश प्राप्त गर्ने निजका श्रीमती तथा छोरीले कानूनबमोजिम पाउने अंश हकबाट वञ्चित हुनुपर्ने अवस्था देखिएको छ। व्यक्तिको अंशको हकलाई हाम्रो न्याय प्रणालीले नैसर्गिक हकको रूपमा मान्यता दिँदै आएको छ। यसरी व्यक्तिको नैसर्गिक हकमा असर पर्ने गरी भएको व्यवहारलाई न्यायसङ्गत मान्न मिल्ने नदेखिने।

तसर्थ, दाबीको मिति२०६३।११।४ को अंश छोडपत्रको सम्पूर्ण लिखत बदर हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी वादीहरूको हक हिस्सा जतिसम्मको लिखत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।११।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सरीता रिजाल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खडका,** ०७१-CI-००८२, मोही नामसारी, *मुन्दर कुमारी वि. रजिया देवी नुनियाइन*

प्रस्तुत मुद्दाको तथ्यगत अवस्थातर्फ हेर्दा मोही झाझु महतो र निजकी पत्नी बुधियादेवीको मृत्यु २०३३ सालभन्दा अघि नै भएको अवस्था छ। जग्गावालाले भूमिसम्बन्धी ऐन, २०२१ दफा २६(१) अनुसार मोहीमा पत्याउनुपर्ने अवस्था भनेको मोहीको दुई वा सोभन्दा बढी हकवाला छोराहरू भएको अवस्था विद्यमान हुनु अनिवार्य हुन्छ। यस अवस्थामा कुन हकदारलाई मोही पत्याउने भन्ने कुरा

जग्गाधनीको स्वेच्छाको कुरा हुन सक्तछ । तर मोहीको एक मात्र हकवाला छोरा रहेको अवस्थामा जग्गाधनीले निजलाई स्वतः मोही पत्याएको मानिन्छ । प्रस्तुत मुद्दामा दर्तावाला मोहीको मृत्युपश्चात् निजहरूको एक मात्र छोरा वादीको पति लक्ष्मी महतोको नाउँमा मोही हक स्वतः नामसारी हुने नै देखिने ।

भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनपछिको ऐनको दफा २६(१) मा भएको कानूनी व्यवस्था हेर्दा "...मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजु, भाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ" भनी स्पष्ट उल्लेख गरेको पाइन्छ । वादी दाबीको जग्गाको मोही झाझु महतो नुनिया र निजकी श्रीमती बुधियादेवीको मृत्युपछि भूमिसम्बन्धी ऐन, २०२१ को तत्काल बहाल रहेको दफा २६(१) बमोजिम निज मोहीको एकमात्र हकवाला छोरा लक्ष्मी महतो नुनियाको हक हुन आएको अवस्थामा निजको २०६६ सालमा मृत्यु हुनुपूर्व नै संशोधित उक्त दफा २६(१) अनुसार दर्तावाला मोहीको छोरा बुहारी यी वादीको नाउँमा मोही नामसारी हुने नै देखियो । भूमिसम्बन्धी ऐनको चौथो संशोधन, २०५३ ले मोहीको शेषपछि मोहियानी हकको नामसारी हुने हकदारको हकलाई साबिकभन्दा व्यापक बनाई "छोरा बुहारी" समेतका नातासम्म विस्तृत बनाएको अवस्था छ । उक्त संशोधित व्यवस्थाको लाभ यी प्रत्यर्थी वादीले पाउने अवस्थासमेत मिसिलबाट देखिएको छ । यस अवस्थामा संशोधनपूर्वको साबिक कानूनी व्यवस्थाको आडमा मोहीको बुहारी नाता पर्ने यी प्रत्यर्थी वादीको नाममा मोही नामसारी हुन नसक्ने भन्ने पुनरावेदकले लिएको जिकिर मनासिब नहुँदा पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

अतः विवेचित आधार, प्रमाण र प्रतिपादित सिद्धान्तअनुसार वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, रौतहटको मिति २०६९।९।११ को निर्णय उल्टी गरी वादी दाबीबमोजिम विवादित जग्गा यी प्रत्यर्थीको नाममा मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१०।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल चैत २५ गते रोज ६ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-०१३७, मोही नामसारी, *दिलिपकुमार प्रसाद वि. रजियादेवी नुनियाइन*
- ०७१-CI-०१३६, मोही जग्गा कमाउन हटी छाडी गएको मोही लगत कट्टा, *दिलीपकुमार प्रसाद वि. रजियादेवी नुनियाइन*
- ०७१-CI-०१३५, मोही बेदखली, *दिलीपकुमार प्रसाद वि. रजियादेवी नुनियाइन*
- ०७१-CI-०१३९, मोही बेदखली, *मुन्दर कुमारी वि. रजियादेवी नुनियाइन*
- ०७१-CI-०१३८, मोही जग्गा कमाउन हटी छाडी गएको मोही लगत कट्टा, *मुन्दर कुमारी वि. रजियादेवी नुनियाइन*

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-१०४१, उत्प्रेषण, *श्रीकृष्ण परियार वि. घनश्याम ठकुरीसमेत*

कानूनले अन्य नियमित साधारण उपचारको व्यवस्था गरेको तथा सामान्य नियमित उपचार अवलम्बन गर्नुपर्ने कुरा र अवस्थामा असाधारण क्षेत्रबाट उपचार खोज्नु तथा अवलम्बन गर्नु मनासिब र उपयुक्त नहुने ।

श्रम कार्यालय, बागमती अञ्चलबाट मिति २०७३।११।३० मा लाहुरे सेक्युरिटी प्रा.लि.का ३५१ जना कामदार कर्मचारीहरूलाई तपसिलबमोजिमको रकम रू.१,५५,४८,३०७।- भुक्तानी गर्नुपर्ने गरी श्रम ऐन, २०४८(सं.स.) को दफा २५(३) अनुसार निर्णय भई सो निर्णयको जानकारी श्रम कार्यालय, बागमती अञ्चलले निवेदक लाहुरे सेक्युरिटी प्रा.लि. लाई च.नं. १८५६ मिति २०७३।११।३० को पत्रबाट मिति २०७३।१२।१ मा जानकारी गराएको अवस्था हुँदा सो निर्णयमा चित्त नबुझे निवेदक श्रम अदालतमा पुनरावेदन गर्न जानुपर्नेमा पुनरावेदन गर्ने अवस्था बाँकी छँदै प्रस्तुत रिट निवदेन पर्न आएको र त्यसपछि मात्र रिट निवेदक लाहुरे सेक्युरिटी प्रा.लि. का अख्तियारप्राप्त सञ्चालक अध्यक्ष श्री कृष्ण परियारले श्रम अदालतमा मिति २०७४।१।१९ मा पुनरावेदन गर्नु भएको भन्ने श्रम अदालतको च.नं. ३१५ मिति २०७४।२।२८ को पत्रबाट देखिन आएको हुँदा प्रस्तुत विषय अब पुनरावेदनको रोहमा श्रम अदालतमा विचाराधीन अवस्थामा रहेको भन्ने देखिँदा श्रम कार्यालय, बागमती अञ्चलको फैसला सोही पुनरावेदनबाट विचार हुने नै हुँदा अब रिट निवेदनको औचित्य देखिन आएन। तसर्थ, रिट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल साउन ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-००३७, मोही नामसारी, *बलिरामप्रसाद साह तेलीसमेत वि. श्यामकृष्ण महर्जन*

विवादको साबिक कि.नं. १०० को जग्गा मोही तुईलाल र जग्गाधनी लक्ष्मीनारायण वैद्यसमेत जनाई रैकर दर्ता गराएकोमा निजहरूले नै मिलेर २०३३ सालमा मोही लगत कट्टा गर्दा मिति २०३३।४।१२ मा कि.नं. २७३ जग्गाको जोतपोत लक्ष्मीनारायण वैद्यलाई र कि.नं. २७४ मा तुईलाल डंगोल मोही र जग्गाधनी लक्ष्मीनारायण वैद्य कायम गराएको देखिन्छ । सो जग्गालाई गुठी संस्थानबाट मिति २०३६।८।२३ मा रैकरतर्फको लगत कट्टा गर्ने निर्णय भएकोमा कि.नं. २७४ को मोही लगत पनि वादी टिकाराम पाठक र प्रतिवादी श्याम महर्जन भएको मुद्दामा भूमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०३८।१२।६ मा भएको मिलापत्रबमोजिम मोहियानी हक छाडिदिई सकेको देखियो । सोबापत जग्गाधनी टिकाराम पाठकले चावेल वडा नं. ३ कि.नं.९४ को जग्गा, सोमा बनेको घर रिणाकुमारी शर्मासँग श्याम महर्जनको श्रीमती रत्नमाया डंगोलको नाममा खरिद गरिदिएको भन्नेसमेत देखिँदा तुईलाल र श्याम महर्जनले उक्त जग्गाको मोहियानी हक छोडी मोही महल खाली भएको अवस्थामा बाजे / ससुराले वादी दाबीको मोहीयानी हक परित्याग गरी सोबाट फाइदा लिइसकेको अवस्थामा ०२१ सालको फिल्डबुकमा बाजे / ससुराको नाममा मोही कायम रहेको भनी निजका हकवाला सन्तानले दाबी गर्न पाइने अवस्था पनि नहुने।

तुईलाल डंगोललाई गुठी संस्थानले जोताहा किसानको रूपमा मन्जुरी गरी दिएकोसमेत देखिँदैन । यस प्रकार तुईलाल डंगोलले गुठी संस्थानलाई जग्गाधनी देखाई १ नं. लगत भरेको र २ नं. अनुसूची प्रकाशित भएको भन्न सकेको पनि पाइँदैन। वादीले दाबीको जग्गाको नापी हुँदा साबिक जग्गाधनी रत्न वैद्यसमेत र मोही बाजे तुईलाल डंगोल उल्लेख भएको भनी जिकिर लिए पनि उक्त जग्गाको रैकरतर्फ भएको दर्ता बदर गरी गुठी जग्गा कायम हुने गरी गुठी संस्थानबाट मिति २०३६।८।२३ मा भएको निर्णय अन्तिम भएर बसेको देखिन्छ। सो तथ्यलाई वादीले अन्यथा भन्न सकेको छैन। यसका अतिरिक्त

माथि उल्लिखित तथ्यगत आधारबाट वादीका बाजे / पिता नै विवादित जग्गाको मोही कायम हुन नसकेको अवस्था हुँदा मोही नै कायम नभएको व्यक्तिले अरूलाई जग्गाधनी देखाई भए गरेको कार्यसमेत कानूनसङ्गत मान्न नमिल्ने ।

गुठी संस्थानको मिति २०३६।८।२३ को गोरखनाथ चक्रपूजा गुठीको नाममा गुठी जग्गा कायम गर्ने निर्णयलाई चुनौती दिएको नदेखिएको र उक्त मिति २०३६।८।२३ को निर्णयलाई कार्यान्वयन गर्न जग्गाधनी प्रमाणपुर्जासमेत बनाउने गरी मिति २०५६।२।३ मा गरेको निर्णयलाई बदर गर्न टीकाराम पाठकसमेतले दायर गरेको मुद्दामा विवादित कि.नं. ८८ र ८९ को उक्त जग्गाको कानूनी स्थितिसम्बन्धी प्रश्न मिति २०६६।२।७ को सर्वोच्च अदालत, पूर्ण इजलासको फैसलाबाट निरूपण भइसकेको अवस्था हुँदा वादीको नाममा विवादको जग्गाको मोही नामसारी हुनुपर्ने भन्ने प्रत्यर्थी वादीतर्फका विद्वान कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने ।

पुनरावेदन अदालत, पाटनको संयुक्त इजलासबाट ०७०-FN-००६१ को निवेदनमा मिति २०७०।१।१६ को फैसलामा गुठी अधिनस्थ रहेको हुँदा...भन्ने रहनुपर्नेमा सो नभई गुठी अधिनस्थ वा गुठी तैनाथी रहेको नहुँदा भन्ने रहन गएको हुँदा सो वाक्यांश न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) बमोजिम संशोधन गरिदिएको छ भनी मिति २०७०।४।१८ मा संशोधन आदेश भएको देखिन्छ । न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) मा "यो ऐन, वा प्रचलित कानूनमा अन्यथा भएकोमा बाहेक एकपटक कुनै अदालत, निकाय वा अधिकारीले निर्णय गरिसकेको मुद्दा पुनः सोही अदालत, निकाय वा अधिकारीले हेर्न वा इन्साफमा फरक पर्ने गरी त्यसमा कुनै संशोधन गर्नु हुँदैन । तर लेखाइमा वा टाइपमा हुन गएको भूल छुट्टै पर्चा गरी सच्याउन सकिनेछ" भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनबाट भएको संशोधन आदेशबाट फैसलाको ठहर खण्डमा नै फरक पर्ने देखिएको हुँदा उक्त संशोधन आदेश कानूनअनुरूपको नदेखिँदा सो संशोधन आदेशलाई कायम राख्न नमिल्ने हुँदा सो आदेश बदर हुने ।

अतः प्रतिपादित सिद्धान्त एवम् विवेचित आधार प्रमाणबाट तुईलालकै नाउँमा मोही कायम भइनसकेको अवस्थामा निजका हकवालाको नाउँमा मोही हक नामसारी हुन सक्ने अवस्था देखिएन । तसर्थः साबिक कि.नं. १०० को जग्गा हाल नगर ७ कि.नं. ८८ र ८९ को गुठी जग्गाको मोही हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार तुईलालका नाति श्यामकृष्ण महर्जनको नाउँमा नामसारी हुने ठहर गरेको भूमि सुधार कार्यालय, काठमाडौंको मिति २०६६।११।९ को निर्णय सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।१६ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई मोही नामसारी गरिपाउँ भन्ने वादी श्यामकृष्ण महर्जनको दाबी पुग्न नसक्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०८४५, उत्प्रेषण, *विरेन्द्रकुमार सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

विपक्षी निजामती किताबखाना निजामती सेवामा कार्यरत निजामती कर्मचारीहरूको वैयक्तिक अभिलेख अध्यावधिक गर्ने र जुन कर्मचारी ५८ वर्षे सेवा हदले सेवा निवृत्त हुने हो, सोको अगावै जानकारी दिने निकाय हो । यसरी उमेरहदले सेवा निवृत्त हुने निजामती

कर्मचारीको समयमा नै सेवा निवृत्त हुने कुराको अग्रीम जानकारी दिने दायित्व बोकेको सरकारी निकाय निजामती किताबखानाले यी निवेदक बिरेन्द्रकुमार सिंहले पाउने अनिवार्य अवकाश सम्बन्धमा आफ्नो दायित्व समयमै पूरा गरेको नदेखिने।

विपक्षी निजामती किताबखाना आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्थामा मिति २०६७।०३।३० गतेसम्म कार्यालयमा रूजु हाजिर भई सेवा गरी आएका यी निवेदकले मिति २०६६।१०।५ देखि मिति २०६७।३।३० सम्म नेपाल सरकारकै निर्णयबमोजिम विभिन्न पदमा रही सेवा गरेको हुँदा सो सेवा गरेको अवधिको तलब वा पारिश्रमिक पाउनु पर्ने नै हुन्छ। यसरी निजामती किताबखानाबाट अवकाशपत्र नदिई साबिकबमोजिम नै नियमित रूपमा हाजिर भई काम गरेको अवधिको तलब, भत्ता यी निवेदक विरेन्द्रकुमार सिंहले नपाउने भन्न मिल्ने देखिएन। यस्तो अवस्थामा बढी अवधि कार्य गरी यी निवेदकले मिति २०६६।१०।०५ देखि मिति २०६७।०३।३० सम्म बुझेको तलब, भत्ता, सञ्चयकोष र बिमा कट्टीको जम्मा रकम निजले अवकाशपश्चात् कानूनबमोजिम प्राप्त गर्ने सेवा सुविधाको रकमबाट कट्टा गरी असुलउपर भएपश्चात् मात्र यी निवेदकको नाममा निवृत्तभरण अधिकार पत्र जारी गर्न सकिने भन्ने निजामती किताबखानाको मिति २०७०।०६।१० को पत्र प्राकृतिक न्यायको सिद्धान्त र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत रहेको देखिन आउने।

निवेदक विरेन्द्रकुमार सिंहले साधिकार निकायबाट अवकाशपत्र नदिई साबिकबमोजिम नै नियमित रूपमा हाजिर भई नेपाल सरकारकै निर्णयबमोजिम विभिन्न पदमा रही अनवरत रूपमा काम गरी मिति २०६६।१०।०५ देखि मिति २०६७।०३।३० सम्मको तलब, भत्ता, सञ्चय कोष र बिमा कट्टीको रकमको सुविधा लिएको हुँदा सो रकम फिर्ता गर्नुपर्दछ भन्ने विपक्षी निजामती किताबखानाको कार्य यस अदालतबाट प्रतिपादित नजिरहरू समेतका आधारमा कानूनसम्मत् र न्यायपूर्ण देखिन नआउने।

अतः विवेचित आधार, कारणहरूबाट यी रिट निवेदक विरेन्द्रकुमार सिंहले मिति २०६६।१०।५ देखि मिति २०६७।३।३० सम्म काम गरेको अवधिको खाई पाइसकेको तलब, भत्ता र अन्य सुविधा निवेदकले अवकाशपश्चात् नियमानुसार पाउने सेवा सुविधाको रकमबाट असुल गर्ने निजामती किताबखानाको मिति २०७०।६।१० को पत्र एवम् सो पत्रको आधारमा भएका अन्य सम्पूर्ण कामकारबाही समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा मिति २०६७।३।३० सम्म रूजु हाजिर भई काम गरेको अवधिको निजले खाईपाई आएको तलब, भत्ता एवम् अन्य कुनै पनि सुविधाको रकम कट्टा नगरी निवेदकले अवकाशपश्चात् नियमानुसार पाउने सम्पूर्ण सेवा सुविधा रकम भुक्तानी दिई यी निवेदकको नाममा निवृत्तभरण अधिकार पत्रसमेत जारी गर्नु भनी विपक्षी निजामती किताबखानासमेतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल साउन १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-१३०१ र ०७१-CI-१३०३, सार्वजनिक पोखरी जग्गा खिचोला चलन, *सुरेन्द्रप्रसाद साहसमेत वि. मानवीर सहनी र पुरन्दर साह तेली वि. मानविर सहनी*

दाबीको कि.नं.१२९ र १३० को पोखरी तथा पोखरीको डिल हाम्रो भोगाधिकारमा रही दर्ता गर्न छुटसम्म भएकोले छुट दर्ताको लागि निवेदन दिई दर्ता प्रक्रियामा रहेको भन्ने सुरू प्रतिउत्तर जिकिर एवम् यस अदालतमा पुनरावेदन गर्दा प्रतिवादीहरूले जिकिर

लिएको भए तापनि पोखरी तथा पोखरीको डिल प्रतिवादीहरूको भोगाधिकारमा रहेको भनी मान्न मिल्ने कुनै ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन। पुनरावेदक प्रतिवादीहरूले छुट जग्गा दर्ता गरिपाउँ भनी दिएको निवेदनउपर मालपोत कार्यालय, सप्तरीबाट कारबाही हुँदा आधारभूत प्रमाण पेस नगरेको भन्ने प्रमाण पेस गरेका बखत कारबाही हुने नै हुँदा हाल मिसिल तामेलीमा राखी दिने भनी मिति २०६८।३।१७ मा निर्णय भएको देखिने।

दाबीको जग्गाहरू नापीमा दर्ता गर्न छुट भएकोले छुट दर्तामा मालपोत कार्यालयमा कारबाही चलिरहेको भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा न्यायिक निकायमा विवाद परिसकेपछि आफूसमक्ष पेस भएका सबुद प्रमाण हेरी कानूनबमोजिम निर्णय गर्ने दायित्व न्यायिक निकायको हुन्छ। मिसिलमा मौजुदा प्रमाणबाट सरकारको नाउँमा दर्ता भइसकेको जग्गाको छुट दर्ता सम्बन्धमा अन्यत्र कहीँकतै निवेदन परेको छ वा छैन भनी त्यस्तो निवेदनलाई कुरी बस्नु पर्ने अवस्थासमेत नदेखिँदा उक्त पुनरावेदन जिकिर स्वीकार्य नदेखिने।

अतः वादी दाबीको उक्त पोखरी तथा पोखरीको डिल सर्भे नापीमा ऐलानी पर्ती भनी जनिएको मालपोत ऐन, २०३४ को दफा २(ख)३ मा उल्लिखित सार्वजनिक जग्गाको परिभाषाभित्र ऐलानी तथा पर्ती जग्गासमेत समावेश भएको देखिएको, दाबीको कि.नं. १२९ तथा १३० नं. को पोखरी तथा पोखरीको डिल पुनरावेदक प्रतिवादीहरूको निजी नम्बरी नदेखिएको, नेपाल सरकारको नाउँमा दर्ता भई स्रेस्तासमेत कायम भएको देखिएको तथा मालपोत ऐन, २०३४ को दफा २४ ले त्यस्तो सरकारी तथा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता वा आवादसमेत गर्न प्रतिबन्ध लगाएको आधार तथा कारणसमेतबाट दाबीको कि.नं.१२९ र कि.नं.१३० को पोखरी तथा पोखरीको डिलसमेत सार्वजनिक हुने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७५ साल जेठ १७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-०६०२, जालसाजी, *भरत विष्ट वि. मैया विष्टसमेत*

प्रतिवादी भरत विष्टसमेतका नाउँमा दर्ता रहेको दाबीको कि.नं.२४७७ को जग्गामध्येबाट कित्ताकाट गरी कायम कि.नं.२९६६ को ०-१२-३-० जग्गा बिक्री गर्दा वादीहरूलाई साक्षी राखेको वा निजहरूको मन्जुरी लिएको अवस्था मिसिल प्रमाणबाट देखिँदैन। फिरादीहरू मैया विष्टसमेतले यी प्रतिवादी भरत विष्टसमेतउपर मिति २०६५।१।१५ मा अंश मुद्दाको फिराद दायर गरेपछि प्रतिवादी भरत विष्टसमेतले दाबीको जग्गा मिति २०६५।१।२६ मा बिक्री गरेको अवस्था मिसिलबाट देखिने।

पुनरावेदक प्रतिवादी भरत विष्टले काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर गा.वि.स. वडा नं. ५ कि.नं.२४४७ को ज.वि.१-०-०-० जग्गा वि.वि. पी.परिवार नामक संस्थाको मिति २०६२।१।१७ को ११ औ वार्षिक सभाको निर्णयबमोजिम संस्थाको अध्यक्षका हैसियतले म भरत विष्ट र निवर्तमान कोषाध्यक्ष गोपालकुमार नकर्मीको नाउँमा खरिद गरेको जग्गा हो, वादीहरूको अंश हक लाग्ने पैतृक सम्पत्ति होइन भन्ने जिकिर लिएको सम्बन्धमा विचार गर्दा सो जग्गा उक्त संस्थाको नाममा दर्ता भएको देखिँदैन। उक्त जग्गा यी पुनरावेदक प्रतिवादी भरत विष्टसमेतको नाउँमा दर्ता रहेको देखिने।

विवादित मिति २०६५।१।२६ को राजीनामा लिखतमा समेत हाम्रो नाउँमा दर्ता रहेको भन्ने बेहोरा

उल्लेख भएको पाइन्छ। कुनै पनि अचल सम्पत्तिको हक स्वामित्वको प्रमाण नै सम्पत्तिको दर्ता स्रेस्ता हो। यस अवस्थामा पुनरावेदक प्रतिवादी भरत विष्टका नाममा दर्ता कायम रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म यी पुनरावेदक प्रतिवादी भरत विष्टकै हक स्वामित्वको हो भनि मान्नु पर्ने हुन आउने।

प्रतिवादी भरत विष्टले वादीहरूको समेत अंश हक लाग्ने दाबीको जग्गा बिक्री गर्दा वादीहरूको मन्जुरी लिएको वा निजहरूलाई साक्षी राखेको अवस्था देखिन आउँदैन । साथै यी वादीहरूले आफ्नो पति पिता प्रतिवादी भरत विष्टबाट अंशसमेत पाउने ठहरी फैसला भई अन्तिम भई बसेको अवस्था प्रमाण मिसिलबाट देखिँदा दाबीको जग्गा वादीहरूको समेत अंशहक लाग्ने सगोलको सम्पत्ति रहेको देखिने।

पुनरावेदक प्रतिवादी भरत विष्टले वादीहरूको समेत अंश हक लाग्ने सम्पत्तिमा वादीहरूको हक मेट्ने उद्देश्यले वादीहरूको मन्जुरीबेगर मिति २०६५।१।२६ मा रञ्जु कुमारी नकर्मीलाई राजीनामा पारित गरेको देखिन आयो। यस अवस्थामा पुनरावेदन अदालत, पाटनले जालसाजीतर्फ प्रतिवादी भरत विष्टलाई बिगोको सयकडा २५ प्रतिशतले हुने रकम रू.५५,८००।– जरिवाना गरेको मिलेकै देखिन आउने।

तसर्थ सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतले जालसाजी ठहऱ्याई प्रतिवादी भरत विष्टलाई सजाय नहुने ठहऱ्याएको फैसला केही उल्टी गरी प्रतिवादीमध्येका भरत विष्टलाई बिगोको २५ प्रतिशतले हुने रकम जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदीपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल कात्तिक ९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CI-०६६४, अंश चलन, *अलिअहमद कवडिया वि. अमानतुल्ला कवडिया*

अंशियारहरूका बीचमा पहिला नै बन्डा भइसकेको देखिएको र बन्डा छुट्टयाई लिन बाँकी रहेको आमा फूल्ली कवडियाको हकमा फैसलाबमोजिम सम्पत्ति अस्तित्वमा आएका बखत सो सम्पत्ति सम्ममा वादी पुनरावेदकले पाउने बन्डा हुन सक्ने नै देखिँदा हाल सो स्थिति नहुँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६७।२।३० मा फैसला भएकोसमेत देखिने।

सुरू बाँके जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी मिति २०६६।१।२३ मा भएको फैसलालाई पुनरावेदन अदालत, नेपालगञ्जले मिति २०६७।२।३० मा सदर गरेको अवस्था छ। तत्काल विद्यमान न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार सुरू जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी गरेको अवस्थामा मात्र यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन्छ। सुरू अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर भएको मुद्दामा यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिने।

प्रतिवादीमध्येका अलिअहमद कवडियाले पुनरावेदन अदालत, नेपालगञ्जले सुरू जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहऱ्याई गरेको फैसला सदर गरेउपर यस अदालतमा पुनरावेदन गरेको देखिँदा यी पुनरावेदकलाई तत्काल विद्यमान न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को माथि विवेचित प्रावधानले पुनरावेदन गर्न पाउने अधिकार दिएको नदेखिने।

अत: तत्काल विद्यमान रहेको कानूनी

व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा यस अदालतमा पुनरावेदन नै लाग्न सक्ने अवस्था नहुँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भनी मुद्दाको औचित्यभित्र प्रवेश गरी रहन परेन । पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल जेठ १८ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६६-WO-००७८, उत्प्रेषण, *विमला तुम्बाहाम्फेसमेत वि. मालपोत कार्यालय, ताप्लेजुङसमेत*

औतारी मादेनले विवादित कि.नं.४६९ को जग्गा दर्ताको लागि मालपोत कार्यालय, ताप्लेजुङमा दिएको निवेदनउपर २०५८।९।२३ मा नै दर्ता गर्न नमिल्ने गरी निर्णय भइसकेपश्चात सो निर्णयउपर यी निवेदकका बुबा काकालगायतका कसैको उजुर परेको भन्ने देखिन आउँदैन । रिट निवेदकले आफ्नो हकको स्रोतको रूपमा रहेको भनी पेस गरेको मिति २०४६।२।२६ को मिलापत्रमा रहेकी प्रतिवादी औतारी मादेनले आफ्नो नाममा कि.नं.४६९ को जग्गा दर्ताको लागि मालपोत कार्यालय, ताप्लेजुङमा दिएको निवेदनउपर जग्गा दर्ता नगर्ने गरी मालपोत कार्यालय, ताप्लेजुङबाट आदेश भई उक्त आदेश अन्तिम भइरहेको परिप्रेक्ष्यमा यी निवेदकहरूको उक्त कि.नं.४६९ को जग्गामा हक रहेको छ भन्ने अवस्था मान्न मिल्ने नदेखिने।

विवादित कि.नं.४६९ को जग्गा छुट जग्गा दर्ता गरिपाउँ भनी श्री ईन्द्रदल गुल्म ब्यारेक ताप्लेजुङले मालपोत कार्यालय, ताप्लेजुङमा निवेदन गरेकोले कसैको हकदावा छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकभोगको प्रमाणहरू राखी दरखास्त गर्न आउनु भनी मिति २०६२।९।१३ मा मालपोत कार्यालय, ताप्लेजुङबाट सूचना प्रकाशित भई मिति २०६२।९।१५ मा दुर्गाप्रसाद घिमिरे गा.वि.स. अध्यक्ष दोखुलगायतका ५ जना व्यक्तिहरूको रोहबरमा उक्त सूचना टाँस भएको रहेछ । यसरी हकदाबीको लागि प्रकाशित भएको सूचनामा कसैको उजुरबाजुर परेको मिसिल संलग्न कागजातहरूबाट देखिन आएन। सोपश्चात उक्त विवादित कि.नं.४६९ को जग्गा इन्द्रदल गुल्म ब्यारेक ताप्लेजुङको नाममा दर्ता गर्ने गरी मिति २०६२।१०।३० मा मालपोत कार्यालय, ताप्लेजुङबाट निर्णय भएको पाइने।

नेपाल सरकारको निर्णयले विवादित कि.नं.४६९ को जग्गा ताप्लेजुङ ब्यारेकको नाममा चाँदमारी तथा अन्य अभ्यास कार्यको लागि प्रयोग गर्नुपर्ने भएको भनी मिति २०५५।७।१६ मा नै राजपत्रमार्फत सार्वजनिक सूचना प्रकाशित भएको तथा उक्त जग्गा ईन्द्रदल गुल्म ब्यारेक ताप्लेजुङको नाममा दर्ता गर्ने गरी मिति २०६२।१०।३० मा मालपोत कार्यालय, ताप्लेजुङबाट निर्णय भएकोमा उक्त सूचना तथा निर्णयले आफूलाई असर पर्ने भए समयमै कानूनी उपचार खोज्नुपर्नेमा निवेदक मौन बसी मिति २०६६।४।२३ मा मात्र कानूनी उपचारको लागि रिट क्षेत्राधिकारको बाटो अवलम्बन गरी अदालत प्रवेश गरेको अवस्था मिसिलबाट देखिन आउने।

अत: मिति २०६२।१०।३० को मालपोत कार्यालय, ताप्लेजुङको निर्णय बदरका लागि मिति २०६६।४।२३ मा रिट निवेदन परेको र विवादित कि.नं.४६९ मा रिट निवेदकको हक स्थापित भइसकेकोसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल फागुन २३ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CR-०२९५, आयकर (०५९।०६०), *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. अन्नपूर्ण भेजिटेबल प्रोडक्ट्स प्रा.लि.*

आय कर व्यक्ति वा निकायको कूल आम्दानीबाट निजले सो कारोबार गर्दा भएको कानूनले खर्च गर्न अनुमति दिएको सीमाभित्र रही गरेको यथार्थ र वास्तविक खर्च रकम घटाएपछि प्राप्त हुने खुद आम्दानीबाट राज्यलाई गरिने अनिवार्य योगदान हो । आय करको उद्देश्य आम्दानी गर्ने व्यक्ति वा निकाय वा व्यवसायीलाई धरासायी गराउने नभई निजले गरेको वास्तविक आम्दानीबाट निश्चित हिस्सा करको रूपमा राज्यले लिने हो । व्यक्ति वा निकाय वा व्यवसायीले एक आर्थिक वर्षमा कारोबारमा गरेको वास्तविक खर्च रकम घटाउन नदिने र त्यसमा पनि कर लगाउने हो भने व्यक्ति वा निकाय वा व्यवसायीको कारोबार सहज रूपमा सञ्चालन हुन नसक्ने र विचलनसमेत आउन सक्ने ।

प्रत्यर्थी कम्पनीले बीमा कम्पनीलाई अग्रीम रूपमा बुझाएको बीमा प्रिमियमको बिलबाट देखिएको अवस्थामा भएको वास्तविक खर्चलाई खर्च रकममा गणना नगर्दा व्यवसाय सञ्चालनमा नै असर पर्न जाने देखिन्छ । यसरी प्रत्यर्थी कम्पनीले बीमा कम्पनीलाई अग्रिम रूपमा बुझाएको बीमा प्रिमियमको बिलबाट देखिएको अवस्थामा भएको वास्तविक खर्चलाई खर्च रकममा गणना नगर्दा व्यवसाय सञ्चालनमा नै असर पर्न जाने ।

रीतपूर्वक गरिएको बीमा प्रिमियम भुक्तानी वास्तविक खर्च नै हुने तथा त्यस्तो खर्च अर्को आ.व. मा खर्चमा गणना माग गरी दोहोरो पर्ने गरी कट्टी गरेको अवस्थासमेत नदेखिएको हुँदा त्यस्तो बीमा प्रिमियम बुझाएको वास्तविक खर्चको रकम खर्चमा कट्टी गर्न नपाउने भन्नु कानून र न्यायसङ्गत नहुने ।

मालसामान ढुवानी गर्दाका अवस्थामा हुन सक्ने नोक्सानीको जोखिमलाई कम गर्न मालसामान बिक्री हुँदाका समयमा मालसामानको ट्रान्जिट बीमा गराउनु पर्ने हुन्छ, त्यस्तो ट्रान्जिट बीमाको प्रिमियम खर्च पनि मालसामान ढुवानी गर्दा हुन सक्ने क्षतिबापत गरिने बीमाबापतको प्रिमियम वास्तविक खर्चका रूपमा भुक्तानी गरिने हुँदा त्यस्तो ट्रान्जिट बीमा प्रिमियम खर्च पनि आय गणनामा खर्चमा कट्टी गर्न पाउने नै देखिन्छ। अतः सोहदसम्म राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेकै देखिँदा उल्लिखित खर्च रकम कट्टी नगरी आय कर गणनामा समावेश गरिनु पर्दछ भन्ने पुनरावेदन जिकिर सोहदसम्म पुग्न सक्ने नदेखिने ।

क्रेता र बिक्रेता एकै देशका नभई एक देशको बिक्रेता र एक देशको क्रेता भई दुई देशका बिक्रेता र क्रेताबीच कारोबार भएको अवस्थामा क्रेता र बिक्रेतामध्ये कसको दायित्व कति रहने भन्ने सन्दर्भमा FOB-(Free on Board) सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनसमेतलाई हेर्नु पर्ने ।

ढुवानीको समयमा कसले के कस्तो दायित्व निर्वाह गर्ने भन्ने सम्बन्धमा हेर्दा बिक्रेताको दायित्व क्रेताले उल्लेख गरेको ठाउँको जहाजमा सामान राख्नु हुन्छ भने क्रेताको दायित्व ढुवानीको समयमा बिक्रेताले सामान अपलोड गर्न सक्ने गरी ठाउँको छनौट गर्नु हुन्छ, जुन करारमा आधारित हुन्छ। यसको कुनै कठोर कानून, नियम नभएर पक्षहरूको आपसी सहमति र करारमा उल्लेख भएका शब्दको आधारमा हुन्छ । ढुवानीको समयमा बिक्रेताले क्रेतालाई सामान ढुवानी गर्न नसकेमा क्रेतालाई करार भङ्ग गर्न वा सामान ढिलो गरी लिने गरी सहमति गर्न पाउने अधिकार रहन्छ । ढुवानीको क्रममा अपलोड गर्दा सामान नासिए बिग्रिएमा त्यसको जोखिम बिक्रेताले बेहोर्नु पर्छ भने त्यसपछिको

दायित्व क्रेताले बेहोर्नु पर्ने हुन्छ । पक्षहरूको इच्छा तिनीहरूबीच भएको करारमा उल्लिखित शब्दावली र परिस्थितिमा भर पर्ने ।

प्रत्यर्थी अन्नपूर्ण भेजिटेबल प्रोडक्ट प्रा.लि. ले आ.व. २०५९।६० मा भारतीय कम्पनीसँग कारोबार गर्दा FOB वीरगञ्ज भनी उल्लेख भएको, वीरगञ्जको कारखाना मूल्यमा बिक्रेताले खरिद कर्तालाई मालसामान बिक्री गरेको र रू.३४,७१,०४०।- भारतको रक्सौल भन्सारमा सामान क्लियरिङ गर्दाको खर्च रहेको राजश्व न्यायाधिकरणको मिसिल संलग्न INDIAN CUSTOM EXP. बाट देखिन्छ । सो खर्चलाई FOB वीरगञ्जले नसमेट्ने हुँदा ती खर्च गर्ने दायित्व बिक्रेता प्रत्यर्थी अन्नपूर्ण भेजिटेबल प्रोडक्ट प्रा.लि.को नभई क्रेताको हुने देखिन्छ । यस अवस्थामा भारतको रक्सौल भन्सारमा सामान क्लियरिङ गर्दाको खर्च रू.३४,७१,०४०।- प्रत्यर्थी अन्नपूर्ण भेजिटेबल प्रोडक्ट प्रा.लि.ले FOB वीरगञ्ज उल्लेख भएकोमा निजले आफ्नो दायित्वभन्दा बाहिर गई खर्च गरेको देखिएकाले त्यस्तो खर्चलाई आय कर ऐन, २०५८ को दफा १३ अन्तर्गतको खर्चमा गणना गरी कट्टा गर्न मिल्ने नदेखिने ।

तसर्थ विवेचित आधार, प्रमाण र कारणका आधारमा प्रत्यर्थी अन्नपूर्ण भेजिटेबल प्रोडक्ट प्रा. लि. ले आ.व. २०५९।६० मा बीमा प्रिमियम खर्च रू.३,५६,६१४।- र ट्रान्जिट बीमा प्रिमियम खर्च रू.७,६२,५००।- आय कर ऐन, २०५८ अन्तर्गत खर्च गर्न पाउनेअन्तर्गतकै खर्च रकम देखिएकाले सो खर्च रकमलाई आय कर गणनामा कट्टी गर्न पाउने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६५।१।२९ मा भएको फैसला सोहदसम्म मिलेको देखिँदा सदर हुने र अन्नपूर्ण भेजिटेबल प्रा.लि.ले भारतीय व्यापारी फर्मसँग कारोबार गर्दा FOB वीरगञ्ज भनी उल्लेख भएको अवस्थामा भारतीय भन्सारमा गरेको भन्सार क्लीयरिङ खर्च रू.३४,७१,०४०।- आय कर ऐन, २०५८ अन्तर्गत खर्च गर्न पाउनेअन्तर्गतको रकम नदेखिएकाले सो खर्च रकमलाई आय कर गणनामा कट्टी गर्न पाउने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६५।१।२९ मा भएको फैसला सोहदसम्म मिलेको नदेखिएकाले सोहदसम्म केही उल्टी भई उक्त रकम रू.३४,७१,०४०।– प्रत्यर्थी अन्नपूर्ण भेजिटेबल प्रा.लि. को खुद आयमा समावेश गरी कर निर्धारण गरी लिनुपर्ने ठहर्छ । सोहीअनुसार गरी आय कर गणना गर्नु भनी ठूला करदाता कार्यालय, कमलादी काठमाडौंमा लेखी पठाउने ।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०२९७, आयकर (०६०।०६१), *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. अन्नपूर्ण भेजिटेबल प्रोडक्टस प्रा.लि.*
- ०६७-CR-०२९६, आयकर (०५८।०५९), *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. अन्नपूर्ण भेजिटेबल प्रोडक्टस प्रा.लि.*

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-WO-१००८, उत्प्रेषण, *सरस्वतीदेवी चाइन वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

निवेदक विश्वनाथ महतोको श्रीमती सरस्वतीदेवी चाइनसमेतको नाममा पर्सा जिल्ला अदालतबाट जारी भएको इतलायनामा म्यादमा ३० दिन म्याद उल्लेख गरी जारी भएकोमा सो म्यादको ३० दिन काटी ७ दिन उल्लेख गरेको मिति २०६८।०६।०२ मा तामेल भएको तामेली म्यादबाट देखिन्छ । ध्रुवप्रसाद चौहानसमेत वादी र यी रिट निवेदक सरस्वतीदेवी

चाइनसमेत प्रतिवादी भएको मुलुकी ऐन, घर बनाउने महलको ९ नं. बमोजिम घर खाली गराइ पाउँ भन्ने मुद्दामा संक्षिप्त कार्यविधि अपनाई ७(सात) दिने म्याद जारी गरी पठाउनु पर्नेमा सामान्य कार्यविधि अपनाई ३० (तीस) दिने म्याद जारी गरेको र सो जारी गरेको म्यादमा ३० दिन उल्लिखित स्थानमा काटी ७ दिन लेखिएको सहीछापसमेत भएको नदेखिएको हुँदा उक्त म्याद पहिले नै ७ दिने काटिएको रहेछ भनी मान्न मिल्ने अवस्था नदेखिने।

अदालतले एउटा कानूनअनुसार जारी गर्नुपर्ने म्याद अर्को कानूनी व्यवस्थाअनुसार जारी गरेकोमा सो कार्यलाई बदर गरिसकेको पनि देखिएको, अड्डाले आफ्नो गल्ती महसुस गरी सोलाई सुधार गरेको कार्यलाई बदर गरी पक्षलाई प्रतिवाद गर्न पाउने हकबाट नै वञ्चित गर्ने कार्य प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुन्छ। सुनुवाइको हकलाई अदालतले अत्यन्तै गम्भीर ढङ्गबाट ग्रहण गरी यथासक्य सुनुवाइको हकबाट वञ्चित नगर्ने तरिकाबाट नै व्यवहार गर्नुपर्ने।

अतः उल्लिखित आधार, कारण र प्रमाणसमेतबाट निवेदक सरस्वतीदेवी चाइनको नामको तामेली म्यादसमेत बेरीतको भई निजलाई सुनुवाइको मौका दिने गरी पर्सा जिल्ला अदालतबाट भएको आदेश सो हदसम्म बदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१२।०९ मा भएको आदेश प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल भई त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल पुस २६ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-WO-०९४७, उत्प्रेषण / परमादेश, *कान्तिदेवी चौहानसमेत वि. झरियादेवी चाइनासमेत*
- ०६८-WO-०९४६, उत्प्रेषण, *सरस्वती चाइनसमेत वि. ध्रुवप्रसाद चौहानसमेत*

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-०६५२, लेनदेन, *राजेन्द्रप्रसाद यादवसमेत वि. तुल्सीराम यादव*

रामानन्द यादवले प्रतिवादी राजेन्द्रप्रसाद यादव, कमलावती यादवसमेतका उपर अंश पाउँ भनी २०६३ सालमा अंश नामसारी मुद्दा दायर गरेको देखिन आयो। सो मुद्दाको प्रतिउत्तर पत्रमा यी पुनरावेदक / प्रतिवादीहरू राजेन्द्रप्रसाद यादव र कमलावती यादवले आआफ्नो छुट्टाछुट्टै घर बनाई पैतृक सम्पत्ति ३ भाग गरी १।१ भाग भोग चलन गर्ने गरी २०४० सालदेखि छुट्टाछुट्टै बसी आएका छौं भनी प्रतिउत्तर दिएको देखियो। यसरी राजेन्द्रप्रसाद यादवले उक्त अंश मुद्दामा २०४० सालदेखि नै छुट्टिई भिन्न भएको कुरा स्वीकार गरिसकेको अवस्थामा प्रस्तुत मुद्दाको सन्दर्भमा निजलाई सगोलमै रहेको र घर व्यवहार चलाउन लिएको ऋण भनी ऋणको दायित्व प्रतिवादी रामानन्द यादवलाई बोकाउन मिल्ने देखिन नआउने।

पुनरावेदक राजेन्द्र प्रसाद यादवले ऋण लिँदा निज रामानन्द यादवको मन्जुरी लिएको र सो रकम निज रामानन्द यादवलाई समेत काम लाग्ने गरी वा सगोलको काममा खर्च गरेको भन्ने पनि कहीँकतैबाट खुल्न आएको पाइँदैन। रामानन्द यादवले सुरू अदालतमा अ.बं.१३९ नं. बमोजिम गरेको बयानमा आफूलाई ऋण कर्जा लिएको कुरा थाहा जानकारी नभएको, आफूले ऋण नखाएको भनी मिति २०६९।०७।२७ मा बयान गरिदिएको मिसिलबाट देखिन आउँछ। यस कुराको खण्डन हुने गरी निज पुनरावेदकले कहीँकतै भन्न र प्रमाणित गर्न सकेको पनि देखिँदैन। निज प्रस्तुत मुद्दाका प्रत्यर्थीावादी तुल्सीराम यादवले रामानन्द यादवलाई प्रतिवादी कायम गरी फिराद दायर गरेकोसमेत देखिँदैन। साथै यस अदालतमा प्रतिवादीहरूले

पुनरावेदन गर्दा पनि यी रामानन्द यादवलाई प्रत्यर्थी बनाएको पाइँदैन । यसरी पुनरावेदन अदालतबाट रामानन्द यादवले ऋणको दायित्व बेहोर्नु नपर्ने भनी ठहर गरेकोमा निजलाई प्रत्यर्थी बनाई पुनरावेदन पत्र नै दायर नगरेको अवस्थामा पुनरावेदन अदालतको फैसला उल्टी गरी प्रत्यर्थी नै नबनाएको व्यक्तिलाई ऋणको दायित्व बोकाउनु न्यायोचित नदेखिनुका साथै न्यायिक सिद्धान्तले पनि मिल्ने नदेखिने।

अतः विवेचित आधार, कारण तथा प्रमाणहरूबाट सुरू रूपन्देही जिल्ला अदालतबाट ३ जना अंशियारबाट प्रस्तुत ऋण रकमको सावाँ ब्याजसमेत भराई पाउने ठहऱ्याई मिति २०६९।१०।१५ मा भएको फैसला केही उल्टी गरी पुनरावेदक / प्रतिवादी राजेन्द्रप्रसाद यादवले तुल्सीराम यादवबाट लिएको ऋणको दायित्व रामानन्द यादवले बेहोर्नु नपर्ने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।०९।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-WO-०४३५, उत्प्रेषण, इन्दु *कोइराला वि. श्रम अदालत, अनामनगरसमेत*

कामदारले आफ्नो पारिश्रमिक नपाएको विषयमा श्रम कार्यालयमा उजुरी दिएकोमा श्रम ऐन, २०४८ को दफा २५(३) अनुसार श्रम अदालतले निर्णय दिन सक्ने र सो निर्णयमा चित्त नबुझेमा कामदारले दफा २६ अनुसार श्रम अदालतमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था उक्त श्रम ऐन, २०४८ मा भए पनि सो उजुरी तथा पुनरावेदन सुन्न सम्बन्धित व्यक्ति यस ऐनले गरेको कामदार वा कर्मचारीको परिभाषाभित्रको भने हुनुपर्ने हुन्छ। त्यसैले कामदारको परिभाषाभन्दा बाहिरको व्यक्तिले गरेको उजुरीको आधारमा यस ऐनअनुसार विवाद निरूपण गरेको अधिकारक्षेत्रबाहिरको भई बदर हुने नै देखिन आउने।

निवेदक र विपक्षीमध्येका तेजबहादुर बस्नेतका बीचमा भवन निर्माण मर्मत तथा सम्भारको कार्य गर्नका लागि मिति २०६५।४।५ मा सम्पन्न सम्झौता पनि करार ऐन, २०५६ को दफा २(क) को परिभाषाअनुसार भवन मर्मत सम्भारको कार्य गर्नका लागि अर्थात कुनै काम गर्नका लागि भनी कानूनबमोजिम कार्यान्वयन गर्न सकिने गरी नै भएको देखिएकोले यसको नियमन करार कानूनबमोजिम नै हुने।

कानूनबाट सिर्जित सबै निकायले कानूनले प्रदान गरेको अधिकारक्षेत्रको सीमाभित्र रहेर मात्र काम गर्नुपर्ने हुन्छ । यदि कानूनले तोकेको अधिकारक्षेत्रको सीमाभन्दा बाहिर गई निर्णय गरेमा सो निर्णयउपर यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्रअन्तर्गत न्यायिक नियन्त्रण गर्नुपर्ने नै हुन्छ। यस्तो अवस्थामा आवश्यक रिट आदेशहरू जारी गरी त्यस्तो निर्णय बदर गरिन्छ। यसैगरी हक उपचार माग्नेले पनि आफूलाई जुन कानूनले हक दिएको हुन्छ, सोही कानूनअनुसार उपचार खोज्न जानुपर्दछ। त्यस्तो कानूनअनुसारको उपाय नअपनाएमा उपचार प्राप्त हुन नसक्ने।

करारीय सम्झौताको विषयमा उठेका विवादको निरूपण गर्ने अधिकार श्रम कार्यालय र श्रम अदालतलाई नभएकोले श्रम कार्यालयले गरेको निर्णय र सोउपर पुनरावेदन सुनी श्रम अदालतले गरेको फैसला निवेदन मागअनुसार उत्प्रेषणको आदेशले बदर भई अब श्रम अदालतले गरेको फैसलाअनुसार पुनः निर्णय नगर्नु नगराउनु भनी परमादेशसमेत जारी गर्नु उपयुक्त हुने देखिन आउने।

अतः विवेचित आधार र कारणहरूबाट निवेदन मागअनुसार श्रम कार्यालयबाट मिति

२०६७।१२।२१ मा भएको निर्णय र सोउपर पुनरावेदन परी श्रम अदालतबाट मिति २०६८।५।९ मा भएको फैसलामा अधिकारक्षेत्रको त्रुटि देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने र श्रम अदालतको फैसलाअनुसार श्रम कार्यालयबाट उक्त विवादमा पुनः सुनुवाइ नगर्नु नगराउनु भनी परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल पुस १३ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०४५३, लागु औषध चरेस, मदन ऐडी भन्ने *थोले ऐडी वि. नेपाल सरकार*

प्र.स.नि. कर्णबहादुर घर्तीको प्रहरी प्रतिवेदन, ना.३ ख ७६९४ नं.को गाडीको डिग्गीबाट पोका थान-९ चरेस बरामद गरेको हो भन्ने बरामदी मुचुल्का, Central Police Forensic Science Laboratory को मिति २०६८।८।१२ को परीक्षण प्रतिवेदनमा उक्त बरामद वस्तु चरेस नै भएको भन्ने परीक्षण प्रतिवेदन, मौकामा यी प्रतिवादी मदन भन्ने थोले ऐडीले आरोपित कसुरमा साबित भई मौकामा अनुसन्धान अधिकारी तथा सुरू अदालतमा बरामदी सामान मेरो हो भनी बयान गरेको र सो बयानलाई पुष्टि हुने गरी प्रतिवादीमध्येका सहप्रतिवादी गणेशदत्त जोशीसमेतले मौकामा मिति २०६८।८।३ गते राति १० बजेको समयमा उक्त चरेस मदन भन्ने थोले ऐडीले बसको डिग्गीमा राखी चाबी लगाई सो चाबी आफैँले राखेका थिए भनी बयान गरेको देखिँदा यी प्रतिवादी मदन भन्ने थोले ऐडीले विभिन्न स्थानबाट अवैध रूपमा सङ्कलन गरी ९ वटा पोकामा प्याक गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि गाडीमा राखी लागु औषध (चरेस) ओसारपसार गरेको देखिन आएको हुँदा यी प्रतिवादी मदन भन्ने थोले ऐडीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) विपरीतको कसुर गरेको देखिन आउने।

आफूले लागु औषध हो भनी थाहा नपाई राखेको वा सो लागु औषध बिक्री वितरण ओसारपसार जस्तो यस ऐनले अपराध घोषित गरेको कार्य गर्न नराखी कानूनअनुसार राख्न पाउने अवस्थामा नै राखेको भए सो कुराको प्रमाण निजले नै पुऱ्याउनुपर्नेमा सो सम्बन्धमा उक्त बरामद भएको लागु औषध (चरेस) आफ्नो होइन भन्ने अन्य स्वतन्त्र प्रमाणले समेत पुष्टि हुन सकेको अवस्था नदेखिँदा प्रतिवादीले अदालतमा बयान गर्दा आफूले मौकामा सो कुरा उल्लेख गरेको भनी भन्न सकेको नदेखिएको अवस्थामा निजको अदालतको भनाइलाई मात्र आधार मानी निजले बसमा राखी ल्याएको सामान अन्य मानिसको हो भनी प्रतिवादीलाई आरोपित कसुरबाट उन्मुक्ति दिन मिल्ने नदेखिने।

सहअभियुक्तहरू बसका कन्डक्टर (बसका सञ्चालक) गणेशदत्त जोशी, सोही बसका चालक दीपक चन्द र कन्डक्टर धर्मानन्द जोशीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानमा समेत मदन भन्ने थोले ऐडीले मिति २०६८।०८।०२ गते राति अन्दाजी ११।१२ बजेको समयमा बसपार्कमा आई मेरो सानो सामान छ राखिदिनुपऱ्यो भनी आफैँ डिग्गीमा राखी ताला लगाएर गएका हुन्। बीचमा स्याँडी प्रहरी चौकीले चेकजाँच गर्दा मात्र लागु औषध चरेस रहेछ भन्ने थाहा पाएको हो, उक्त सामान मदन भन्ने थोले ऐडीको हो भनी बयान गरेको देखिएबाट सहअभियुक्तहरू दीपक चन्द, धर्मानन्द जोशी र गणेश दत्त जोशीको उक्त बयानलाई यी प्रतिवादी मदन ऐडीले अन्यथा हो भन्न सकेको अवस्था देखिँदैन। वारदातसँग सार्थक सम्बन्ध रहेका सहअभियुक्तहरूले उक्त बरामद भएको सामान प्रतिवादीको हो भनी पोल गरी बयान गरेको र सो सामान आफूले ल्याएको भनी यी प्रतिवादी अदालतमा समेत साबित भएको देखिँदा उक्त बयानलाई प्रमाणमा ग्रहण गर्नुपर्ने देखियो। तसर्थ यी प्रतिवादी उक्त लागु औषध (चरेस) ओसारपसार गर्ने

कार्यमा संलग्नता रहेको पुष्टि हुन आउने।

पुनरावेदक / प्रतिवादी मदन भन्ने थोले ऐडीले लागु औषध (चरेस) बिक्री वितरणका लागि बझाङ चैनपुरदेखि महेन्द्रनगरतर्फ लैजाँदै गर्दा यात्रु बाहक बस स्याँडी प्रहरी चौकीमा चेकजाँचको क्रममा ९ पोका बसको डिग्गीमा फेला परेको देखिँदा पुनरावेदक / प्रतिवादीको सो कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) विपरीतको कसुर गरेको देखिँदा प्रतिवादीमध्येका मदन भन्ने थोले ऐडीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(५) बमोजिम कैद वर्ष ८(आठ) र रू.८०,०००।– (असी हजार) जरिवाना हुने ठहरी बझाङ जिल्ला अदालतबाट मिति २०७१।१।२८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।१२।२५ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट यी पुनरावेदक / प्रतिवादी मदन भन्ने थोले ऐडीले लागु औषध (चरेस) बिक्री वितरणका लागि बझाङ चैनपुरदेखि महेन्द्रनगरतर्फ लैजाँदै गर्दा यात्रु बाहक बस चेकजाँचको क्रममा ९ पोका बसको डिग्गीमा फेला परेको देखिँदा पुनरावेदक / प्रतिवादीको सो कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) विपरीतको कसुर देखिँदा प्रतिवादीमध्येका मदन भन्ने थोले ऐडीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(५) बमोजिम कैद वर्ष ८(आठ) र रू.८०,०००।– (असी हजार) जरिवाना हुने ठहरी बझाङ जिल्ला अदालतबाट मिति २०७१।१।२८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।१२।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-००३०, अपुताली हक कायम, मधुकर *मनोहर सिंह वि. राजेश्वरप्रसाद सिंह*

किर्ते मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रतिवादी राजेन्द्र सिंह भुमिहारले वादी दाबीका जग्गाहरू मिति २०६२।३।२७ मा प्रतिवादी मधुकर मनोहरका नाममा र.न .१३४६६ बाट राजीनामा पास गरिदिएको देखिन्छ। किशोरीदेवी सिंहको आफ्नो अंश भागको जग्गा अन्य कुनै किशोरी देवी खडा गरी किर्ते गरी राजेन्द्र सिंह भूमिहारले लिएउपर चलेको किर्ते मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा प्रतिवादी राजेन्द्रसिंह भूमिहारले सोही जग्गाहरू नै मधुकर मनोहरलाई राजीनामा पास गरिदिएको देखिने।

प्रतिवादी स्वयम्ले दायर गरेको किर्ते मुद्दाको पुनरावेदन सर्वोच्च अदालतमा कारबाहीयुक्त रही रहेकै अवस्थामा दाबीका जग्गाहरू मधुकर मनोहरलाई हस्तान्तरण गरेकोसमेत देखिन्छ । मुद्दा चलिरहेकै अवस्थामा जग्गा हस्तान्तरणको कार्य गरेको देखिँदा यस्तो कार्य कानूनबमोजिमको नभई दूषित तवरले गरेको देखियो। साथै सो किर्ते मुद्दामा यस अदालबाट किर्ते गरेको ठहरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला सदर हुने गरी यस अदालतबाट मिति २०६२।३।३० मा फैसला भएको देखिन्छ । वस्तुतः राजेन्द्र सिंह भूमिहारले विवादित जग्गामा प्राप्त गरेको हक नै किर्ते ठहरी अदालतबाट अन्तिम फैसला भइरहेको पाइन्छ । किर्ते गरी प्राप्त गरेको व्यक्तिबाट भएको हक हस्तान्तरण कार्य पनि स्वतः किर्ते भई दूषित हुने।

नवलकिशोरी देवीको मृत्यु भइसकेको र

पुस्तावरीअनुसारका जीवित हकदारहरू मनोजकुमार सिंह, रामशंकर प्रसाद सिंह र कामेश्वर शर्मासमेत ४ जना जीवित रहेको अवस्थामा कामेश्वर शर्माबाहेक ३ जनाको नाममा दाबीको जग्गामा अपुताली हक कायम गरेको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी नवलकिशोरीको नामका जग्गाहरूमा जीवित हकदारहरूलाई अपुताली हक कायम गरिदिएको पुनरावेदन अदालत, जनकपुरको फैसला न्यायोचित र कानूनअनुकूलकै देखिन आउने।

तसर्थ, उल्लिखित आधार, कारण र प्रमाणबाट वादी दाबीबमोजिम मिति २०६२।३।२७ को र.नं. १३४६६ राजीनामा लिखत बदर हुने ठहऱ्याई नवल किशोरी देवीको जीवित हकवालाहरूमा अपुताली हक कायम हुने र दाबीको जग्गाको ४ भागको १ भाग वादीको नाममा दर्ता कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।९।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-००३१, अपुताली हक कायम, मधुकर *मनोहर सिंहसमेत वि. राजेश्वरप्रसाद सिंह*
- ०७०-CI-००४३, अपुताली हक कायम, लिखत दर्ता बदर दर्ता, मुरली *मनोहर सिंहसमेत वि. राजेश्वरप्रसाद सिंह*
- ०७०-CR-०९०४, जालसाजी, मुरली *मनोहर सिंहसमेत वि. राजेश्वरप्रसाद सिंह*
- ०७०-CR-०९०५, जालसाजी, मधुकर *मनोहर सिंहसमेत वि. राजेश्वरप्रसाद सिंह*
- ०७०-CR-०९०६, जालसाजी, मधुकर *मनोहर सिंहसमेत वि. राजेश्वरसाद सिंह*

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०४००, जबरजस्ती करणी, *नेपाल सरकार वि. लालबहादुर शाही*

जबरजस्ती करणी मुद्दामा पीडितको बेहोरालाई नै महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने हुन्छ। पीडितको अदालतमा भएको बकपत्र तथा प्रतिवादीको बयानबाट यी दुईजनाको बीचमा उक्त वारदातभन्दा अघि पनि सहमतिमै करणी लेनदेन भएको भन्ने बेहोरा देखिन्छ । बच्चाहरूसँगै सुतेकी जाहेरवालीले यौन सम्पर्क गर्दाको अवस्थामा तत्काल अवरोध गरेको पनि देखिँदैन । जाहेरवालीकै घर कोठामा प्रतिवादी सुतेको भन्ने देखिन्छ। प्रतिवादी र पीडिताको बीचमा विवाह भई प्रतिवादीलाई पति मानी नागरिकता लिएको भन्नेसम्म देखिने।

पीडितले आफ्नै कोठामा रोटी खान र प्रतिवादीलाई सुत्न दिएको, दुवैजनाको सहमतिमा यौन सम्पर्क भएको, पीडितले तत्काल प्रतिकार गरेकोसमेत नदेखिँएको जस्ता तथ्यहरूबाट प्रस्तुत मुद्दामा प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने वारदात पुष्टि भएको नदेखिने।

अतः उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद र पीडितलाई १ लाख क्षतिपूर्ति भराइदिने गरी भएको जाजरकोट जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी लालबहादुर शाहीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७१।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१२२७, धनमाल, *गणेशबहादुर थापा वि. लक्ष्मीप्रसाद खत्रीसमेत*

वादी दाबीमा उल्लेख भएका चाँदीका डब्लु, काँसका थाल, गाग्री, खड्कुलालगायतका मालवस्तु प्रतिवादीले लगेको भन्ने प्रस्ट प्रमाण वादीले पेस गर्न सकेको छैनन् । भाँडा वर्तनको रू.९७,०००।- र चाँदीको डब्लुको रूपैयाँ १ लाखसमेत जम्मा रू.२,५५,०००।- धनमाल फिर्ता पाउने ठहऱ्याई जिल्ला अदालतबाट फैसला भएको छ। बैंकमा रहेको नगद धनमालसमेततर्फ दाबी नपुग्ने ठहर भएकोमा सोउपर वादीले पुनरावेदन अदालतमा पुनरावेदन गरेको देखिन नआएकोले सोतर्फ विचार गर्न नमिल्ने।

भाँडा वर्तन र चाँदीको डब्बु जस्ता जिन्सी सामानहरू सर्वप्रथम त वादीको घरमा मौजुद रहेको भन्ने तथ्य वस्तुगत रूपमा पुष्टि गर्न सकेको देखिँदैन । आफ्नो दाबी प्रमाणित गर्ने भार वादीमा रहेको हुन्छ। वादीसँग दाबीको धनमाल रहेको पुष्टि हुन नसकेको र ती जिन्सी सामानहरू प्रतिवादीले लगेको भन्ने तथ्य प्रमाणहरूबाट पुष्टि हुन नआएको हुँदा धनमालतर्फ वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।४।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१४६३, जग्गा खिचोला चलन, *नारायणमान श्रेष्ठ वि. टिका भण्डारीसमेत*

वादी नारायणमान श्रेष्ठको नाममा रहेको कि.नं. १३०९ जग्गाको क्षेत्रफल ४-३-३-० रहेको देखिन्छ। मिसिल संलग्न नक्सा मुचुल्काको न.नं. १९, २१ र २२ समेतमा जम्मा ४-२-२-० रहेको देखिँदा निजको नाउँमा दर्ता भएको जग्गाभन्दा हाल कम जग्गा रहन गएको देखियो । बाटो निर्माण गरेको विवादित न.नं. २० मा ०-१-१-० रहेको र सो जग्गासमेत जोड्दा वादीको दर्ताबमोजिमको क्षेत्रफल पुग्ने देखिँदा वादीको कि.नं.१३०९ को जग्गामा पर्ने गरी जिरो प्वाइन्ट चिरबिरे चौतारासम्मको बाटो खनिएको कुरा पुष्टि हुन आएको देखिने।

उक्त जिरो प्वाइन्टबाट चिरबिरे चौतारो सडकको स्तरोन्नति नेपाल सरकारको बजेट तथा उपभोक्ता समितिको संयुक्त लगानीमा निर्माण भएको देखिन्छ । उक्त सडक सार्वजनिक प्रकतिको भई सो सडकबाट सर्वसाधारणलगायत वादीसमेत लाभान्वित हुने नै देखिने।

तर उक्त बाटो निर्माण गर्दा वादीको जग्गामा पर्ने गरी निर्माण भएको र वादीले आफ्नो जग्गाबाट बाटो निर्माण गर्न मन्जुरी दिएको नदेखिएको हुँदा उक्त जग्गाको उपयुक्त क्षतिपूर्ति वा मुआब्जा वादीले पाउनुपर्ने नै देखिँदा उचित मुआब्जा वा क्षतिपूर्ति लिई वादीले छाडी दिँदा वादीसमेतलाई न्याय नै पर्ने देखिन्छ । नेपाल सरकारको बजेट विनियोजित भई उपभोक्ता समितिसमेतको लगानीमा बाटो निर्माण भइसकको देखिँदा अब उक्त बाटो बन्द गर्नसमेत व्यावहारिक दृष्टिकोणले उपयुक्त नदेखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट न.नं.२० को ०-१-१-० जग्गाको क्षतिपूर्ति मुआब्जा पुनरावेदक वादी नारायणमान श्रेष्ठलाई उपलब्ध गराइदिन धनकुटा नगरपालिकाको कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी गर्ने र निर्माण भइसकेको सडक बन्द गरी चलन चलाई दिन नमिल्ने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।८।९

को फैसला न्यायोचित नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७५-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *मोहनबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कसुर गर्ने व्यक्ति तत्काल प्रकाउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा जरूरी प्रकाउ पुर्जी जारी हुन सक्छ । मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९(३) बमोजिम प्रकाउ पुर्जी जारी गर्न अदालतबाट अनुमति पाइसकेपछि पुनः ऐ. ऐनको दफा ९(६) बमोजिम जरूरी प्रकाउ पुर्जी जारी गर्नुको औचित्य र प्रयोजन देखिँदैन । कानूनले तोकेको निश्चित कार्यविधि र प्रक्रिया सबैले पालना गर्नुपर्दछ । कानूनले तोकेको निश्चित कार्यविधि र प्रक्रिया अवलम्बन नगरी भएका कार्यहरूले न्यायिक विचलन निम्त्याउँछ । यो कुरा लोकतान्त्रिक समाजको निम्ति सुहाउँदो कार्य होइन । अदालतबाट प्रक्राउ पुर्जी जारी गर्ने अनुमति लिई सकेपछि पुनः जरूरी पक्राउ पुर्जी जारी गर्नुबाट जसरी पनि कागजी रीत पुऱ्याउने पूर्वाग्रहबाट कार्य गरेको प्रतीत हुन आएको छ । राज्यको तर्फबाट नागरिकप्रति प्रवृत्त धारणा राखेर जसरी पनि थुनामा राख्ने कार्य गर्नु शोभनीय नहुने ।

कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन । संविधानले कानूनी औचित्य पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनीरूपमा शक्तिको प्रयोग गर्नबाट निषेध गरेको छ । वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने हुन्छ । कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले न्यायिक वैधता प्राप्त गर्न सक्दैन । कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य बन्ने ।

मुद्दाको रोहमा अदालतबाट भएका आदेश तथा फैसलाहरूको सबैले पालना गर्नु पर्दछ । अदालतको आदेश छल्ने, पालना नगर्ने वा कुनै प्रकारको बहानाबाजी अगाडि सार्ने कुरा मान्य र शोभनीय हुँदैन । त्यस प्रकारका कामकारबाही संविधान, कानून एवम् न्यायिक मूल्य मान्यतासमेत प्रतिकूल हुन्छन् । राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्नु हुँदैन । लोकतान्त्रिक मूल्य मान्यता, न्यायिक अवधारणा, कानूनको शासन तथा संविधान एवम् कानूनद्वारा प्रत्याभूत हक अधिकारको संरक्षण गर्नेसमेत कुनै दृष्टिले हेर्दा पनि प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न सकिँदैन । कानूनी प्रक्रियामा व्यक्तिउपर गरिने व्यवहार न्यायिक, स्वच्छ र तर्कसङ्गत (Just, Fair, Reasonable) हुनुपर्दछ । कानूनको उचित प्रक्रिया अनुशरण नगरी व्यक्तिलाई बन्दी बनाउने कार्य अनुचित हुन्छन् । अदालतबाट पटक-पटक भएका आदेशअनुसार बन्दीलाई थुनामुक्त नगरी निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हो । त्यस्तो कार्य नेपालको संविधान तथा प्रचलित फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ मा व्यवस्थित प्रावधानको भावना र मर्म प्रतिकूल

देखिन्छ । यस प्रकारको प्रवृत्तिबाट संविधानद्वारा प्रत्याभूत हक अधिकारको कार्यान्वयनमा गम्भीर अवरोध पैदा गर्ने र अदालतप्रतिको जनआस्था र विश्वासमा आँच आउने सम्भावनाहरू समेत रहन्छ । यस पक्षमा स्वयम् अदालतलगायत नेपाल सरकारका सम्बद्ध निकायहरू गम्भीर हुन वाञ्छनीय देखिने ।

थुनामा राखेको मानिस अदालतबाट छुट्यो भने तत्काल पक्राउ गर्ने गरी बस्ने र अदालतको आदेशबमोजिम थुनाबाट मुक्त भएका व्यक्तिलाई अदालत, परिसरको ढोकाबाटै पक्राउ गरी लैजाने प्रवृत्ति चिन्ताजनक देखिन्छ । यस प्रकारको प्रवृत्तिले स्वेच्छाचारितालाई बढावा दिने र संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको प्रचलनमा गम्भीर आघात पुऱ्याउने अवस्था रहन्छ । त्यसैले नेपाल सरकारका सम्बद्ध पदाधिकारीहरूले यस प्रकारको प्रवृत्तिबाट सिर्जना हुने कानूनी दायित्वसमेत बहन गर्नुपर्ने अवस्था रहन्छ । यस पक्षमा सरकारका सम्बद्ध पदाधिकारीहरू सचेष्ट रहन वाञ्छनीय देखिने ।

कुनै फौजदारी कानून प्रतिकूल कार्य (फौजदारी कसुरजन्य कार्य) भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन । अपराध नियन्त्रण गरी समाजमा शान्ति, व्यवस्था र अमनचैन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो । यसका लागि न्यायिक प्रक्रिया अपनाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ । तर यसरी न्यायिक प्रक्रिया सञ्चालन गर्दा भने कानूनबमोजिमको उचित प्रक्रियाको समुचित अनुशरण गर्नु अनिवार्य हुन्छ । कुनै कसुरजन्य कार्य भएको छ भन्दैमा कानूनी प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखी कसैलाई बन्दी बनाउन नमिल्ने ।

अतः रिट निवेदकहरूलाई गैरकानूनी तवरबाट थुनामा राखेको भनी यस अदालतबाट मिति २०७५।५।१८ मा, मिति २०७५।५।२५ मा तथा मिति २०७५।६।५ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा एकपछि अर्को पटक पक्राउ गरेको र मिति २०७५।४।१० देखि अहिलेसम्म निरन्तर थुनामा राखेको देखियो । पछिल्लो पटकको थुनामा राख्ने सन्दर्भमा समेत पक्राउ गरी हिरासतमा राख्नु पर्ने उचित र पर्याप्त आधार र कारण म्याद थपको सन्दर्भमा खुलाइएको पाइएन । निवेदकहरूलाई मिति २०७५।६।५ मा अदालतबाट छुट्ना साथ तत्काल पक्राउ गरिएकोमा मिति २०७५।६।१२ मा म्याद थप गर्दाका अवस्थासम्म पनि बयान गराएको र निजहरूको जिकिरको सुनुवाई गरेको देखिएन । समग्रमा हेर्दा स्वच्छ सुनुवाइको मान्यताप्रति उदासिन रहेको पाइयो । पटकपटक यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई बन्दीलाई थुनामुक्त गर्नासाथ तत्कालै अदालतको परिसर नजिकबाटै पक्राउ गरी निरन्तर थुनामा राखेको देखिँदा यसलाई अदालतको आदेशको पालना गर्नमा वाञ्छित संवेदनशीलता नअपनाएको र निवेदकहरू उपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने देखियो । यस प्रकारको थुनालाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३(२) सपठित सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदकहरू मोहनबहादुर कार्की र कृष्णप्रसाद धमलालाई थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

इति संवत् २०७५ साल असोज १६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०८८८, सवारी ज्यान, *नेपाल सरकार वि. शान्ता चौधरी*

अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई

सवारी चलाउने आवश्यक ज्ञान, सीप, योग्यता वा क्षमता भएको व्यक्ति मान्न मिल्दैन । आवश्यक सीप र कुशलतापूर्वक सवारी साधन चलाईएन भने यो मानिसको जिउ ज्यानका लागि जोखिमी साधन वा गम्भीर खतरायुक्त साधन बन्न पुग्दछ । यसबाट सवारी साधनमा रहेका व्यक्ति तथा पैदल यात्रीहरूको ज्यान जाने अवस्था रहन्छ । त्यसैले अनुमतिपत्र प्राप्त नगरी सार्वजनिक आवागमन हुने सडकमा सवारी चलाउने कार्य स्वयम्लाई लापर्वाहीपूर्ण कार्य मान्नु पर्ने ।

सवारीचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनले ठक्कर दिई वा कुनै बेहोराले दुर्घटना भई मानिस मर्न गएमा ज्यान लिने मनसाय भएको अवस्थामा हुनेबाहेक सामान्यतया सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम नै कसुर कायम गरी सजाय ठहर गर्नुपर्ने ।

अतः विवेचित कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतको आधारमा हेर्दा प्रतिवादी शान्ता चौधरीले मोटरसाइकल चलाउने सवारीचालक अनुमतिपत्र नभई सार्वजनिक सडकमा मोटरसाइकल चलाउँदा सडकमा हिँडिरहेका मानिसलाई ठक्कर लागी बच्चाको मृत्यु भएको हुँदा निज प्रतिवादीको उक्त कार्य लापरवाहीपूर्वक गरिएको देखिएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम कसुर ठहर गर्नुपर्नेमा ऐ. दफा १६१(३) बमोजिम सजाय गरेको सुरू फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।३।२२ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई प्रतिवादी शान्ता चौधरीलाई ऐ. दफा १६१(२) बमोजिम २(दुई) वर्ष कैद सजाय र सोही दफाको उपदफा (४) बमोजिम रू. २,०००।- जरिवानासमेत हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-MS-००२२, अदालतको अवहेलना, *वसनारायण महर्जनसमेत वि. पद्मा माथेमासमेत*

कसैले न्याय सम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलना गरेको मानिन्छ । तर रिट निवेदनमा उल्लेख भएजस्तो विपक्षीहरूले अदालतको आदेशको अवज्ञा गर्ने, नमान्नेजस्ता अवहेलनाजन्य कार्य गरेको मान्न सकिनेसम्मको अवस्था मिसिलबाट देखिन आएन । न्यायिक प्रक्रियामा आएका विषय सम्बन्धमा अदालतबाट भएको निर्णयअनुसार विपक्षीहरूले जग्गा सम्बन्धमा हक दाबी जनाएको कार्यलाई नियमित र स्वाभाविक कानूनी प्रक्रिया मान्नु पर्दछ । अवहेलना भएको मान्न सकिने कुनै पनि आधार कारण वा प्रमाण निवेदकहरूले प्रस्तुत गर्न सकेको देखिँदैन । यस प्रकारको कानूनी प्रक्रिया अपनाइएको कुराबाट यस अदालतको अवहेलना भएको ठान्नु उचित नहुने ।

अतः अवहेलना भएको ठहर गर्ने पूर्वावस्थाको अभाव देखिँदा विपक्षीहरूलाई अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन दाबी पुग्न सक्ने अवस्थाको विद्यमानता देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम् ।

**इजलास नं. १३**

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०४५९, परमादेश, *रिताकुमारी दत्त वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

कुनै पनि व्यक्तिको नागरिकता बदर भएपछि

त्यस्तो व्यक्ति पहिचानविहीन हुन पुग्छ । गृह मन्त्रालयको मिति २०६२।१।२० को निर्णयबाट त्यस्तो अवस्था बन्न पुगेको देखियो । पुनरावेदन अदालतबाट पुनः निर्णयको लागि आदेश भएको अवस्थामा पनि यति लामो अवधिसम्म निवेदिकालाई यस्तो स्थितिमा राख्नु कुनै दृष्टिबाट पनि क्षम्य देखिँदैन । नागरिकताजस्तो पहिचानको विषयमा निर्णय गर्ने निकाय गम्भीर नभएको भन्ने प्रस्टै देखिन्छ । विपक्षी गृह मन्त्रालयले आफैँले यति लामो समयसम्म कुनै निर्णय नगरी आफ्नो दायित्वसमेत पूरा गर्न सकेको देखिएन । पुनरावेदन अदालत, पाटनको निर्णयानुसार आवश्यक प्रमाण बुझ्ने काम भइरहेको भन्दै "दशजना अपराधी छुटुन् तर एकजना निअपराधी जेल नपरून्" भन्ने न्यायको मान्य सिद्धान्तअनुरूप कुनै पनि निर्दोष व्यक्तिले अनाहकमा कानूनी दुःख भोग्नु नपरोस् भन्ने हेतुले प्रमाण बुझ्ने कार्यमा समय लागेको हो भनी उक्त मन्त्रालयद्वारा पेस भएको लिखित जवाफ नै अत्यन्तै लापरवाहीयुक्त एवम् जिम्मेवारी पन्छाउने प्रवृत्तिको देखिने ।

निवेदिकाको नागरिकताजस्तो संवेदनशील विषयमा यथाशीघ्र निर्णय गर्नुपर्नेमा दशकौंसम्म पनि निर्णय नगरी जिम्मेवारीबाट पन्छिन खोजिएको देखिन्छ । नेपाल सरकारको जिम्मेवार निकायहरूको यस किसिमको क्रियाकलाप सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनमा उल्लिखित कानूनी व्यवस्थाको प्रतिकूल देखिन आयो । यसरी प्रचलित कानूनले निर्धारण गरेको कर्तव्यसमेत पालना नगरी जिम्मेवार निकायबाट नै विधिको शासनको प्रत्यक्ष उपेक्षा गरेको देखिन आउने ।

विपक्षी निकायहरूले पुनरावेदन अदालतले गरेको फैसलालाई पालना गर्नुको विकल्प छैन । गृह मन्त्रालयजस्तो जिम्मेवार निकायले त अदालतको निर्णयको पालना र कार्यान्वयनको लागि अझ बढी तदारूखता देखाउनुपर्ने हो । तर अदालतबाट भएको निर्णयको समेत उपेक्षा गरेको पाइयो । यसरी निवेदिकाको नागरिकताको विषयमा यथोचित समयमै निर्णय नगरी विपक्षी निकायहरूबाट संविधान तथा कानूनबमोजिम बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कर्तव्यको पालना भए गरेको नदेखिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता देखिन आउने ।

अतः विवेचित आधार कारणबाट पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।३।२१ मा भएको फैसलाअनुरूप निवेदिकाको नागरिकता सम्बन्धमा प्रमाण बुझी निजलाई समेत रोहबरमा राखी निर्णय गर्नुपर्नेमा लामो समयसम्म पनि निर्णय नगरी आफ्नो संविधान तथा कानूनबमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा गरेको देखिन नआएकोले यो आदेश प्राप्त भएको मितिले ४५ दिनभित्र जे बुझ्नुपर्ने हो बुझी निवेदिकाको नागरिकतासम्बन्धी विषयको टुंगो लगाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CI-१२५७, टहरा भत्काई बाटो निकास खुलाई पाउँ, *प्रमिलादेवी ठाकुर वि. उमानाथ रिजाल*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को देहाय (ग) ले "पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा" मा मात्र पुनरावेदन अदालतको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार पचास हजार रूपैयाँभन्दा कम बिगो भएको मुद्दामा पुनरावेदन अदालतबाट सुरू

अदालतको फैसला उल्टी वा केही उल्टी गरेको भए तापनि पुनरावेदन अदालतले गरेको सो फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिने।

अतः प्रस्तुत मुद्दामा वादीले फिरादसाथ कोर्ट फी दाखिला गर्दा विवादित घर टहराको बिगो जम्मा रू.१५,०००।- देखाई सोको कोर्ट फी रू.७८०।- दाखिला गरी फिराद दायर भएको र न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को कानूनी व्यवस्थाअनुसार पचास हजार वा सोभन्दा बढी बिगो भएको मुद्दामा मात्र सुरू अदालत वा निकायले गरेको फैसला पुनरावेदन अदालतबाट उल्टी वा केही उल्टी भएको अवस्थामा सर्वोच्च अदालतमा पुनरावेदन दर्ता हुन सक्नेमा सो कानूनी व्यवस्थाको प्रतिकूल पचास हजारभन्दा घटी बिगो भएको मुद्दामा समेत सर्वोच्च अदालतमा दर्ता भएको प्रस्तुत मुद्दाको पुनरावेदन कायम रहन सक्ने नदेखिँदा मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार २० गते रोज ५ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CR-११२७, जालसाजी, *प्रमिलादेवी ठाकुर वि. उमानाथ रिजाल*
- ०६८-CI-१२५६, लिखत बदर, *प्रमिलादेवी ठाकुर वि. उमानाथ रिजाल*

## इजलास नं. १४

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१०२७, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. अमित सागर लामासमेत*

प्रतिवादीहरू लागु औषध बिक्री गर्दाको अवस्थामा पक्राउ पनि नपरेको, सेवनकर्ता भई उपचाररत रहेको भन्ने जीवन सहारा उपचार तथा पुनर्स्थापना केन्द्र र रिचमण्ड फेलेसिप नेपालको चोभारस्थित पुनःस्थापना केन्द्रको पत्रबाट देखिएको, ती संस्थाहरूबाट प्रमाणित गरिएका पत्रहरूको आधिकारिकताबारे अभियोजन पक्षबाट प्रश्न नउठाइएको र लागु औषध सेवन गर्ने सिक्कासमेत बरामद भएको देखिएबाट यी प्रतिवादीहरूसँग बरामद भएको उक्त लागु औषध बिक्री वितरणको लागि नभई सेवनको लागि प्रतिवादी राजु सापकोटाबाट खरिद गरी ल्याएको भन्ने तथ्य पुष्टि भएको देखिन आउने।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादीमध्येका मधुसुदन र अमित सागरबाट बरामद लागु औषधको परिणामसमेत दृष्टिगत गर्दा निज प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम लागु औषध सेवनको कसुरमा जनही १ वर्ष कैद र १० हजार जरिवाना हुने ठहर्‍याई भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०१७०, स्रेस्ता अद्यावधिक (टिप्पणी र आदेश) बदर जग्गा खिचोला चलन, *मो. हुसेन हलवाई वि. पहलाद अहिर*

मिसिल संलग्न विवादित जग्गाको टायल चेकअनुसार प्रतिवादीको साबिक कि.नं.३४९ बाट हाल कायम कि.नं.४०३ र ४०५ को क्षेत्रफल अध्ययन गर्नुपर्ने हुन आउँछ । टायल चेक गर्दा कि.नं.४०३ को उत्तरतर्फ पूर्वपश्चिम १९ मिटर र कि.नं.४०५

को उत्तरतर्फ २.८० मिटर रहेको देखिन्छ । साबिक कि.नं.३४९६ को उत्तरतर्फको साइज नै नयाँ कायम कि.नं.४०३ र ४०५ को साइज हुने कुरामा विवाद भएन। अदालतबाट भई आएको नक्सा मुचुल्का अध्ययन गर्दा साबिक कि.नं.३४९६ र ४२८ का जग्गाको साबिक नक्सा मुताबिकको नाप नक्साबाट हेर्दा कि.नं.३४९६ को उत्तरतर्फ पूर्वपश्चिम २० मिटर र दक्षिणतर्फ पूर्वपश्चिम २० मिटर भई साबिकअनुसार उत्तरतर्फ ४१.४० मिटर हुनुपर्नेमा हाल ३०.४० मिटर देखिई उत्तरतर्फ २ मिटर नपुग देखिन्छ। त्यसै गरी दक्षिणतर्फ पूर्वपश्चिम ४० मिटर हुनुपर्नेमा हाल ३८ मिटर देखिई दक्षिणतर्फ २ मिटर नपुग देखिई प्रतिवादीको जग्गा अपुग भइरहेको देखिएबाट प्रतिवादीले वादीको जग्गा खिचोला गरेको भन्न कानूनसङ्गत नदेखिने।

प्रतिवादी पहलाद अहिरले यी वादी मो.हुसेन हलवाईकी पत्नी सदरून निसाको नाममा दर्ता रहेको कि.नं.४२९ को ०-१-३ जग्गामध्ये ०-१-१ जग्गा खरिद गरेको सम्बन्धमा विवाद देखिँदैन । सोबमोजिम कि.नं.४२९ बाट कित्ताकाट भई ०-१-१ जग्गा कि.नं.३४९६ कायम भई बाँकी जग्गा निज सदरून निसाकै नाममा कि.नं.३४९७ कायम रहेको देखिन्छ । निज प्रतिवादी सदरून निसाले आफूले उपर्युक्तबमोजिम दिएको जग्गा सम्बन्धमा कुनै विवाद उठाएको पनि देखिँदैन। फेरी तिनै वादीको पत्नी सदरून निसाबाट कि.नं.२२१८ को ०-०-१० मध्ये ०-०-९ जग्गा खरिद गर्दा कित्ताकाट भई कि.नं.३४९८ कायम भएको र बाँकी ०-०-१ जग्गाको कि.नं.४३९९ कायम भई दाता सदरून निसा कै नाममा रहेपनि सो जग्गाको हक छोडेको लिखत मिति २०६३।२।१५ मा पारित भएको पनि देखिन्छ । यसरी यिनै वादीकै पत्नीको हकभोगमा रहेको जग्गा खरिद गरेको अवस्थामा हाल आएर खरिदकर्ताउपर खिचोलामा विवाद उठाएको भए पनि वस्तुनिष्ठ प्रमाणबाट सो प्रमाणित गर्न नसकेबाट वादीको दाबी पुष्टि हुने आधार नदेखिने।

तसर्थ प्रतिवादीको जग्गा उत्तरतर्फ र पूर्वतर्फबाट हेर्दा साबिक टायल चेक तथा अदालतबाट भएको नक्साबाटसमेत पूर्वतर्फ २०.४ मिटर र उत्तरतर्फको लम्बाईसमेत बढेको नदेखिएबाट प्रतिवादीले वादीको जग्गा खिचोला गरेको भन्न सकिने पर्याप्त आधार देखिँदैन। यस स्थितिमा आंशिक खिचोला ठहर गरेको बाँके जिल्ला अदालतको फैसलालाई बदर गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७१।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CR-००४५, ज्यान मार्ने उद्योग र डाँका, नेपाल सरकार वि. सीता वि.क.समेत

प्रतिवादीमध्येका चन्द्रबहादुर वि.क. ले हतियार चलाएको र वारदातमा प्रयोग भएको बन्दुक चन्द्रबहादुर वि.क. ले घरमा ल्याई राख्न दिएको भन्ने देखिएको अवस्थामा यी प्रतिवादीहरूले मार्ने योजना बनाएको, मार्नेसम्मको नियत राखेको र जाहेरवालालाई बन्दुक वा हतियारले हानेको भन्ने नदेखिँदा प्रतिवादीहरू बिलप्रसाद धिमिरे, रामप्रवेश साह र उमेश ठाकुर ज्यान मार्ने उद्योगको कसुरमा संलग्न थिए भनी अनुमान गरी हचुवाको आधारमा सजाय गर्न मिल्ने देखिँदैन। प्रत्येक प्रतिवादीले गरेको कसुरको मात्राअनुसार नै सजाय दिनु फौजदारी न्यायको सिद्धान्त भएकाले सबै प्रतिवादीलाई समान सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

प्रतिवादी सिता वि.क. वारदातमा उपस्थित पनि नरहेको, यिनकै संलग्नतामा वारदातको योजना बनाइएको भन्ने पुष्टि पनि नभएको र वारदातमा संलग्न रही डाँका गरी ल्याएको रकम यी प्रतिवादीले बाँडी खाएको भन्नेसमेत मिसिल संलग्न प्रमाणबाट नदेखिँदा प्रतिवादी सिता वि.क. लाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणबाट सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६६।०५।१५ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू चन्द्रबहादुर वि.क., रामप्रवेश साह, उमेशकुमार ठाकुर र बिलप्रसाद घिमिरेले अभियोग दाबीबमोजिम डाँका गरेको ठहर गरी जनही ६(छ) वर्ष कैद र बिगो रू.४,६५०।– कायम गरी सोको डेढी जरिवाना हुने एवम् ज्यान मार्ने उद्योगको कसुरतर्फ प्रतिवादी चन्द्रबहादुर वि.क. लाई ज्यान मार्ने उद्योगमा ५ वर्ष कैद हुने ठहऱ्याई अन्य प्रतिवादीहरू रामप्रवेश साह, उमेशकुमार ठाकुर, बिलप्रसाद घिमिरेले ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ पाउने र प्रतिवादी सिता वि.क. ले डाँका तथा ज्यान मार्ने उद्योगतर्फको दुवै कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१५०४, कर्तव्य ज्यान, नेपाल सरकार वि. अष्टभुजा शुक्लसमेत

ज्यान जस्तो जघन्य अपराधमा शङ्काकै भरमा कसुरदार कायम गर्न न्यायोचितसमेत हुँदैन। मौकामा कागज गर्ने वादी पक्षका साक्षी सोनमती कहरिनसमेतले मृतक र प्रतिवादी अष्टभुजा हितैसी साथी थिए। मृतकलाई को कसले मारे थाहा भएन भनी बकपत्र गरेको र मृतकका बाबु बिक्रम तिवारीले अदालतमा बकपत्र गर्दा वारदातस्थलमा पुग्दा अष्टभुजा शुक्ल चिल्लाई रहेका थिए, कसले गोली हानेको हो, मैले चिनिन भनेका थिए भनी लेखाएको देखिने।

मौकाको पोल पुष्टि गर्ने अन्य प्रमाण मिसिल संलग्न नरहेको अवस्थामा सहप्रतिवादीको पोलकै आधारमा मात्र प्रतिवादी श्रवणकुमार मौर्यलाई कसुरदार ठहर गर्नु न्यायको दृष्टिले समेत उचित ठहर्दैन। वस्तुनिष्ठ प्रमाणको अभावमा परिस्थितिजन्य प्रमाणको आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहऱ्याउन नमिल्ने र ज्यानजस्तो गम्भीर अपराधमा शङ्काको सुविधा प्रतिवादीले पाउने नै हुँदा प्रतिवादी श्रवणकुमार मौर्यको पृष्ठभूमि आपराधिक प्रकृतिको रहेको भन्ने आधारमा मात्र प्रस्तुत वारदातमा निजको संलग्नता रहेको भनी ठहर गर्नु मनासिब नदेखिने।

अतः विवेचित आधार कारणबाट प्रतिवादी अष्टभुजा शुक्ल र गुड्डु (शिवा) भन्ने श्रवणकुमार मौर्य (मुराउ) लाई कसुरदार ठहर गरेको सुरू फैसलालाई उल्टी गरी प्रतिवादीहरू अष्टभुजा शुक्ल र गुड्डु (शिवा) भन्ने श्रवणकुमार मौर्य (मुराउ) लाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।२।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१६६७, जबरजस्ती करणी, *दिनेश वादीसमेत वि. नेपाल सरकार*

पीडितको योनिमा Abrasion तथा निलडाम देखिएको, योनिको झिल्ली Hymen नभएको, यौन सम्पर्कको लक्षण देखिएको, निजको योनिमा Verginal Disdiarge देखिएको भन्ने सेती अञ्चल अस्पतालको मेडिकल रिपोर्टबाट मौकाको किटानी जाहेरी प्रतिवादीहरूको मौकाको कसुरप्रतिको साबिती बयान र पीडितले अदालतमा जाहेरी र परीक्षण प्रतिवेदनलाई समर्थन हुने गरी गरेको बकपत्र र मौकाको कागज बेहोरासमेत पुष्टि हुन आएको देखिने।

पुनरावेदक प्रतिवादी दिनेश, राजकुमार र कृष्ण भन्ने किसन वादीले आफ्नो साक्षी प्रमाण दाखिल गरी आफू निर्दोष भएको कुरा पुष्टिसमेत गराउन सकेका छैनन् । अनुसन्धानमा कागज गर्ने कोकिलादेवी जैशी, लक्ष्मीप्रसाद जैशी, कृपाराम जैशी, लालीदेवी तिमिल्सेनासमेतले यी प्रतिवादीहरूले हाम्रो घरमा चोरी गरेपछि पतिराम चौधरीको घरमा गई डाँका लुटपाट गरी अन्त्यमा रसिला चौधरीलाई सामूहिक बलात्कार गरेका हुन भनी बेहोरा लेखाइदिएबाट समेत यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने थप पुष्टि हुने।

मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरू कसुरदार रहेको भन्ने तथ्य पीडिताको योनि परीक्षण प्रतिवेदन जस्तो स्वतन्त्र प्रमाणबाट निर्विवाद ढंगबाट पुष्टि हुन आएको हुँदा यी प्रतिवादीहरूको पुनरावेदन जिकिर र निजका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन। अतः विवेचित आधार एवम् कारणबाट सुरू कैलाली जिल्ला अदालतको मिति २०६३।७।२६ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।१२।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-WO-०६२५, उत्प्रेषण / परमादेश, *जितबहादुर महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत*

ललितपुर जिल्ला अदालतले प्रतिवादी जितबहादुर महर्जनका नाममा जारी भएको म्याद सूचना मुलुकी ऐन, अ.बं. ११० नं. र जिल्ला अदालत, नियमावली, २०५२ को नियम २२क को प्रक्रिया पूरा गरेको तथ्य मिसिल संलग्न तामेली म्यादहरू र गोरखापत्रमा प्रकाशित सूचनाबाट देखिन्छ । म्याद तामेलीका सम्बन्धमा प्रचलित नेपाल कानूनले तोकेको प्रक्रियाहरू पूरा भएको अवस्थामा पनि प्रतिवादीले अदालतमा उपस्थित भई प्रतिवाद गरेको नदेखिँदा प्रतिवाद गर्ने पूर्ण मौका प्रदान गर्दा पनि आफ्नो हक संरक्षणको लागि आफू स्वयम् नै सजग नरही आफ्नो हकतर्फ उदासिन रहेको देखिएबाट स्वच्छ सुनुवाइको मौका प्राप्त नभएको भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । यसरी अदालतले पटकपटक म्याद जारी गरी बोलाउँदा नआउने र प्रतिउत्तरसमेत नफिराएको अवस्थामा यी निवेदकलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका प्रदान गरिएन तथा सुनुवाइको मौकाबाट वञ्चित गरी एकतर्फी रूपमा फैसला गरियो भनी अदालतबाट भएका उक्त फैसलाहरू बदर गरिपाउँ भन्ने तर्फको निवेदन जिकिर न्यायसङ्गत नदेखिने।

निवेदक प्रतिवादी जितबहादुर महर्जनले दाता रेणुका प्रधानबाट ललितपुर जिल्ला इमाडोल गा. वि. स. वडा नं. ७क को कि. न. १७६ को क्षेत्रफल १-९-०-० जग्गा मिति २०६०।९।७ मा राजीनामा पास गरी लिँदा उक्त जग्गामा बुद्धिमान महर्जन मोही रहेको तथ्य मिसिलबाट देखिन्छ। निवेदकले उक्त जग्गा राजीनामा पास गरी लिएपछि मिति २०६०।९।८ मा मोहीलाई क्षतिपूर्ति दिई भूमिसुधार कार्यालयमा मोही छोडपत्र

लगतकट्टा गरिएको भूमि सुधार कार्यालय, ललितपुरको मिति २०६०।९।८ को निर्णयबाट देखिएको छ । सो जग्गाका सम्बन्धमा पुनरावेदन अदालतबाट कि.न.१७६ को जग्गाको राजीनामाको लिखतको ५ भागको १ भाग लिखत बदर गरी वादीका नाममा दर्ता गरिदिने ठहर्‍याएको मिति २०६८।११।९ को फैसला कार्यान्वयन गर्दा यी निवेदक जितबहादुर महर्जनलाई समेत सहभागी नगराई उक्त फैसला कार्यान्वयन हुन गएमा निवेदकलाई मर्का पर्ने हुँदा फैसला कार्यान्वयनका क्रममा निवेदकलाई समेत सहभागी गराउनु पर्ने अवस्था देखिने।

अतः विवेचित आधार र कारणसमेतबाट निवेदकसमेत उपर ललितपुर जिल्ला अदालतमा परेको लिखत बदर मुद्दामा निवेदक प्रतिवादीलाई सुनुवाइको मौका प्रदान गरिएको देखिँदा फैसला बदर हुने गरी उत्प्रेषणको रिट जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा उत्प्रेषणतर्फको दाबी पुग्न नसकी खारेज हुने ठहर्छ । उक्त मुद्दामा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला कार्यान्वयन गर्दा निवेदकलाई समेत सहभागी गराई फैसला कार्यान्वयन गर्नु, गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल पुस १४ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७२-WO-०६२४, उत्प्रेषण / परमादेश, *जितबहादुर महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## एकल इजलास

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-१२२६, उत्प्रेषण / परमादेश, *डिना महर्जनसमेत वि. गोपाल महर्जनसमेत*

निवेदिकाका पति / पिता हरिगोविन्द महर्जन र कुमाचा भन्ने कुमार महर्जनले गोपाल महर्जनउपर ललितपुर जिल्ला अदालतमा अंश मुद्दा दिई फैसला अन्तिम भई सोको फैसला कार्यान्वयनमा समेत रिट निवेदिकाका पति।पिता हरिगोविन्द महर्जन सहभागी भई आफ्नो अंश भाग छुट्याई फैसलाअनुसार अलग भिन्न भई बसेको अवस्था देखिएको छ । सो फैसलासमेतका कामकारबाही बदर वातिल नभई कायम रहेसम्म विपक्षी कुमाचा भन्ने कुमार महर्जन र गोपाल महर्जन रिट निवेदिकाका पति / पिता हरिगोविन्द महर्जनका एकासगोलका अंशियार हुन् भनी मान्न मिल्ने देखिएन । तायदाती फाँटवारी लिनेगरी आदेश भएको कारणबाट निवेदिकालाई कुनै गम्भीर अन्याय भएको स्थिति देखाउन सकेको पनि देखिँदैन । यस स्थितिमा नियमित अदालतबाट भएको मुद्दासम्बन्धी काम कारबाही र आदेश रिट क्षेत्रबाट बदर गर्न उचित हुँदैन । नियमित प्रक्रियाबाट अदालतमा विचाराधीन मुद्दाहरूमा पुनरावेदन सुने जस्तो गरी रिट क्षेत्रबाट न्याय निरूपण गर्नु युक्तिसङ्गत नदेखिने।

अतः विवेचित आधार एवम् कारणहरूबाट तायदाती फाँटवारी माग गर्ने सम्बन्धमा भएको ललितपुर जिल्ला अदालतको मिति २०७३।८।१९ को आदेशलाई सदर गर्ने गरेको उच्च अदालत, पाटनको मिति २०७३।११।२६ को आदेश कानूनी त्रुटिपूर्ण रहेको देखिएन । सोबाट निवेदिकाको कुनै मौलिक हक अधिकारमा आघात परेको भनी मान्न मिल्नेसम्मको अवस्था विद्यमान रहेको नदेखिएको हुँदा गरे बिराएको (Prima facie case) नदेखिएकाले विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नु परेन । सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम ४६(१) बमोजिमको पूर्वावस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम्।